# अध्यायः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सिकाइ एक प्रक्रिया हो जसबाट व्यक्तिले ज्ञान प्राप्त गर्छ, जिवन चिन्छ, समाज बुझ्छ र जिउन सिक्छ । आजभन्दा करिब दुई सय वर्ष अगाडि जोन डिवेले शिक्षक, विद्यार्थी र समाज शिक्षाका तीन अभिन्न अङ्ग रहेको तथ्य वर्णन गरेको पाइन्छ । यी तीन अङ्गको त्रिकोणात्मक अन्तरक्रियाबाट मात्र शिक्षा गुणस्तरीय, व्यवहारीक र जीवनोपयोगी हुन सक्दछ (खनाल, २०६५, पृ.१३१) । शिक्षण सिकाइलाई मार्गदर्शन गर्ने महत्वपूर्ण हात शिक्षकको हुन्छ । शिक्षक नै त्यो शक्ति हो जसको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भावी सन्ततिहरुमाथि प्रभाव रहन्छ । विद्वान एच.जी. वेल्सले भनेका छन् 'शिक्षक इतिहासको वास्तविक निर्माता हो ।' जोन एडम्सको भनाइ छ, 'शिक्षक मनुष्यको निर्माता हो । शिक्षक योग्य, सक्षम, कुशल र अनुभवी हुनु जरुरी छ । यी गुणहरु भएको शिक्षकको अभावमा सार्वेत्तम शिक्षण प्रणाली नै असफल हुन सक्छ । जस्तो अंग्रेजीमा एउटा उखान छ -असल कलाकारको हातमा विग्रेको बाद्ययन्त्र पनि ठिकसँग बज्दछ (अधिकारी, २०६९, पृ. १) ।

शिक्षण गर्नु भनेको शिक्षार्थीमा आवश्यक ज्ञान, सीप तथा व्यवहारमा परिमार्जन गर्न विषयवस्तुको हस्तान्तरण गर्नु हो । विषयवस्तुको हस्तान्तरण रोचक र प्रभावकारी नभएमा सिकारु उत्प्रेरित हुदैनन् र शिक्षकको शिक्षण पनि अर्थहिन बन्न पुग्दछ । सिकारुहरुलाई उत्प्रेरित बनाउन उसका आवश्यकता, इच्छा, चाहना बुझ्नु आवश्यक हुन्छ (नेपाल सरकार,२०६७,पृ.९५) । मानव जातिको सर्वाङ्गीण विकास गरी उसलाई अधिकतम योग्य बनाउन हरेक क्षण कुनै न कुनै प्रकारको अभिप्रेरणा दिइरहनु पर्दछ । यसले मानिसलाई कुनै पनि किसिमको आवश्यकता पुरा गर्न गतिशील बनाउने कार्य गर्दछ जसले गर्दा उसले आफ्नो आवश्यकता पुरा गरी लक्ष्य प्राप्त गर्दछ (रेग्मी,२०६३,पृ.२५६) । यसरी सिकाइ प्रक्रिया प्रभावकारी रुपमा अगाडि बढाउनको लागि उत्प्रेरणाको ठूलो हात रहेको हुन्छ । उत्प्रेरणा त्यो तत्व हो जसले व्यक्तिलाई उत्साही, क्रियाशील, प्रयत्नरत बनाउन सहयोग गर्दछ । Chauhan, 2007 का अनुसार उत्प्रेरणा Latin भाषाको 'Moveers' बाट आएको हो । कुनै पनि कार्य वा विषयवस्तु सञ्चालन गर्न प्रेरित गर्नुलाई नै उत्प्रेरणा भनिन्छ ।

Petri, (1986) का अनुसार उत्प्रेरणा भनेको व्यवहारको दिशा हो । जब हामीलाई भोक लाग्छ हाम्रो व्यवहार प्रत्यक्ष रुपमा खानातर्फ मोडिन्छ । विद्वानहरुका अनुसार उत्प्रेरणालाई प्रत्यक्ष रुपमा मापन गर्न भने सकिदैन उत्प्रेरणा गतिशील हुन्छ । जस्तो वर्तमानमा उपस्थित भएको उत्प्रेरणालाई हामीले अनुभव गर्छौं, प्राप्त गर्छौं त्यसपश्चात वर्तमानमा अनुभव वा प्राप्त गरिएको उत्प्रेरणा शुन्य हुन्छ र त्यहा अर्को उत्प्रेरणा क्रियाशिल भइहाल्छ ।

Ready, (2006) का अनुसार प्रत्येक मानवीय व्यवहार उत्प्रेरीत भएको हुन्छ । उत्प्रेरणा विना एक पाइला पनि अगाडी बढ्न सकिदैन । अर्को अर्थमा भन्दा मानवीय व्यवहार केही न केही प्रेरकहरुबाट नियन्त्रित भएको हुन्छ । शिक्षकले पनि उसको शिक्षणलाई प्रभावकारी बनाउन उत्प्रेरणाको वारेमा उपयुक्त ज्ञान हुन जरुरी छ जसले सिकाइलाई प्रभाव पार्छ । सिकाइ एउटा व्यवहार नै हो जुन आवश्यकता प्राप्त गर्ने वा पूर्णता प्राप्त गर्ने चाहनामा उत्साही भएको वा उत्तेजित भएको हुन्छ । त्यस्तैगरी सिकाइ उद्देश्य केन्द्रित क्रियाकलापमा पनि आधारित भएको हुन्छ । यसलाई सफल पार्न योगदान गर्ने तत्वहरुमा वातावरण, सिकारुको मानसिक अवस्था र शिक्षकको सीप रहेको हुन्छ । त्यसैले पनि शिक्षण सिकाइलाई प्रभावकारी र विद्यार्थीको रुची र आवश्यकता अनुरुप बनाउन शिक्षकसँग उत्प्रेरणाको उपयुक्त ज्ञान हुन आवश्यक छ । मनोविज्ञान वा शिक्षण सिकाइमा उत्प्रेरणा एउटा अत्यन्त मोहित पार्ने र महत्वपूर्ण तत्व हो । यदि हामीले कुनै पनि बालकको उत्प्रेरणाहरु थाहा पाउछौं भने हामीले उसको भविष्यको व्यवहार पनि थाहा पाउछौं वा अनुमान गर्न सक्छौं । उत्प्रेरणा एउटा गतिशील शक्ति हो जसले बालकलाई कुनै पनि कार्य गर्न विवश पार्छ वा शक्ति प्रदान गर्छ । उत्प्रेरणा दृढ प्रयन्त वा अभ्याससँग सम्बन्धित छ जसले व्यक्तिलाई क्रियाशील बनाइ राख्छ जबसम्म सन्तुष्टी प्राप्त गर्दैन । उत्प्रेरणा व्यक्तिको क्रियाकलापसँग मात्र सम्बन्धित नभएर उसको विशिष्ट उद्देश्य तिर पनि प्रत्यक्ष रुपमा क्रियाशिल हुन्छ ।

Bernard, (1997) का अनुसार उत्प्रेरणा रुची वा इच्छालाई उत्तेजित गराउने, रक्षा गर्ने र नियन्त्रण गराउने प्रक्रिया हो । यदि हामीले ठिकसँग प्रेरणाको बारेमा बुझ्ने हो भने हामीले जान्नुपर्छ किन बच्चाले कुनै पनि वस्तु प्रति इच्छा वा रुची राख्यो । जस्तै केटाहरु फुटबल खेल्न र गणितका समस्याहरु समाधान गर्न र केटीहरु विशेषगरी इतिहासका कितावहरु पढ्न र गफ गर्न रुचाउछन । यस किसिमको व्यक्तिहरुको इच्छा र रुचीहरु हुनुको कारण खोज्नको लागि पनि उनीहरुको उत्प्रेरणाको अध्ययन नै गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइमा उत्प्रेरणाको स्थान महत्वपूर्ण हुन्छ । समाजमा प्रत्येक बालबालिकाहरुको शिक्षण सिकाइको लागि निर्देशनको तरिका वा कला र उत्प्रेरणाको अध्ययन महत्वपूर्ण हुन्छ । एउटा असल शिक्षकको सफलता भनेको विस्तृत ज्ञान र सक्षमताका साथ आत्मनिर्भर भएर प्रभावकारी रुपमा बालबालिकाहरुलाई सिकाइमा उत्प्रेरित गराउनु हो । प्रत्येक बालबालीकाहरु प्राय गरी निश्चित लक्ष्य मस्तिष्कमा लिएर विद्यालयमा प्रवेश गर्दछन् । निश्चित लक्ष्यहरु प्राप्त गर्न उत्प्रेरित भएर विद्यालयमा प्रवेश गर्दछन् । तर शिक्षकमा उत्प्रेरणामा समावेश हुने आधारभुत तत्वहरुको ज्ञान नभएमा ती लक्ष्यहरु पुरा हुन सक्ने संभावना न्यून हुन्छ ।

Mangal, (2010) का अनुसार सामान्यतया विशिष्ट लक्ष्य र उद्देश्य प्राप्तिका लागि निश्चित समयमा, निश्चित बस्तु वा पदार्थहरुमाथि व्यक्तिको व्यवहार र कलालाई विचार गरी उत्प्रेरणाले व्यक्तिलाई कुनै पनि कार्य गर्न ध्यानकर्षण गराउछ, विवश पार्छ र शत्ति प्रदान गराउछ । उत्प्रेरणाका क्रियाशील शक्तिहरुमा इच्छा, अन्तरइच्छा र प्रेरक पर्दछन् । यहाँ खाना एक

आवश्यकता हो भने खानाको प्रेरक भोक हो र भोक मानिसको अन्तरइच्छा हो । यही अन्तरइच्छाले व्यत्तिलाई भोकलाग्छ र खानाको खोजी गर्छ । व्यक्तिको व्यवहारहरु लक्ष्यतर्फ प्रेरित हुन अन्तरइच्छा, आवश्यकता र प्रोत्साहनको आवश्यकता पर्दछ ।

रेग्मी, (१९९४) का अनुसार, उत्प्रेरणा सिकाइको मुटु हो । शिक्षकले सिकारुको उत्सुकताको स्तर र वास्तविक लक्ष्यलाई सफल बनाइ राख्न सहयोग गर्दछ । त्यस्तै शिक्षकले सहि क्रियाकलापद्वारा सिकारुको परिणाम प्रति उपयुक्त सल्लाह र सुझाव प्रदान गर्दछ र सिकारु विभिन्न कार्यहरुमा सहभागी हुने अवसर पाइ सिक्नका लागि उत्प्रेरित हुन्छ ।

बालबालिकाहरुलाई शिक्षकले आफूले पढाउने विषयवस्तुसँग आकर्षण गर्न सक्नुपर्दछ । कक्षामा शिक्षकले सिकाउनुभन्दा पहिले बालबालिकाहरुलाई सिकाइप्रति प्रेरणा जगाउनु अति आवश्यक हुन्छ । उत्प्रेरणा सम्पूर्ण सिकाइको आधार हो । जसको अभावमा शिक्षण अन्धो हुन्छ अनि सिकाइ अपाङ्ग बन्दछ । कक्षामा उत्प्रेरणा उत्पन्न गर्नको लागि विभिन्न उपायहरु अबलम्बन गरी शिक्षणलाई प्रभावकारी बनाउन सक्नुपर्दछ (गौतम, २०५३, पृ. ४९) । कक्षाकोठामा पढ्नका लागि बसेका विद्यार्थीहरु विभिन्न कारणले पढ्न तयारी नहुन सक्छन् । उनीहरुलाई विभिन्न शारीरिक वा मानसिक कारणले दिक्दारी वा थकान महसुस भइरहेको हुन सक्छ । त्यस्तो अवस्थामा विद्यार्थीको शारीरिक, मानसिक अवस्था पहिचान गरेर उपयुक्त किसिमको अभिप्रेरणा प्रदान गर्न सकेमा विद्यार्थीहरुमा उत्साह र उर्जा प्राप्त भइ सिकाइप्रति क्रियाशील हुन सक्छन् । मनोवैज्ञानिकहरुले अभिप्रेरणालाई सिकाइको फराकिलो राजमार्ग भन्ने गर्दछन् । त्यसैले एउटा असल शिक्षकले कक्षाकोठामा अभिप्रेरणा सधैं प्रयोग गर्नु पर्दछ । शिक्षण सिकाइमा शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पेशाप्रती इमान्दारी र तालिमप्राप्त अनि अनुभवी शिक्षकले जस्तोसुकै विषयभएपनि विद्यार्थीमा रहेका अनेकप्रकारका अभिप्रेरणालाई जागृत गरेर सिकाइ प्रक्रियालाई उपलब्धिमूलक बनाइ विद्यार्थीलाई लक्ष्यमा पुऱ्याउदछन् (रेग्मी, २०६३, पृ. २६१) ।

एउटा सफल कलाकाररुपी शिक्षक कक्षाकोठामा प्रवेश गर्ने वित्तिकै उपयुत्त किसिमको शैक्षिक वातावरण सृजना गर्ने हुन्छ । यसका लागि उसले शैक्षणिक उद्देश्यको निर्धारण, शैक्षिक सामाग्रीको व्यवस्था, उपयुक्त शैक्षिक क्रियाकलाप, उपयुत्त मूल्याङ्कन पद्दति सिकारुको आवश्यकता रुची जिज्ञासालाई समेटी आवश्यकता अनुसार पृष्ठपोषण, पुनर्वल दिइ समस्या समाधान गर्दै शिक्षण प्रभावकारी बनाउनु पर्दछ । विद्यार्थीहरुलाई रुचीपूर्ण सिकाइ गर्दै सन्तुष्टि प्रदान गर्ने गहन भूमिका एक, कुशल, दक्ष, निपुण र अनुभवी शिक्षकको हुन्छ । शिक्षकको यस्तो भुमिकाले सिकाइ कार्यमा महत्वपूर्ण उत्प्रेरणा प्रदान गरीरहेको हुन्छ (श्रेष्ठ, तामाङ, बस्न्यात, २०६७, पृ. १९७) । प्रेरणाको अभावमा शिक्षकले विद्यार्थीको ध्यान एवं रुचिलाई शिक्षण प्रति केन्द्रित गर्न सक्दैन । कक्षा शिक्षण प्रभावकारी बनाउन, अनुशासन कायम गराउनु र असामाजिक कार्यहरु हटाउनु पनि उत्तिकै आवश्यक हुन्छ । यसका लागि पनि शिक्षकले प्रेरणाको प्रयोग गर्नुपर्छ । विद्यार्थीलाई सिकाइप्रति निरन्तर प्रेरित गराइराख्न सामान्य कुरा होइन । यसका लागि शिक्षकले विद्यार्थीको इच्छा, आवश्यकता, रुचि, व्यवहार आदिको अध्ययन गरी उपयुक्त वातावरणको निर्माण गर्न सक्नुपर्दछ । अहिलेको आधुनिक विश्वमा त विद्यार्थीको रुची इच्छा र आवश्यकता विपरितको शिक्षणको

कल्पना पनि गर्न सकिदैन ।अत शिक्षकले यी सबै कार्यको लागि पनि प्रेरणाको प्रयोग गर्नु पर्छ (शर्मा एण्ड शर्मा, २०६५, पृ. २२६) ।

अस्तित्वको गतिशील सिद्धान्त हो जीवन (ह्युवर्ड, १९९९) । जीवन र प रिवर्तनको मूख्य आधार शिक्षा हो । शिक्षाले राखेको मानिसको सार्वाङ्गीर्ण विकास र गुणस्तर वृद्धिको लक्ष्य पुरा गर्न एवम् उसलाई योग्य र दक्ष बनाउन हरेक क्षणमा प्रेरणाको आवश्यकता पर्दछ । मानिसका आवश्यकता पूरा गर्न गतिशील बनाउने तत्व प्रेरणा हो जो जीव भित्र नै हुन्छ । यो एक मानवीय तत्व हो । जसको अभावमा हाम्रो लक्ष्य वा शिक्षण सिकाइ प्रभावकारी बन्न सक्दैन । व्यक्तिलाई बनिबनाउ बिकल्प उपलब्ध गराउनु नभएर स्वतन्त्र रुपले निर्णय गर्ने क्षमताको क्रमिक विकासमा उत्साहित र उत्प्रेरित गराउन उत्प्रेरणाको आवश्यता पर्दछ । काममा अभिप्रेरित गर्नु भनेको वर्तमान कार्यसम्पादनमा उत्कृष्तता हाँसिल गर्नु तथा मनोबल बढाउनु हो । पाँचौ शताब्दीका ग्रीक दार्शनिक लिउकीपस को भनाइ अनुसार प्रत्येक कुरा आवश्यकताले प्रेरित हुन्छ । युगौदेखी सिद्धान्त निर्माण गर्दा मुलभाव रहेको छ  प्रेरणा । व्यक्तिलाई कुनै आवश्यकता पुरा गर्न क्रियाशील वा गतिशील बनाउने तत्व प्रेरणा नै हो । उत्प्रेरणा एउटा यस्तो प्रेरक शक्ति हो जसले हाम्रो कार्य र भावनामा जोश भर्ने काम गर्दछ  (पुरुषोत्तम,  २००६) का अनुसार यो धेरै शत्तिशाली हुन्छ जसले हाम्रो मनमा सन्देहलाई हटाएर प्रेरित र गतिशील बनाउछ (पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण, २०६६, पृ. ८२) ।

यसरी समग्रमा उत्प्रेरणा एउटा आन्तरिक शक्ति हो, कुनै पनि काम गर्ने कारक नै प्रेरणा हो । प्रेरणा धेरै शत्तिशाली हुन्छ जसले व्यक्तिलाई गतिशील बनाउछ । शिक्षण सिकाइको क्रममा प्रेरणा एक महत्वपूर्ण तत्व हो जसले प्रत्यक्ष रुपमा सिकाइलाई प्रभाव पार्दछ । शिक्षकले कक्षाकोठामा वा शिक्षणको समयमा उपयुक्त प्रेरणाको प्रयोग गरी शिक्षण गराउनु आजको अपरिहार्य आवश्यकता भएको छ । विद्यालय तहको शिक्षण क्रियाकलापहरुमा के-कस्ता उत्प्रेरणाहरुको प्रयोग गरी शिक्षण गराइन्छ र उत्प्रेरणाको प्रयोगमा के-कस्ता समस्याहरु सिर्जना हुने गर्दछन र त्यसलाई के कसरी समाधान गरी शिक्षण गर्ने गरीन्छ पत्ता लगाउने प्रयास यस अध्ययनमा गरीएको छ ।

## १.२ समस्याको कथन

शिक्षण सिकाइका लागि विद्यालय तह एकदमै महत्वपूर्ण रुपमा रहेको हुन्छ । विद्यालय तहबाट नै भबिष्यको आधार तय हुने हुनाले पनि यस तहलाई महत्वपूर्ण रुपमा लिइन्छ । विद्यालय तह जिवनकै आधार स्तम्भको शिक्षा दिइने तह हो । विद्यालय तहको शिक्षा गुणस्तरीय र प्रभावकारी हुन सक्यो भने मात्र उच्च शिक्षा पनि गुणस्तरीय र प्रभावकारी भइ देशलाई आवश्यक दक्ष जनशक्तिको निर्माण हुन्छ ।

ब्यक्तिलाई कुनै पनि कार्यमा लाग्न र उद्देश्य पुरा नभएसम्म दृढताकासाथ अगाडी बढ्न उत्प्रेरणाले उत्साहित गर्छ । जब हामी कुनै कार्यमा लाग्छौ त्यसका पछाडी कुनै न कुनै प्रेरक अवश्य हुन्छ । शिक्षण सिकाइमा पनि उत्प्रेरणा जगाउन सकिएन भने प्रभावकारी शिक्षण हुदैन । त्यसैले सिकाइमा उत्प्रेरणाको स्थान महत्वपूर्ण हुन्छ (प्रखेल, २०६४,पृ.१९०) । कक्षामा शिक्षकले सिकाउनु भन्दा पहिले विद्यार्थीहरुलाई सिकाइप्रति प्रेरणा जगाउनु अति आवश्यक हुन्छ । उत्प्रेरणा सम्पुर्ण सिकाइको आधार हो । बालबालीकाहरुमा उत्सुकता, चाहना तथा हौसला बढाउन सकेमा त्यसको प्रत्यक्ष प्रभाव सिकाइमा पर्दछ र बालबालीकाले कठिन विषयवस्तुलाई पनि सिक्न सक्दछ (गौतम,,२०५३,पृ.४९) । उत्प्रेरणालाई सिकाइको फराकिलो

राजमार्गको रुपमा लिइन्छ (रेग्मी,२०६३, पृ. २६१) । तसर्थ उत्प्रेरणालाई कक्षाकोठामा उपयोग गरी सिकाइ गरेमा मात्र सिकाइ फलदायी हुन सक्छ ।

विद्यार्थीहरु सिकाइमा उत्प्ररित हुनका लागी बालमैत्री र विद्यार्थीकेन्द्रित शिक्षण क्रियाकलापहरुको आवश्यकता पर्दछ । प्रगतिवादका अनुसार शिक्षा बालकेन्द्रित हुनुपर्दछ, शिक्षा बालकले चाहेअनुरुपको हुनुपर्दछ । शिक्षा जबसम्म बाल क्रियाकलापमा आधारित हुदैन तबसम्म यसले बालकको सर्वाङ्गीण विकास गराउन सक्दैन (शर्मा र अन्य, २०६७,पृ.६३) । बालकेन्द्रित शिक्षण क्रियाकलापहरु संचालन गराइ विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउनको लागी कक्षा, विषय र विद्यार्थीहरुको रुची अनुसारको शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधिको प्रयोग, नवीन विषयवस्तुहरुको प्रयोग, पुरस्कार र दण्डको प्रयोग, मनोरञ्जनात्मक वातावरणको निर्माण, सिकाइमा प्रतिस्पर्धा र सहयोग, सिकाइमा विद्यार्थीहरुको सहभागिता, शिक्षण सिकाइमा उपलब्धिको मापन गरी उचीत पृष्ठपोषण, विद्यार्थीहरुको रुची क्षमता र स्तरअनुसारको शिक्षण जस्ता क्रियाकलापहरुबाट शिक्षण गराउनु आवश्यक हुन्छ । यसरी बालबालिकाहरुलाई माथी उल्लेखित क्रियाकलापहरु संचालन गरी शिक्षण गराउनको लागी विद्यालय भौतिक, आर्थीक, शैक्षिक र सामाजिक रुपमा सक्षम त्यस्तै शिक्षकहरु विषयवस्तुमा दक्ष, अनुभवी, तालीमप्राप्त र उचित शिक्षण कौशल भएको र विद्यार्थीहरु पनि सिकाइमा लगनशील हुनु जरुरी हुन्छ । यी कुराहरुको अभावमा विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउन सकिदैन । उक्त कुराहरुलाई ख्याल गर्दै शिक्षण गराउनु निकै नै कठिन र चुनौतिपुर्ण हुन्छ । कतिपय अवस्थामा भने स्रोत र साधनहरु हुदाहुदै पनि सम्बन्धित व्यक्ति र निकायहरुको लापरवाहीले गर्दा विद्यार्थीहरुको सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ । यस्ता विविध कारणहरुले विद्यार्थीहरु सिकाइमा पुर्णत उत्प्रेरित नभइ शिक्षण भएमा सिकाइमा विभिन्न समस्याहरु उत्पन्न हुने गर्दछ । जस्तै विद्यार्थीहरुको उत्तीर्णदर कम हुनु, कक्षा र तहअनुसार विद्यार्थीहरु विषयवस्तुमा कमजोर हुनु, केही कुरा जान्ने भन्दा पनि कक्षा उत्तीर्ण भइ प्रमाण पत्र हातमा लिने प्रवृत्तिको विकास हुनु, पास हुनका लागी परीक्षामा चीठ चोर्ने प्रवित्तिको विकास हुनु जस्ता समस्याहरु विद्यमान रहिरहन्छ । सही रुपमा विद्यालयमा उत्प्रेरणाको प्रयोग नगरी शिक्षण सिकाइ गराएमा यस्ता समस्याहरु अझ बढ्ने गर्दछ । यसका लागी विद्यार्थीहरुलाई पुर्णरुपमा आफैनै प्रेरित भइ सक्रिय रुपमा सिकाइ कार्यमा सहभागी हुन उत्प्रेरणाले सहयोग गर्दछ । विद्यालय तहमा विद्यार्थीहरुको विविधतालाई ध्यान दिइ उनीहरुको रुची, चाहना र इच्छा अनुसार सही रुपमा उत्प्रेरणाको प्रयोग गरी शिक्षण गराउनु ज्यादै कठिन र चुनौतिपुर्ण कार्य हो र शिक्षण सिकाइमा सही रुपमा उत्प्रेरणाको प्रयोग गर्न नसक्नु नै प्रमुख समस्याको रुपमा रहेको छ ।

विद्यालय तहमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकले उत्प्रेरणाको प्रयोग के कसरी गर्ने गरेका छन् ? विद्यार्थीहरुलाई उत्प्रेरणा जगाउन के कस्ता प्रयासहरु गर्दछन् ? के कति मात्रामा उत्प्रेरणाको प्रयोग गरिन्छ ? उत्प्रेरणाको प्रयोगमा सामना गर्नु परेका कठिनाइ र समस्याहरु के के छन् ? कठिनाइ र समस्याहरुको समाधानको खोजी के कसरी गर्दछन् ? विद्यालय तहको शिक्षण सिकाइमा यो एक गहन विषय हो । जसको उत्तर खोज, अनुसन्धानबाट पत्ता लगाउन सकिन्छ । त्यसैले विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा शीर्षकलाई यस अध्ययनमा समस्याको रुपमा उठान गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्यको लागि निश्चित उद्देश्यहरुको निर्धारण गरिएको हुन्छ । उद्देश्यले कार्यको बाटो निर्धारण गर्दछ । यस अध्ययन सम्पन्न गर्न निम्नानुसारको उद्देश्य निर्धारण गरिएको थियो ।

क. विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणाहरु पत्ता लगाउनु ।

ख. विद्यालय तहमा उत्प्रेरणा प्रयोग गर्दा देखापर्ने समस्याहरुको विश्लेषण गर्नु ।

ग. विद्यालय तहमा उत्प्रेरणा प्रयोग गर्दा देखा पर्ने समस्या समाधानका उपायहरु खोजी गर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्न

अध्ययनलाई सम्पन्न गर्नका लागि निम्नअनुसारको अनुसन्धानात्मक प्रश्नहरुमा केन्द्रीत रही अध्ययन कार्यलाई सम्पन्न गरिएको थियो ।

- कक्षाकोठाको शिक्षणमा प्रयोग गरीने उत्प्रेरणाहरु के-के हुन् ?
- के कस्ता क्रियाकलापहरु संचालन गरेर विद्याथीहरुलाई उत्प्रेरित गराइन्छ ?
- उत्प्रेरणाको प्रयोगले शिक्षण सिकाइलाई कसरी उपलब्धीमूलक बनाउछ ?
- कक्षाकोठामा उत्प्रेरणा बढाउन के कस्ता क्रियाकलापहरु गर्ने गरिन्छ ?
- विद्यार्थीहरुको रुची र आवश्यकता अनुरुपको उत्प्रेरणा प्रयोगको अवस्था कस्तो छ ?
- उत्प्रेरणाको प्रयोग गर्दा देखापर्ने समस्याहरु के के हुन् ?
- के कस्ता तत्वहरुले उत्प्रेरणाको प्रयोगमा असर पुऱ्याउदछन् ?
- विद्यार्थीको मनोविज्ञान, पाठ र विषयवस्तुअनुसार विद्यार्थीहरुलाई उत्प्रेरित गराउने शिक्षकको कला के कस्तो हुनु पर्छ ?
- उत्प्रेरणा प्रयोग गर्दा आइपर्ने समस्याहरु समाधानका उपायहरु के के हुन ?

## १.५ अध्ययनको औचित्य

हरेक अध्ययनको आफ्नै महत्व रहेको हुन्छ । विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा पनि एक महत्वपूर्ण अध्ययन हो । यस अध्ययनले विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणाहरु र प्रयोग गर्दा देखापर्ने समस्याहरुको बारेमा तथ्यपरक जानकारीहरु प्राप्त गर्न सहयोग गर्दछ । यसरी यस अध्ययनले यससँग सरोकार राख्ने विभिन्न व्यक्ति वा सरोकारवालाहरुलाई निम्न कुरामा सहयोग गर्दछ ।

- विद्यालय तहमा शिक्षकले के कस्ता उत्प्रेरणाहरु प्रयोग गर्दछन सो वारे जानकारी प्रदान गर्नेछ ।
- उत्प्रेरणाको प्रयोगले के कसरी शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन सहयोग गर्दछ भन्नेवारे जानकारी प्रदान गर्नेछ ।
- शिक्षकले कक्षाकोठामा उत्प्रेरणा बढाउन के कस्ता क्रियाकलापहरु गर्नु पर्दछ जानकारी हाँसिल गरी प्रभावकारी शिक्षणको लागि सहयोग गर्नेछ ।
- उत्प्रेरणा प्रयोग गर्दा देखा पर्ने समस्याहरुबारे जानकारी प्राप्त गरी उक्त समस्याहरुलाई के कसरी समाधान गर्ने भनेर जानकारी हासिल गराउने छ ।

- विद्यार्थीको मनोविज्ञान, पाठ र विषयवस्तु अनुसार विद्यार्थीहरुलाई उत्प्रेरित गर्ने शिक्षकको कला र कौशलवारे जानकारी प्राप्त गर्न सहयोग गर्नेछ ।
- विद्यालय तहमा शिक्षकले प्रयोग गेको उत्प्रेरणा बारेमा अध्ययन गर्ने अनुसन्धान कार्ताहरुको लागि आधारको रुपमा सहयोग गर्नेछ ।

## १.६ अध्ययनको सीमितता/परीसीमा

यस अध्ययनलाई सम्पन्न गर्न सीमित स्रोत साधन र समयलाई मध्यनजर गरी पुरा गरिनेछ । यस अध्ययनको लागि निम्नानुसारको सीमा निर्धारण गरिएको थियो ।

- यो अध्ययन विद्यालय तहको शिक्षकले प्रयोग गरेको उत्प्रेरणासँग सम्बन्धित भएकाले यो विद्यालय तहमा मात्र सीमीत रहेको थियो ।
- यो अध्ययन कक्षा १ देखी कक्षा १० सम्म शिक्षकले प्रयोग गरेको उत्प्रेरणाहरु सँग मात्र सम्बन्धित रहेको थियो ।
- यस अध्ययनमा सुचना संकलनका साधनहरुलाई स्तरीकरण गर्न नसकिएकोले अस्तरीकृत साधनहरुलाई मात्र प्रयोग गरिएको थियो ।
- यस अध्ययनलाई समय स्रोत र साधनलाई ध्यानमा राखी संखुवा सभा जिल्ला जलजला गा.वि.स. वडा नं. ८ को एउटा विद्यालय श्री जलजला माध्यमिक विद्यालय विहिवारेमा मात्र सिमित गरीएको थियो ।

# अध्यायः दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धानलाई प्रभावकारी, व्यवहारिक, वैज्ञानिक बनाउन अनुसन्धानको समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धान कर्ताको सम्बन्धित विषयको ज्ञान क्षेत्रलाई फराकिलो बनाउनको लागि सम्बन्धित साहित्यको पुनरावलोकन गरिनु पर्दछ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

कुनैपनि अध्ययनलाई सहि बाटोमा अगाडी बढाउन त्यस अध्ययनसँग सम्बन्धित सिद्धान्तलाई आधारको रुपमा लिनुपर्दछ । यस अन्तर्गत उत्प्रेरणाका विभिन्न सिद्धान्तहरुमध्ये मास्लोको प्रेरणाको सिद्धान्त, उत्प्रेरणाको मनोविश्लेषणात्मक सिद्धान्त, उत्प्रेरणाको सिकाइ सम्बन्धि सिद्धान्त र उत्प्रेरणा र सिकाइको ज्ञानात्मक सिद्धान्तलाई निम्नानुसार अध्ययन गरिएको थियो ।

### २.२.१ मास्लोको प्रेरणाको सिद्धान्त

मास्लोको सिद्धान्त मानवतावादी सिद्धान्त हो । मानवतावदी सिद्धान्तलाई मानव विकासको क्रममा महत्वपूर्ण सिद्धान्तको रुपमा लिइन्छ । मास्लोको अभिप्रेरणासम्बन्धी सिद्धान्त (Maslow's theory of motivation) लाई आवश्यकतामा आधारित सिद्धान्त पनि भनिन्छ । आवश्यकता विना मानिसले कुनै काम गर्न क्रियाशील हुन सक्दैन । मानिसमा प्रसस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् त्यसको प्राप्ति पश्चात पनि अन्य थप इच्छा, आवश्यकता र चाहना भैरहन्छ । Frandson (1967) को शैक्षणिक मनोविज्ञानमा उल्लेख भए अनुसार मास्लोका अनुसार मानिसको उत्प्रेरणा श्रेणीवद्धहरुमा आउछ, जस्तैः

- शारीरिक आवश्यकताहरु
- सुरक्षात्मक आवश्यकताहरु
- प्रेम वा अपनत्वसम्बन्धी आवश्यकताहरु
- आत्मसम्मान आवश्यकताहरु
- आत्मयथार्थीकरणको आवश्यकताहरु

श्रेणीवद्धरुपमा तल्लो वा निम्नस्तरको आवश्यकताबाट उच्चस्तरको आवश्यकतामा मानिस उत्प्रेरित हुने गर्दछ । त्यो उच्च स्तरको आवश्यकताबाट मानिसले सन्तुष्टि प्राप्त गर्दछ र त्यो सन्तुष्टि आत्मयथार्थीकरण बाट प्राप्त हुन्छ ।

आत्मयथार्थीकरणको सिद्धान्त Abraham Maslow ले प्रतिपादन गरेका थिए । मानिसका श्रेणीवद्ध आवश्यकताहरु निम्न देखी उच्च तहमा विकास भएर एक आपसमा अर्न्तसम्बन्धित भइ सन्तुष्टि प्राप्त गर्दछन् । (Mangal, 2010, p. 151) मानव विकासको क्रममा मानवतावादी सिद्धान्तको भुमिकालाई

महत्वपूर्ण मानिन्छ । मनोविज्ञानका प्राध्यापक Abraham Maslow ले यस मानवतावादी धारणाको व्याख्या गर्दै नयाँ सिद्धान्त प्रतिपादन गरेकाले यस सिद्धान्तलाई Maslow's theory भनिएको हो ।

मानवीय व्यवहारलाई उत्प्रेरित गर्ने सन्दर्भमा मास्लोले पुरातनवादी दुःख, पिडा हटाउनु, तनाव कम गर्नु र सुखको खोजी गर्नुलाई मुख्य स्रोतको रुपमा उल्लेख गरेका छन् । उनले मानवीय आवश्यकताहरु श्रेणीवद्धरुपमा रहेका हुन्छन् भनी बारम्बार  सिद्ध गरेका छन् । जब एउटा सामान्य प्रकारको आवश्कता पुरा हुन्छ त्यसपछी उच्च श्रेणीको आवश्यकता सृजना हुन्छ र जीवनमा क्रियाशील रहन्छ (Chauhan, 2007, p. 213) । एउटा आवश्यकता पुरा भएपछि त्यही आवश्यकता लामो समय सम्म रहदैन । एउटा आवश्यकताको सन्तुष्टीले व्यक्तिलाई अन्य आवश्यकताहरुको सन्तुष्टीको लागि प्रयास गर्न प्रेरित गर्दछ । कुनैपनि व्यक्तिको व्यवहारलाई उत्प्रेरित गर्दा सन्तुष्टी प्राप्त भइसकेको आवश्यकताले सधै उत्प्रेरित गराउदैन तर व्यक्तिलाई उसको सन्तुष्टी प्राप्त नभएको, चाहना, इच्छाहरु र आवश्यकताहरुले उत्प्रेरित गराउदछ (Mangal, 2010, p. 151) ।


Chauhan, (2007) का अनुसार मास्लोले आवश्यकताहरुलाई पनि दुई भागमा वर्गीकरण गरेका छन् ।

क.	कमी/अभाव आवश्यकताहरु

ख.	वृद्धि आवश्यकताहरु

कमी वा अभाव आवश्यकताहरुमा भोक, तिर्खा जस्ता शारीरिक आवश्यकताहरु पर्दछन् । जब यस्ता आवश्यकताहरु पुरा हुन्छन् व्यक्तिले सुरक्षाको अवाश्यकताहरुको खोजी गर्दछ । प्रेम वा अपनत्व र आत्मसम्मानको आवश्यकता जस्ता आवश्यकताहरु पहिलो वर्गीकरणको चरणमा पर्दछन् । त्यस्तै दोस्रो वर्गीकरणमा एउटैमात्र साधारण आवश्यकता पर्दछ जसलाई आत्मयथार्थीकरण भनिन्छ । मास्लोका अनुसार प्रत्येक व्यक्तिहरु एक आपसमा फरकफरक हुन्छन् जसलाई हामीले सहयोग गर्नु र उत्साही बनाउनु पर्छ । मास्लो अन्य मनोवैज्ञानिकहरुको भनाइ जस्तो : मानिस स्वार्थी हुन्छ, दुष्ट हुन्छ र असामाजिक हुन्छ भन्ने कुराको आलोचना गर्छन । मास्लो विश्वास गर्छन की मानिसमा मानवीयपनका मात्राहरु, तहहरु फरक फरक हुन्छन् र यीनै फरक फरक मात्राहरु वा तहहरुका आधारमा क्रमैसँग क्षमता र प्राथमिकताको आधारमा आवश्यकताहरुलाई त्यसको संरचना अनुसार विचार गर्दै व्यक्ति आत्मयथार्थीकरणमा पुग्दछ ।

मानव उत्प्रेरणालाई बुझ्नका लाग मास्लोले आवश्यकताहरुको श्रेणीलाई निम्नदेखि उच्चस्तरको तहमा विकास गरेका छन् । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।




स्रोत : (Mangal, 2010,p.151)

### i. शारीरिक आवश्यकताहरु

व्यक्तिलाई आत्मयथार्थीकरण बनाउन कम महत्वका तर मानवीय जीवनका सबैभन्दा शक्तिशाली आवश्यकता शारिरिक आवश्यकताहरु हुन् । जब मानीस उसका शारीरिकआवश्यकता पुर्तिबाट लामो समयसम्म बञ्चित रहन्छ भने उसमा अन्य तहका आवश्यकताहरुको उत्पति नहुन सक्छ । तल्लो तहका अति आवश्यक आवश्यकताहरुको पुर्ति भनेको आवश्यकताहरुको सन्तुष्टि हुनु हो । यसले व्यक्तिलाई माथिल्लो तहको आवश्यकताको खोजीमा क्रियाशील गराउछ (Maslow, 2003, p. 15) । Need-gratification बालबालिकाहरुलाई विभिन्न कार्य गराउनका लागि उत्प्रेरित गराउने एउटा असल साधन हो (Chauhan, 2007, p. 214) ।

### ii. सुरक्षात्मक आवश्यकताहरु

यदि शारीरिक आवश्यकताबाट सन्तुष्टी प्राप्त गरिन्छ भने आवशयकताहरुको अर्को नयाँ श्रेणी सुरक्षाको आवश्यकता प्रकट हुन्छ वा स्थापित हुन्छ । सुरक्षाका आवश्यकताहरु अति महत्वपूर्ण हुन्छन् । सुरक्षाको आवश्यकताको तुलनामा अन्य आवश्यकताहरु कम महत्वपूर्ण मानिन्छन् । मास्लोका अनुसार

स्वास्थ्य र संमृद्ध वयस्क सुरक्षात्मक रुपमा सबै पक्षहरुमा धेरै नै सन्तुष्ट हुन्छ । त्यसैले सबै पक्षहरुबाट सन्तुष्टी प्राप्त गर्न सुरक्षात्मक आवश्यकताहरु एउटा क्रियाशील उत्प्रेरकको रुपमा रहेको हुन्छ । जस्तै शान्ती प्राप्त गर्न, समाजमा सुरक्षीत रहन, जंगली जनावरहरुबाट बच्न, हिंसाहत्या बाट बच्न, अत्यन्त चिसो र तातो तापक्रमबाट बच्न, भिडभाडबाट बच्न त्यस्तै अन्य धेरै कुराहरुबाट बच्न सुरक्षात्मक आवश्यकताको आवश्यकता पदर्छ (Maslow, 2003, p. 18) । अतः समाजमा बस्ने हुर्कने सबै मानिसहरुलाई (बच्चादेखि बुढासम्म) थुप्रै सुरक्षाका आवश्यकताहरुबाट सुरक्षा प्रदान गराइ कुनै पनि कार्य गराउन उत्प्रेरित गराउनु पर्दछ (Chauhan, 2007, p. 214) ।

### iii. अपनत्व र प्रेम सम्वन्धी आवश्यकताहरु

दुबै शारीरिक र सुरक्षाका आवश्यकताहरुबाट व्यक्ति वा मानिस सन्तुष्टी भइसकेपछि साहचर्य वा प्रेम आवश्यकता स्थापित हुन्छ । यो आवश्यकता एक अर्कामा माया प्रेम लिन र दिनसँग सम्बन्धित हुन्छ । कुनै पनि व्यक्ति असन्तुष्ट हुन्छ जब उ एक्लो हुन्छ, उसलाई साथी र परिवारको अभाव हुन्छ (Maslow, 2003, p. 20) ।

मानीस सामाजिक प्राणी भएकोले उ समाजमा, परिवारमा एक अर्कामा अर्न्तसम्बन्धित भएर, सहज वातावरणका साथ बस्न चाहन्छ । यसको लागि माया प्रेमको आवश्यकताको खाँचो पर्दछ । यी आवश्यकताहरुले अगाडिका आवश्यकताहरुको सन्तुष्टी प्राप्त गराउन सहयोग गर्दछ । तर आजको आधुनिक समाजमा यी माया प्रेमका कुराहरु हराउदै गएको स्थिति छ । विशेष गरेर शहरी क्षेत्रमा एउटा घर वा एउटा कोठाबाट अर्को कोठाको व्यक्तिसँगको चिनजान राम्रोसँग नभएर मानिसहरु एक्लो र असामाजिक हुदैं गएको पाइन्छ । तर पूर्ण सन्तुष्टीको लागि साहचर्य र प्रेमको आवश्यकताहरु हुन जरुरी छ (Chauhan, 2007, p. 215) ।

### iv. सम्मानका आवश्यकताहरु

सम्मानका आवश्यकताहरु त्यसबेलामा देखा पर्छ जब मानिसहरु तल्ला तहका अन्य आवश्यकताहरु पूरा भएको र पूर्ण सन्तुष्टीको अवस्थामा हुन्छन् । सम्मानको आवश्यकतालाई मास्लोले दुई भागमा विभाजन गरेका छन् । (क) आत्म सम्मान, आत्मआदर आत्माध्यान र आत्म मूल्याङ्कन, (ख) अरुबाट प्राप्त गर्ने सम्मान, प्रतिष्ठा, दर्जा, सामाजिक सफलता र प्रसिद्धि, जस्तै प्राध्यापक तहमा काम गर्ने व्यक्तिलाई तल्ला तहका आवश्यकताहरुको भन्दा समाजमा, राष्ट्रमा र अन्तरीष्ट्रिय क्षेत्रमा नाम कमाउने गरी आफ्नो योग्यता, क्षमता र स्तर अनुसारको कामको आवश्यकता हुन्छ । यस्ता आवश्यकताहरु प्राप्त गर्न उत्प्रेरित हुन्छ । यसले प्रध्यापकलाई सम्मान प्राप्त हुनुको साथै अझ बढी आत्मयथार्थीकरण तर्फ उत्साही बनाउछ (Chauhan, 2007, p. 215) । मानिसले आफ्नो स्वाभिमान, मानसम्मान, पहिचान, स्थानको खोजी गर्छ र आफुले प्राप्त गरेको सफलताप्रति गर्व गर्दै आत्मसम्मानको चाहना राख्छ । यो सम्मानको आवश्यकताले गर्दा मानिसलाई कुनै पनि कार्यप्रति उत्प्रेरित गराउदछ (श्रेष्ठ, तामाङ, बस्न्यात, २०६७, पृ. १८९) ।

### v. आत्म यार्थीकरण

मास्लोका अनुसार सबैभन्दा उच्च तहको आवश्यकताहरुको श्रेणीमा आत्मयथार्थीकरण पर्दछ । संगीतकारले धेरै संगीतको निर्माण गर्छ, चित्रकारले धेरैभन्दा धेरै paint गर्छ, कविले धेरैभन्दा धेरै कविता लेख्छ जसबम्म उ खुसी वा सन्तुष्ट हुदैन । मानिसले सबैभन्दा बढी के गर्न सक्छ उसका लागि ती कुराहरु नै धेरै सत्य हुन्छ । त्यो आवश्यकतालाई नै हामी आत्मयथार्थीकरण भन्न सक्छौं (Maslow, 2003, p. 22) । कुनै पनि व्यक्ति आफ्नो आवश्यकतामा पूर्ण सन्तुष्टि प्राप्त गर्ने अवस्थामा पुग्नु भनेको आत्मयथार्थीकरण हो । कुनै पनि व्यक्ति सामाजिक, साँस्कृतिक परिवेश र अन्य अवस्थाबाट कुनै वाधा अवारोधमा नपरी स्वतन्त्रतामा रहेको अवस्था न आत्मयथार्थीकरण हो । मानिस यस अवस्थामा पुग्नको लागि उसले survival needs मा अल्झिने अवस्था हुनु हुदैन । उसको पेशा वा कामप्रति सन्तुष्टि हुनुपर्छ । परिवारमा सामाजिक सम्बन्ध, समाज र उसको पेशाबाट उसले सन्तुष्टि महशुश गर्नुपर्दछ (Chauhan, 2007, p. 216) ।

मास्लोका अनुसार कुनैपनि बच्चा जबसम्म तल्ला स्तरका आवश्यकताहरुबाट मुनासिब रुपमा सन्तुष्टि हुदैन तबसम्म उ रचनात्मक र सिर्जनात्मक अध्ययन र कार्यहरु गर्न अग्रसर हुदैन । जबसम्म बच्चा स्कुल जान अनइच्छुक छ तबसम्म उ स्कुलको विपक्षी भएर स्कुल नजानको लागी विद्रोह गर्छ वा अध्ययन र स्कुलको कार्य गर्न मान्दैन । यस्तो अवस्थामा शिक्षकले बालकका तल्ला स्तरका आवश्यकताहरु पत्ता लगाइ बालकले चाहेको रुपमा सहज तरिकाले सिक्ने अवसर प्रदान गराउनु पर्दछ । शिक्षकले बालकको इच्छा, क्षमता र आवश्यकता अनुसारका विषयवस्तुहरु प्रयोग गरी शिक्षण गराउने प्रयास गर्दछ भने यसले बालबालीकाहरुलाई पुर्णरुपमा सन्तुष्टि प्रदान गराइ रचनात्मक कार्यहरु गर्नका लागी शक्ति प्रदान गर्दछ । मास्लोको उत्प्रेरणाको सिद्धान्तको मुख्य मान्यतामा बच्चाहरुको आवश्यकता भनेको सुरक्षा, प्रशंसा र सफलता प्राप्ति गर्नु हो । यसले बच्चाहरुको रुचीहरुको विकास गरेर ज्ञान प्रदान गराइ उनीहरुको प्रगती र अवसरहरुवाट आफ्नो आत्माविकास र तन्दुरुस्ति प्राप्ति गर्दछ र कुनैपनि कार्य गर्नका लागी उत्प्रेरित हुन्छ (Frandson,1967,p.235) ।

### २.१.२. उत्प्रेरणाको मनोविश्लेषणात्मक सिद्धान्त

मनोविश्लेशणात्मक सिद्धान्तको प्रतिपादन मनोवैज्ञानिक सिग्मण्ड फायडले गरेका हुन । उनी आफै नै फिजीसियन भएकाले उनका यी सिद्धान्तहरु जीव विज्ञान र चिकित्सा विज्ञानबाट प्रभावित छन् । उनले जैविक आवश्यकताहरुलाई जीवन चाहना र मृत्यु चाहना गरी दुई भागमा बाडेको पाइन्छ । जीवन चाहनाले सिर्जनात्मक कार्यहरु तथा सुरक्षात्मक चाहनातर्फ प्रेरित गराउदछ भने मृत्यु चाहनाले व्यक्तिलाई विनासात्मक कार्यतर्फ प्रेरित गराउदछ । मनोरञ्जन गर्ने, खाना खाने, गीत तथा कविता आदि लेख्नु विभिन्न अतिरित्त क्रियाकलापमा भाग लिनु जस्ता कुराहरु जीव चाहना तर्फ पर्दछन भने आक्रमक

स्वभाव देखाउनु, अनावश्यक रुपमा रिसाउनु, आत्महत्याको स्थितिमा पुग्नु, वस्तु वा पदार्थको विनास गर्नु, जस्ता कुराहरु मुत्यु चाहनाबाट अगाडी बढ्दछन् (रेग्मी र साथीहरु, २०६७, पृ. १०८) ।

फ्रायडले मानव मस्तिष्कलाई २ भागमा विभाजित गरेका छन्  पहिलो मानव मस्तिष्कमा चेतन, अर्धचेतन र अचेतन तहहरु हुन्छन् भने दोस्रो मानव मस्तिष्कमा इद, अहम र उच्च अहमका तहहरुले ढाकेको हुन्छ । फ्रीउडको धारणा अनुसार मानव मस्तिष्कको सबैभन्दा माथिल्लो तह चेतन तह त्योभन्दा तल्लो तह अर्धचेतन र सबैभन्दा तल्लो तह अचेतन तह हो । हाम्रो जीवनका कुनै पनि सचेत पूर्ण कामहरु चेतन तहबाट गरीन्छ । यस चेतना तहको ठीक तल रहेको अर्धचेतन तहले सबै प्रकारका सुचनाहरु भण्डारण गर्दछ अर्धचेतन तहको ठिक तल्लो तहमा अचेतन भाग रहेको हुन्छ जुन तहलाई मस्तिष्कको अत्यन्त महत्वपूर्ण भाग मानिन्छ । किनभने यस तहमा मानिसका पूरा नभएका चाहनाहरु, इच्छाहरु, अनुभवहरु र प्रेरकहर रहेका हुन्छन् जुन दवीएर बसेका हुन्छन् । मस्तिष्कमा इद, अहम र उच्च अहम को संरचना पनि रहेको हुन्छ (शर्मा र अन्य, २०६७, पृ. १२९) ।

**इद**

मानसिक संरचनाको मूख्य पक्षलाई इद भनिन्छ । यो मानिसले आफ्नो वंशानुक्रमबाट प्राप्त गर्दछ । इद  वंशानुक्रमको एक त्यस्तो प्रमुख तत्व हो जसले जन्मजात क्रियाकलापहरु, शारीरिक क्रियाकलापहरु र आन्तरिक प्रेरणा हरुका कामहरु गराउछ । इद को क्रियाकलापमा अर्धचेतन पक्षको संलग्नता रहेको हुन्छ (शर्मा र अन्य, २०६७, पृ. १२९) ।

**अहम**

अहम व्यक्तित्वको सचेत र सान्दर्भिक पक्ष हो साथै व्यक्तित्वको प्रशासक हो । यसले सत्यताको पृष्ठभूमिमा व्यक्तिका चाहनाहरुलाई सन्तुष्टि प्रदान गर्ने प्रयास गर्दछ । यो आन्तरिक र बाह्य वातावरणबाट प्रभावित हुन्छ र अनुभवहरुका आधारमा विकसित हुदै जान्छ । मानिसले के गर्न चाहन्छ, के गर्न हुन्छ, के गर्न हुदैन भन्ने पक्षहरु बीचमा पाइने द्वन्दलाई यसले सन्तुलनमा ल्याउने कार्य गर्ने हुँदा यो विल्कुलै वास्तविक सिद्धान्तमा आधारित हुन्छ । यसले  यथार्थ जीवन यापनमा व्यक्तिलाई सहयोग गर्दछ (रेग्मी र साथीहरु, २०६७, पृ. ११०) ।

**उच्च अहम्**

मानवीय विकासको व्यवहारिक क्रियाशीलता, सामाजिक, आर्थिक एवं सांस्कृतिक मूल्यमान्यता वा नैतिकताको सेरोफेरोभित्र सीमित हुनु पर्दछ भन्ने उच्च अहमले विश्वास राख्दछ । उच्च अहमको सम्बन्ध नैतिक मूल्य, आदर्शहरु र मानकहरुसँग रहेको हुन्छ । फ्रायडका अनुसार अहम र उच्च अहमका

बीचमा त्यक्ति ठूलो भिन्नता हुदैन । मानिसका विभिन्न इच्छाहरु हुन्छन् यी सम्पूर्ण इच्छाहरुको भण्डार घरका आधार अहम र उच्च अहमलाई मानिन्छ (रेग्मी र साथीहरु, २०६७, पृ. ११०) ।

यसरी फ्रायडका अनुसार मानव मस्तिष्कमा रहेको चेतन, अर्धचेतन र अचेतन तहहरु त्यस्तै इद, अहम र उच्च अहमका तहहरुमा रहेका components हरुले व्यक्तिलाई कुनै पनि कार्यहरु गर्न उत्प्रेरित गराउदछ । उत्प्रेरणाको मनोविश्लेषणात्मक सिद्धान्त आन्तरिक चाहनाहरुमा केन्द्रित रहेको छ । आन्तरिक चाहनाहरु नै मानिसको सम्पुर्ण क्रियाकलापहरुको मुख्य कारक हो । जसले ब्यक्तिलाई विभिन्न क्रियाकलापहरु गराउन प्रेरित गर्दछ । फ्रायडका अनुसार चाहनाहरु पनि दुइ किसिमका हुन्छन जस्तै जीव चाहना र मृत्यु चाहना जीव चाहनाले ब्यक्तिलाई विभिन्न मनोरञ्जनात्मक, सिर्जनात्मक र सुरक्षात्मक कार्यहरु गराउन उत्साहीत गराउछ वा प्रेरित गराउछ जब जीव चाहना रोकिन्छ वा हट्छ यहा मृत्यु चाहना सक्रिय हुन्छ जसले विनाशकारी वा विनाशात्मक कार्यहरु गराउन प्रेरित गराउछ । जस्तै जब ब्यक्ति मायामा (Love) असफल हुन्छ भने उसको सोचाइ आत्माहत्या गर्नतिर अग्रसर हुन्छ (Mangal,2010p.149) ।

### २.१.३. उत्प्रेरणाको सिकाइ सम्बन्धि सिद्धान्त

सिकाइसँग सम्बन्धित सिद्धान्तहरुलाई उत्तेजना प्रतिक्रियाको सिद्धान्त S-R Theories पनि भनिन्छ । उत्तेजना प्रतिक्रियाको सिद्धान्तपनि एकै प्रकृतिका छैनन् । पूनर्वलविनाका उत्तेजना प्रतिक्रियाका सिद्धान्तहरु र पूनर्वल सहितका उत्तेजना प्रतिक्रियाका सिद्धान्तहरु पूनर्वल विनाका उत्तेजना प्रतिक्रियाको सिद्धान्तहरुमा प्याभलभको सम्बन्ध प्रत्यावर्धन सिद्धान्त, वाटसनको सिकाइ सिद्धान्त, गुत्थ्रीको सिकाइ सिद्धान्त पर्दछन् भने पूनर्वल सहितका सिद्धान्तहरुमा थर्नडाइकको सिकाइ सिद्धान्त, हल्सको सिकाइ सिद्धान्त र स्किनरको सिकाइ सिद्धान्त पर्दछन् (Chauhan, 2007, p. 224) ।

यी माथीका पुनर्वल सहित र पूनर्वल विनाका सिद्धान्तहरुमा उत्प्रेरणाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जस्तै कुनै पनि प्राणीलाई भोक लागेमा भोकलाई पूरा गर्नका लागि प्राणीहरु खानातर्फ प्रेरित भइ विभिन्न उत्तेजनाहरु प्रकट गर्दै खाना खाने कार्यहरु गर्न अग्रसर हुन्छन् जसबाट प्राणीहरुले सिकाइको अवसर प्राप्त गर्दछन् । कुनै पनि व्यक्ति जब कुनै लक्ष्यतर्फ अगाडी बढ्दछ त्यसक्रममा उसमा विभिन्न बाधाहरु र तनावहरु सिर्जना हुन्छन् । जसलाई व्यक्तिले हटाउने प्रयास गर्दछ र लक्ष्यमा पूग्दछ । यी बाधाहरु र तनावहरुलाई हटाउदै उसलाई कुनै पनि लक्ष्यमा पूग्न उत्प्रेरणाले महत्वपूर्ण भुमिका निर्वाह गरेको हुन्छ । कुनैपनि व्यक्तिलाई सफलतापूर्वक  कार्यहरुलाई संचालन गरी निश्चित लक्ष्यमा पुग्न उसको प्रेरणाले सहयोग गर्दछ (Chauhan, 2007, p. 224) ।

### २.१.४. उत्प्रेरणा र सिकाइको ज्ञानात्मक सिद्धान्त

सिकाइका ज्ञानात्मक सिद्धान्तहरुको आधार गेस्टाल्ट मनोविज्ञानलाई मानिन्छ । यो मस्तिष्कको परम्परागत धारणाको विरुद्धको प्रतिक्रियास्वरुप आएको सिद्धान्त हो । मनोविज्ञानमा मस्तिष्कको उपस्थिति, मस्तिकको अस्तित्व वा चेतनाको कार्यको विरुद्धमा यसले आफ्नो विचार दिएको छ ।

मानोविज्ञानका सिद्धान्तहरुमा व्यवहारवाद र अभ्यस्त रहने सिद्धान्तहरुको चरम प्रगति विन्दुमा दुबैको विरोध गर्दै Gestalt school of Psychology ले जन्म लिन पुगेको हो (शर्मा एण्ड शर्मा, २०६७, पृ. ३४८) । संज्ञानात्मक सिद्धान्तले सिकाइलाई उद्देश्यपूर्ण र लक्ष्यकेन्द्रित बनाउन सहयोग गर्दछ । विद्यार्थी आफैमा चाख जगाइ सक्रिय रुपमा समस्या समाधानमा संलग्न गराउनु यस सिद्धान्तको महत्वपूर्ण पक्ष हो । सिकाइको उपयुक्त वातावरण सिर्जना गर्नु र सिकाइलाई संगठित रुपबाट विकास गर्ने कुरामा यसले जोड दिएको छ । यस सिद्धान्तबाट कक्षाकोठामा विद्यार्थीहरुलाई निम्न तरिकाबाट शिक्षण गराइ विद्यार्थीहरुलाई उत्प्रेरित गराउन सकिन्छ :

- सिकाइमा ठोस साग्रीको प्रयोग गरेर
- समस्या समाधान विधिको प्रयोग गरेर
- सिकाइमा निरन्तरता दिएर
- सामान्यीकरण र विभेदीकरण प्रक्रियाबाट
- उद्देश्य र लक्ष्यमुखी सिकाइबाट
- समूह निर्माण र पुर्नसंगठन

(शर्मा एण्ड शर्मा, २०६७, पृ. ३५६)

## २.२ सम्बन्धित अध्ययनको पूनरावलोकन

प्रेरणालाई अंग्रेजीमा उत्प्रेरणा भनिन्छ । यो ल्याटिन भाषाको 'movere' बाट लिइएको हो जसको अर्थ संचालन गर्नु  भन्ने हुन्छ । सामान्यतया कुनै पनि काम गर्न व्यक्तिलाई उत्साही, क्रियाशील र प्रयत्नरत बनाउने तत्वलाई प्रेरणा भनिन्छ । प्रेरणाहरु यस्ता यस्ता मात्र हुन्छन भनी किटान गर्न ज्यादै गाह्रो छ किनभने विभिन्न आवश्यकताहरु पुरा गर्न विभिन्न खालका प्रेरणाहरु हुन्छन् । अर्को शब्दमा भन्दा गतीशील मानव समाज र व्यवहारमा प्रेरणाहरु पनि गतिशील नै हुन्छन् । उदाहरणका लागि खाना एक आवश्यकता हो, खानाको प्रेरक भोक हो, भोक मानिसको अन्तरइच्छा हो । यही अन्तरइच्छाले जब व्यत्तीलाई भोक लाग्छ र खानाको खोजीमा लगाउछ । जब खाना प्राप्त हुन्छ भोक अन्तरइच्छाको तृप्ति हुन्छ । आवश्यकता पूरा हुनासाथ प्रेरणा पनि पूर्ण हुन्छ वा शुन्य हुन्छ र नयाँ नयाँ प्रेरणाहरुको सिर्जना हुन्छ (शर्मा एण्ड शर्मा, २०५९, पृ. १७०) । Management Encyclopedia का अनुसार उत्प्रेरणा भन्नाले तोकिएको लक्ष्य प्राप्तिको लागि तत्परता हो जसले स्वेच्छताको तयारी र विन्दुपथको झुकावबारे समेत भाव जाहेर गर्दछ (शिक्षक शिक्षा, २०६७, पृ. ९५) ।

Khaleeq (2008) ले माध्यमिक विद्यालयहरुको प्र.अ. ले प्रयोग गरेको उत्प्रेरणाको तरिकाहरु र त्यसले शिक्षकहरुको प्रस्तुतिमा पारेका प्रभाव शीर्षकको Ph. D शोधपत्र पाकिस्तानको एरीड कृषी विश्वविद्यालय बाट अध्ययन गर्नु भएको थियो । उत्त अध्ययनको मुख्य उद्देश्यहरुमा माध्यमिक तहको प्र.अ. हरुले प्रयोग गरेको उत्प्रेरणाको तरिकाहरुको खोजी गर्नु, प्र.अ. हरुले प्रयोग गरेको प्रभावकारी र अप्रभावकारी उत्प्रेरणाको तरिकाहरुको बारेमा शिक्षकहरुको धारणाहरुको परीक्षण गर्नु, प्र.अ.हरुले प्रयोग गरेको उत्प्रेरणाको तरिकाहरुबाट आएको शिक्षकहरुको प्रस्तुतिकरण प्रतिको परिणाममा विद्यार्थीहरुको धारणा पहिचान गर्नु रहेको थियो ।

यो अध्ययन पाकिस्तानको ३४ जिल्लाहरु मध्येबाट Randomly १५ जिल्लाहरु छनौट गरियो । १५ जिल्लाहरुको ४४६६ माध्यमिक विद्यालयहरुबाट झुण्ड नमुना छनौट विधि प्रयोग गरी ३०० वटा माध्यमिक विद्यालयहरु छनौट गरियो र प्रत्येक विद्यालयहरुबाट १-१ जना प्र.अ., ५-५ जना शिक्षकहरु र १०-१० जना विद्यार्थीहरु छनौट गरी जम्मा ३०० प्र.अ. हरु, १५०० शिक्षकहरु र ३००० विद्यार्थीहरु माझ यो अध्ययन गरिएको थियो ।

यो अध्ययनबाट प्राप्त निष्कर्षमा प्र.अ. ले शिक्षकहरुको कार्यहरुको प्रशसा गरेर, शिक्षकको रुचीअनुसारको विशिष्ट कार्यहरु गरेबापत विद्यालयप्रति, शिक्षकहरु प्रति सकारात्मक धारणा राखेर, विद्यालयमा अनुशासनको पालना गरेर शिक्षकको प्रस्तुतिकरणमा वृद्धि गर्ने कुरा उल्लेख गर्नु भएको थियो ।

प्र.अ.हरुको अनुसार शिक्षकहरुको पेशाको बारेमा छलफल गरेर, नियमित रुपमा तलब दिएर, उपयुत्त कार्य गर्ने वातावरण प्रदान गरेर, उच्च शैक्षिक उपलब्धिको लागि सामाजिक रुपमा सहयोग गरेर, शिक्षकको राम्रो प्रस्तुतिकरण को लागि promotion को अवसर प्रदान गरेर शिक्षकहरुलाई उनीहरुको कार्यप्रति उत्प्रेरित गर्ने गरेको कुरा उल्लेख गर्नुभएको थियो ।

शिक्षकहरुको भनाइ अनुसार समयको पालना, विद्यालयमा राम्रो अनुशासन, लक्ष्य अनुसारको वास्तविक उपलब्धिको लागि प्र.अ. को सल्लाह र सुझाव, प्रस्तुतिकरणको बारेमा प्र.अ. को आशा, कार्यमा स्वतन्त्रता, प्रोत्साहन, उत्तेजना, स्वीकार, चिन्हारी र अवसर जस्ता उपयुत्त क्रियाकलापहरुले शिक्षकहरुको पेशागत विकास र प्रस्तुतिकरणमा वृद्धि गरेको छ । त्यस्तै शिक्षकहरुको भनाइ अनुसार नै प्र.अ.हरुको विद्यालयका वस्तु वा सामाग्रीहरु, शिक्षकहरु र प्र.अ.हरु प्रतिको असल सम्बन्ध, पेशाको बारेमा छलफल, वहस, प्र.अ.को सहानुभुतिपुर्ण व्यवहार, प्र.अ.को नियमपालन, प्र.अ.को रचनात्मक आलोचना, कडा परिश्रमको लागि अनुरोध, सकारात्मक पृष्ठपोषण, रचनात्मक केही गर्नका लागि प्रेरणा, Sense of humour विकासका लागि सल्लाह, प्रतिस्पर्धात्मक वातावरण नियमित रुपमा तलव प्रदान, आत्म सम्मान, निर्णय गर्नमा संलग्न, क्षमता अनुसारको पेशा, समयमनै नयाँ सुचनाहरु प्रदान,

शिक्षकहरुको विश्वास जस्ता कुराहरुप्रतिको धारणा सकरात्मक छ जसले शिक्षकहरुको प्रस्तुतीकरणमा बृदि गराउने कुरा उल्लेख गर्नुभएको थियो ।

त्यस्तै विद्यार्थीहरुको भनाइअनुसार विद्यार्थीहरुलाई रचनात्मक रुपमा आलोचना गर्नु, कक्षाकोठामा अनुसासनको पालना गराउनु, गल्ती गर्दा गाली गर्नु, विद्यार्थीहरुको समस्याहरु समाधान गर्नु जस्ता कुराहरुमा शिक्षकले उचित विचार गर्ने कुरा उल्लेख गर्नुभएको थियो । त्यस्तै विद्याथीहरुप्रति सकारात्मक धारणा राख्नु, दृढ र नियमनिष्ठ ढंगले व्यवहार गर्नु, समयमै नयाँ सूचनाहरु प्रदान गर्नु, विद्यार्थीहरुको उभचायचकबलअभ मा कमी भएमा दण्ड दिनु, पाठ शिक्षणको समयमा विद्यार्थीहरुको ध्यान र रुचीलाई ख्याल गर्नु, विद्यार्थीहरुको सहभागितालाई शिक्षणको समयमा प्रोत्साहित गर्नु, कक्षाकोठामा हँसिलो मुहारमा आउनु, कक्षाकोठामा प्रजातान्त्रिक वातावरण सिर्जना गराउनु र विद्यार्थीहरुवाट सकारात्मक व्यवहारको आशा राख्नु जस्ता कुराहरु प्रति शिक्षकले सकरात्मक धारणा राखी लागु गर्ने कुरा विद्यार्थीहरुवाट आएको कुरा उल्लेख गर्नुभएको थियो ।

ज्ञवाली, (२००७) ले कक्षा ५ को अंग्रेजी शिक्षकको उत्प्रेरणा जगाउने उपायहरु सम्बन्धमा अध्ययन गर्नु भएको थियो । उहाँले आफ्नो अध्ययनको मूख्य उद्देश्यमा कक्षा ५ को अंग्रेजी भाषा शिक्षणमा शिक्षकले उत्प्रेरणा जगाउन गराएका विद्यमान तरिकाहरुको खोजी गर्नु रहेको थियो । उत्त अध्ययनको लागि दाङ जिल्लाको देउखुरीमा रहेको विद्यालयलाई छनौट गरिएको थियो । अवलोकनबाट तथ्याङ्कको संकलन गरिएको थियो ।

उक्त अध्ययनको प्राप्तिमा धेरैजसो शिक्षकहरुले अंग्रेजी भाषा शिक्षणका क्रममा उपयुत्त शिक्षण क्रियाकलापहरु र सामग्रीहरु प्रयोग गरी शिक्षण नगरेको अवस्था भएको पाइयो । जसको कारण शिक्षण सिकाइमा विद्यार्थीहरुको रुची नभएको कुरा उल्लेख गर्नु भएको छ । शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको सहभागीता नगराइकन शिक्षण गरेको जसको कारण पनि धेरैजसो विद्यार्थीहरु सिकाइमा उत्प्रेरीत नभएको कुरा प्राप्त भएको कुरा उल्लेख गर्नु भएको छ ।

भट्टराई (२००९), ले अंग्रेजी शिक्षणमा उत्प्रेरणा जगाउनको लागि शिक्षकले गरेका प्रयासहर सम्बन्धी अध्ययन गर्नु भएको थियो । यस अध्ययनको मुख्य उद्देश्यमा अंग्रेजी भाषा शिक्षण गर्दा उत्प्रेरणा जगाउने बाटाहरु पत्ता लगाउनु रहेको थियो । रुपन्देही जिल्लाको ८ वटा विद्यालयहरुको १६ जना अंग्रेजी शिक्षकहरु माझ अवलोकनबाट तथ्याङ्क संकलन गरिएको थियो ।

उक्त अध्ययनको विश्लेषणमा १६ जना शिक्षकहरुमध्ये ११ जना शिक्षकहरुले धेरैजसो प्रश्नोत्तर विधिबाट विद्यार्थीहरुलाई उत्प्रेरित गरेको पाइयो । त्यस्तै १० जना शिक्षकहरुले विद्यार्थीहरुलाई उत्प्रेरित गराउन प्रश्नोत्तर, समूहकार्य, भूमिका अभिनय, संक्षिप्त कथा वाचन जस्ता क्रियाकलापहरु गराई उत्प्रेरित गराइएको पाइयो । शारीरिक हाउभाउ बाट पनि विद्यार्थीहरुलाई पढाइप्रति आकर्षित गराइएको पाइयो

जसमा १६ जना शिक्षकहरु मध्ये ४ जना शिक्षकहरुले चाहि शारीरिक हाउभाउ को प्रयोग नगरेको पाइयो ।

धेरैजसो पछाडी बस्ने विद्यार्थीहर अगाडि बस्ने विद्यार्थीहरु भन्दा निष्कृय रहने हुनाले ३ जना शिक्षकहरुले चाहि विद्यार्थीहरुको बसाइमा rotation technique प्रयोग गरेर शिक्षण गराइएको पाइयो । विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउन शिक्षकहरुले स्थानीय वस्तु र साग्रीहरु प्रयोग गर्नका लागि प्रयास नगरेको स्थिति अध्ययनबाट पाइएको थियो । १६ जना शिक्षकहरुमध्ये ७ जना शिक्षकहरुको प्रतिक्रिया अनुसार प्रदर्शन र भुमिका अभिनय विधि प्रयोग गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराइएको पाइयो । त्यस्तै ४ जना शिक्षकहरुको प्रतिक्रिया अनुसार भाषिक खेलको प्रयोग गरेर शिक्षण गराउने गरेको पाइयो । ७ जना शिक्षकहरुले सहपाठी समुह कार्य र समुह कार्य जस्ता क्रियाकलापहरुबाट शिक्षण गरिने गरेको पाइएको कुरा उल्लेख गर्नु भएको थियो ।

न्यौपाने, (२०११) ले माध्यमिक तहको गणित शिक्षणमा शिक्षकको उत्प्रेरणा सम्बन्धी धारणा सम्बन्धमा अध्ययन गर्नु भएको थियो । उहाँले आफ्नो अध्ययनको उद्देश्य सामूदायिक विद्यालयको गणित शिक्षक र संस्थागत विद्यालयकोगणित शिक्षकहरुको शिक्षणमा उत्प्रेरणा सम्बनधी धारणा पत्ता लगाउनु रहेको थियो । चितवन जिल्लाको माध्यमिक तहको १९० जना गणित शिक्षकहरुमा अध्ययन गरिएको थियो ।

उत्त अध्ययनको प्राप्तिमा सामुदायिक र संस्थागत दुबै विद्यालयको गणित शिक्षकहरुको उत्प्रेरणा सम्बन्धी धारणा सकारात्मक नै भएको देखियो । शिक्षकहरुको औषत धारणालाई अध्ययन गर्दा सामुदायिक विद्यालयका शिक्षकहरुको उत्प्रेरणा सम्ब्नधी धारणा संस्थागत विद्यालयका शिक्षकहरुको तुलनामा वढी सकारात्मक देखियो । यो फरकपना अत्याधिक वा सोचनीय रुपमा भने होइन । त्यसैले निष्कर्षमा सामूदायिक विद्यालयका धेरैजसो शिक्षकहरु उत्प्रेरणा सम्बन्धी सकारात्मक सोच भएको कुरा उल्लेख गर्नु भएको थियो ।

### २.२.१ उत्प्रेरणाको प्रकार

सामान्यतया प्रेरणालाई आन्तरिक र बाह्य दुई प्रकारमा विभाजत गर्न सकिन्छ । तापनि यसलाई विभिन्न विद्वानहरुले विभिन्न किसिमबाट व्याख्या गरेको पाइन्छ । विद्वान मास्लोका अनुसार प्रेरणा जन्मजात र आर्जित गरी दुई प्रकारका हुन्छन् । थोमसका अनुसार प्रेरणा स्वभाविक र कृत्रिम हुन्छन् । ग्यारेटका अनुसार प्रेरणा जैविक, मनोवैज्ञानिक र सामाजिक हुन्छन् (शर्मा एण्ड शर्मा, २०६५, पृ. २२२) । हिलगाईका अनुसार सामाजिक, अस्तित्व, अहम एकतात्मक हुन्छन् (श्रेष्ठ र साथीहरु, २०६७, पृ. १८५) । यसरी प्रेरणाका प्रकारहरुमा विविधता पाइए पनि मनोवैज्ञानिकहरुले निम्न दुई प्रकारका प्रेरणामा सहमति भएका छन् ।

### क. आन्तरिक प्रेरणा

आन्तरिक रुपबाट मानिसलाई कुनै कार्यप्रति उक्साउने प्रेरणालाई आन्तरिक अभिप्रेरणा भनिन्छ । यो विशेषत सबै किसिमको प्राणीमा हुन्छ । यसलाई प्राथमिक प्रेरक, मनोवैज्ञानिक प्रेरक र अन्तर्निहित प्रेरक पनि भन्ने गरिन्छ । यी अभिप्रेरणा प्राणीले जन्मजात रुपमा प्राप्त गर्ने भएकाले यसलाई प्राकृतिक प्रेरक पनि भन्न सकिन्छ (रेग्मी र साथीहरु, २०६३, पृ. २५८) । प्राणीका लागि नभइ नहुने जन्मबाट नै निर्धारित भएर आएका प्रथम चरणका अकाट्य अति आवश्यक प्रेरणालाई जन्मजात प्रेरणा भनिन्छ । यस्ता प्रेरणालाई कसैले सिकाउनु पर्दैन स्वतः प्रदर्शित हुने गर्दछन् । जस्तै भोक, तिर्खा, यौन, निन्द्रा, प्रेम, क्रोध, मलमुत्र त्याग आदि आन्तरिक प्रेरणाहरु हुन् (शर्मा एण्ड शर्मा, २०६५, पृ. २२३) ।

### ख. बाह्य प्रेरणा

प्राणीले आफ्नो दैनिक व्यवहारका क्रममा कुनै पनि काम गर्न वा शिक्षा हाँसिल गर्ने सिलसिलामा प्राप्त गर्ने वा सिक्ने प्रेरणालाई बाह्य प्रेरणा भनिन्छ । यस्ता प्रेरणाहरु व्यक्तिका जन्मजात वा आन्तरिक रुपमा नआइ समस्या र वातावरण अनुसार बाह्य रुपबाट सृजना हुने भएकाले यसलाई बाह्य प्रेरणा भनिएको हो (शर्मा एण्ड शर्मा, २०६५, पृ. २२३) । बाह्य अभिप्रेरणालाई आर्जित, साहायक र सामाजिक अभिप्रेरणा पनि भनिन्छ । बाह्य अभिप्रेरणालाई पनि २ भागमा विभाजन गर्न सकिन्छ ।

### i. व्यक्तिगत अभिप्रेरणा

मनोविज्ञानले पत्ता लगाएको तथ्य अनुसार सबै व्यक्तिमा व्यक्तिगत भिन्नता हुन्छ । वास्तवमा सबै व्यक्तिको इच्छा आफ्नै प्रकारका हुन्छन् । बालबालिकाहरु आफ्नो बातावरणमा प्राप्त कुराहरुका आधारमा आफ्नो इच्छा, आकाक्षा र लक्ष्य निर्धारण गर्दछन् । यिनै लक्ष्यबाट निर्देशित भएर आ-आफ्नो स्तर र अवस्थाअनुसारको उद्देश्य वा लक्ष्यलाई यसरी आफ्नो स्तर र अवस्थाअनुसारको उद्देश्य वा लक्ष्यलाई व्यक्तिगत प्रेरणा भनिन्छ (रेग्मी र साथीहरु, २०६३, पृ. २५९) ।

### ii. सामाजिक अभिप्रेरणा

मानिस सामाजिक प्राणी हो । समाजका विविध कुराले व्यक्तिको व्यक्तित्व व्यवहारलाई प्रभावित पारिरहेको हुन्छ । असल सामाजिक जीवन निर्वाहका लागि उसले सामाजिक जीवनमा आफूलाई समायोजन गर्नु पर्दछ । यसरी सामाजिक जीवनमा समायोजित हुनका लागि विभिन्न कुराको आवश्यकता पर्दछ । व्यक्तिका यिनै सामाजिक व्यवहार र सामाजिक समायोजनसँग सम्बन्धित अभिप्रेरणालाई नै सामाजिक अभिप्रेरणा भनिन्छ । केही मुख्य सामाजिक अभिप्रेरणाहरु जस्तै सुरक्षा अभिप्रेरणा, पद अभिप्रेरणा उपलब्धि अभिप्रेरणा, सामाजिक मान्यता सम्बन्धी अभिप्रेरणा (रेग्मी र साथीहरु, २०६३, पृ. २६१) ।

### २.२.२ कक्षाकोठाको सिकाइमा प्रयोग गरीने उत्प्रेरणाका तरिकाहरु

Chauhan, (2007) का अनुसार कक्षाकोठाको शिक्षण सिकाइमा प्रयोग गरीने केही महत्वपूर्ण उत्प्रेरणाका तरिकाहरु उपायहरु निम्न छन् :

**क. आनन्द र दु:खको सिद्धान्तको प्रयोग**

शिक्षकले धेरैमात्रामा आनन्ददायी र सन्तुष्टि प्राप्त गर्ने वातावरणबाट उसका विद्यार्थीहरुलाई शिक्षण गराउनु पर्दछ जसले गर्दा विद्यार्थीहर सिकाइमा उत्प्रेरित भइ अघि वढ्दछन् ।

**ख. पुरस्कार र दण्डको प्रयोग**

पुरस्कारले विद्यार्थीहरुलाई विषयवस्तुप्रति रुचि पैदा गर्दछ । उनीहरु पुरस्कार पाउनलाई उत्प्रेरित हुन्छन् । पुरस्कारको प्रयोग दण्डको तुलनामा बढी प्रभाकारी मानिन्छ ।

**ग. प्रशंसा र निन्दाको प्रयोग**

प्रत्येक व्यक्तिहरु उनीहरुले गरेको उपलब्धीमा प्रशंसा गरेको रुचाउछन् । हर्लकको एउटा अध्ययन अनुसार बालबालिकाहरु प्रशंसा गरेको धेरै मन पराउछन निन्दा गरेको तुलनामा । त्यसैले बालबालिकाहरुलाई उत्प्रेरित गराउन प्रशंशा गर्नु पनि एक महत्वपूर्ण तरिका हो ।

**घ. प्रतिस्पर्धा र सहयोगको प्रयोग**

विद्यार्थीहरुलाई एकआपसमा प्रतिस्पर्धी वातावरणमा सिर्जना गराउनाले अनुभवहरुको आदानप्रदान हुने र सहयोगले एकआपसमा मित्रवत व्यवहारको विकास भई शिक्षण सिकाइमा उत्प्रेरणा जगाउदछ ।

**ङ. लक्ष्यको निर्धारण**

उत्प्रेरणा तथा लक्ष्य उन्मुख व्यवहार हो जसले कुनै पनि व्यक्तिलाई नेतृत्व गर्दछ । विद्यार्थीले राखेको लक्ष्यलाई उपयुक्त तरिकाले निर्देशित गर्नुपर्दछ । उसको लक्ष्य प्राप्तिका लागि शिक्षकले सहयोग गर्नु पर्दछ ।

**च. परिणामको ज्ञान वा पृष्ठपोषण**

विद्यार्थीहरुले सिकाइका क्रममा के कति ज्ञान हाँसिल गरेका छन् । प्रत्यक्ष रुपमा थाहाँ पाउनु पर्दछ । उनीहरुको विषयवस्तुहरु प्रतिको परिणाम कस्तो छ थाहा पाउनु पर्छ । यसको लागि गृहकार्य, कक्षाकार्य, जस्ता परीक्षणहरु गराउनु पर्छ ।

**छ. नवीनता**

प्रत्येक नयाँ बस्तुले व्यक्तिलाई रुचि उत्पन्न गराउदछ । त्यसैले शिक्षकले शिक्षणमा धेरैभन्दा धेरै नयाँ विषयवस्तुहरु समावेश गरी शिक्षण गराउनु पर्दछ । यसको लागि उपयुक्त समयको निर्धारण गरी

खेलकुद वादविवाद, कथा, कविता वाचन, क्षेत्र भ्रमण, नाचगान आदि जस्ता कार्यहरु गराउनु पर्दछ । यसले विद्यार्थीहरुमा नयाँ नयाँ कुराहरु प्रतिको सिर्जनात्मक विकास हुने गर्दछ ।

**ज. तनावपूर्ण प्रक्रियाको प्रयोगलाई हटाउनु पर्छ**

शिक्षण सिकाइमा समस्या समाधान गर्नका लागि चिन्तन गर्नु जरुरी छ तर धेरै चिन्ता गरेर तनावपूर्ण अवस्थामा शिक्षण सिकाइ प्रक्रिया सहज र प्रभावकारी नहुने हुँदा विद्यार्थीहरुलई उत्प्रेरित गर्न तनावपूर्ण वातावरणको सिर्जना गर्नु हुदैन ।

**झ. सिकाइका लागि विद्यार्थीहरुको सहभागिता**

शिक्षण सिकाइमा सिकाइ वातावरण विद्यार्थी केन्द्रित र बालमैत्री हुनु जरुरी हुन्छ । विद्यार्थीहरु सक्रिय रुपमा सहभागी भइ सिकाइ भएमा सिकाइ प्रभावकारी र उपलब्धी मूलक हुन्छ । विद्यार्थीहरुलाई सक्रिय रुपमा सहभागी हुने अवसरहरु प्रदान गरेर विद्यार्थीहरु सिकाइका लागि उत्प्रेरित हुन्छन् ।

### २.२.३ शिक्षणमा उत्प्रेरणा जगाउने केही रणनीतिहरु

शिक्षक शिक्षा, २०६७, पृ. ९७ मा उल्लेख भएअनुसार शिक्षणमा उत्प्रेरणा जगाउने केही रणनीतिहरु :

- विद्यार्थीहरुका वर्तमान अवाश्यकतालाई महत्व दिने
- सिकाइमा विद्यार्थीहरुको सक्रिय सहभागिता बनाउने
- कक्षालाई धेरै उत्प्रेरित र कम उत्प्रेरित कसरी गराउन सकिन्छ विद्यार्थीहरुलाई सोधी विश्लेषण गर्न लगाउने ।
- शिक्षण व्यवहारमा सुधार गरी विद्यार्थी उत्प्रेरित गर्ने ।
- विद्यार्थी उत्प्रेरित हुने किसिमले विषयवस्तुको संगठन गर्ने ।
- कक्षा वा तहलाई जोड नदिने ।
- विद्यार्थीका प्रतिक्रियामार्फत उत्प्रेरित गर्ने
- विद्यार्थीहरुलाई पढाइसम्बन्धी क्रियाकलापबाट उत्प्रेरित गर्ने

### २.२.४ शिक्षकले उनीहरुको विद्यार्थीहरुलाई उत्प्रेरित गारउने उत्कृष्ट दश बाटाहरु

- प्रौढहरुले उनीहरुले वरीपरी प्रयोग गरेका सुचनाहरुलाई नै बच्चाहरुले पनि पुरा गर्ने आशा व्यक्त गरेका हुन्छन् ।
- कक्षाकोठामा सिकाइका सबै प्रकारका शैलीहरुलाई सुनिश्चित गर्नु पर्छ जुनचाहि विद्यार्थीहरुलाई उत्प्रेरित गर्ने अर्को बाटो हो ।
- जब विद्यार्थी कक्षामा स्वतन्त्र हुन्छ तब शिक्षकलाई कक्षाकोठामा कस्तो विधि वा तरिका प्रयोग गर्ने भन्ने उपयुक्त अवसर प्राप्त हुन्छ ।

- आफुले उपयोग गरेको सामग्रीहरुलाई परिवर्तन गराउदै शिक्षण गराउदा विद्यार्थीहरुलाई अझ सजिलै उत्प्रेरित गराउन सकिन्छ ।
- पढाइको वातावरणलाई परिवर्तन गरेर पनि पढाइप्रति अनइच्छुक विद्यार्थीको अवाश्यकतालाई पुरा गर्न उपयुक्त उत्प्रेरणा पत्ता लगाउन सकिन्छ ।
- जीम्मेवारीका साथमा विद्यार्थीहरुलाई सिकाइमा तत्पर गराउनु एउटा शिक्षक हुनुको महत्वपूर्ण तत्व हो ।
- तपाई प्रत्येक बच्चालाई सधै ख्याल गर्नुहोस वा संभव भएसम्म प्रत्येक बालबालिकाहरुको सामाजिक र घरयासी समस्याहरुको बारेमा जानकारी हाँसिल गराउनु होस् ।
- प्रतिस्पर्धा एउटा विशाल बाटो हो, विद्यार्थीहरुलाई उत्प्रेरित गराउनुको लागि ।
- एउटा कहिल्यै भुल्नु नहुने उत्प्रेरणाको विधिमा विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गर्नु हो ।
- अन्तत, यो उत्प्रेरणाको अन्य तरिकाहरु जस्तो रोचकपूर्ण नभएपनि निश्चित कार्यहरुको परिणामले (Result) पनि विद्यार्थीहरुलाई उत्प्रेरित गराउदछ । (http://busyteacher.org/3644-how-to-motivate-est-students.html)

### २.२.५ उत्प्रेरणाको स्रोतहरु


Marion Williams (2001) का अनुसार विद्यार्थीहरुलाई सिकाइमा प्रभाव पार्ने थुप्रै तत्वहरु हुन्छन । जसमध्ये सायदै धेरै नै तत्वहरु चै हाम्रो नियन्त्रण भन्दा बाहिर नै हुन्छ । घरको पृष्ठभुमी , शारीरिक थकावट, ब्यत्तिगत घटनाहरु, स्वास्थ्य, पूर्व शैक्षिक अनुभव, व्यत्तित्व जसले कक्षाकोठाको शिक्षणमा विद्यार्थीहरुलाई उत्प्रेरित गर्ने कुरामा प्रभाव पार्दछ । शैक्षिक मनौवैज्ञानिकहरुका अनुसार सिकाइमा उत्प्रेरणाको मुख्य तीनवटा स्रोतहरुलाई वुदागत रुपमा प्रस्तुत गरेका छन ।

- सिकारुको जन्मजात रुची
- शिक्षक, संस्था र पेशा
- कार्यमा सफलता

(Andrew, 2001)

## २.३ अवधारणात्मक ढाँचा

विद्यालय तहको बालबालिकाहरुको सिकाइ उपलब्धिमा उत्प्रेरणाको महत्वपूर्ण हात रहेको हुन्छ । यदि बालबालिकाहरु सिकाइमा उत्प्रेरित भएका छन् भने मात्र सिकाइ उपलब्धिमा वृद्धि हुन्छ । अन्यथा शैक्षिक उपलब्धि न्युन हुन जान्छ । शिक्षण सिकाइमा उत्प्रेरणाको प्रयोग गरेर सिकाइ गरिएको खण्डमा पक्कै पनि शैक्षिक उपलब्धिमा वृद्धि भइ सिकाइ प्रभावकारी हुन्छ । विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा सम्बन्धी अवधारणात्मक ढाँचालाई निम्नानुसार उल्लेख गरिएको छ ।




बालबालिकाहरु विद्यालयमा प्रवेश गरिसकेपछी उनीहरु सिकाइका लागि उत्प्रेरित हुनु जरुरी छ। जब बालबालिकाहरु सिकाइमा उत्प्रेरित हुन्छन तबमात्र सिकाइ प्रभावकारी हुन्छ। उत्प्रेरणाको प्रयोगमा सर्वप्रथम शिक्षकको उत्प्रेरणा सम्बन्धी ज्ञान र अभिवृत्ति हुनु जरुरी छ। उत्प्रेरणासँग परिचित शिक्षकले मात्रै सही रुपमा उत्प्रेरणाको प्रयोग गर्न सक्दछ । त्यस्तै उत्प्रेरणाको प्रयोगमा त्यसको मात्रा र प्रभावकारीता पनि हुनु जरुरी हुन्छ। विद्यार्थीहरुलाई सधै सिकाइमा उत्प्रेरित गराउन सकेमात्र सिकाइको प्रभावकारीतामा वृद्धि भइ विद्यार्थीहरुको सहभागितामा पनि वृद्धि हुन्छ। जब विद्यार्थीहरु सिकाइको लागि सहभागी हुन्छन् तबमात्र सिकाइका लागि विद्यार्थीहरु उत्प्रेरित भएको मानिन्छ । त्यस्तै उत्प्रेरणाको प्रयोगमा विभिन्न समस्याहरु आउन सक्दछन् र ती समस्याहरुको उचित समाधान गरेर मात्र विद्यार्थीहरुलाई सिकाइमा प्रेरित गराउन सकिन्छ।

# अध्यायः तीन

# अध्ययन विधि

विधि भन्नाले कुनै पनि कार्यक्रम सुव्यवस्थित तरिकाले संचालन गर्नका लागि अपनाइने तौर तरिका हो । अध्ययन कार्यलाई सही बाटो दिन र निर्धारित समयमा उद्देश्य प्राप्त गर्न उपयुक्त वियधिको छनौट गर्नुपर्दछ । यहाँ यस अध्ययनलाई पूरा गर्न अनुसन्धान विधि अन्तर्गत निम्न प्रक्रियाहरु छनौट गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययनकार्यालाई कुशलतापूर्वक सम्पन्न गर्न निश्चित योजना तथा कार्यनितीको जरुरत पर्दछ । उक्त योजना र कार्यनितीलाई सही बाटोमा लैजान उपयुक्त अनुसन्धान ढाँचाको छनौट गर्नु पर्दछ । यो अध्ययनले प्राकृतिक अवस्थामानै अध्ययन गर्ने भएकाले यस अध्ययनलाई सम्पन्न गर्न गुणात्मक अनुसन्धानात्मक ढाँचाको अवलम्बन गरिएको थियो । अध्ययनको उद्देश्यअनुसार अनुसन्धानकर्ता स्वयम् अनुसन्धान क्षेत्रमा प्रत्यक्ष रुपमा संलग्न भई आवश्यक सुचनाहरु संकलन गरीएको थियो । कक्षा १ देखि कक्षा १० सम्मका प्रत्येक कक्षाबाट प्रत्येक विषयवस्तुहरु समावेश गरी सुचनाहरु संकलन गरिएको थियो । सुचनाहरु संकलनका लागि शिक्षक अर्न्तवार्ता निर्देशिका, विद्यार्थी लक्षित समुह छलफल निर्देशिका, कक्षा अवलोकन फारम जस्ता साधनहरु प्रयोग गरी प्राकृतिक अवस्थाका वास्तविक तथ्यहरु संकलन गरी प्राप्त भएका तथ्यहरुलाई तार्किक विधिद्वारा विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुगिएको थियो ।

## ३.२ जनसंख्या र नमुना छनौट

यस अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि संखुवासभा जिल्लाको जलजला गा.वि.स.वडा नं. ८ मा अवस्थित सामुदायिक विद्यालय श्री जलजला मा.वि. विहिवारेलाई सुविधाजनक नमुना छनौट विधिको आधारमा छनौट गरिएको थियो । त्यस्तै अनुसन्धानमा आवश्यक सुचना संकलन गर्न विद्यार्थी र शिक्षकहरुलाई निम्नानुसार छनोट  गरिएको थियो ।

### ३.२.१ शिक्षकको छनौट

छनौटमा परेको विद्यालयमा अध्यापनरत सम्पुर्ण शिक्षकहरुलाई सुचनादाताको रुपमा छनौट गरीएको थियो । उक्त विद्यालयमा अध्यापनरत जम्मा १५ जना शिक्षकहरुसँग शिक्षक अन्तर्वार्ता निर्देशिका र कक्षा अवलोकन फारमबाट अध्ययनको उद्देश्यअनुसार आवश्यक सुचनाहरु संकलन गरीएको थियो ।

### ३.२.२ विद्यार्थी छनौट

छनौटमा परेको विद्यालयको कक्षा १ देखी १० सम्मको प्रत्येक कक्षाबाट अध्ययनको क्रममा उपस्थित भएका सम्पुर्ण विद्यार्थीहरु छनौट गरी लक्षित समुह छलफलबाट आवश्यक सुचनाहरु संकलन गरिएको थियो ।

### ३.२.३ विद्यालयको छनौट

यस अनुसन्धान कार्यमा सुविधाजनक नमुना छनौट विधिको आधारमा संखुवसभा जिल्ला जलजला गा.वि.स. संचालित सामुदायिक विद्यालय श्री जलजला मा.वि. विहिवारेलाई नमुनाको रुपमा छनौट गरिएको थियो ।

## ३.३ सुचना संकलनका साधनहरुको निर्माण

कुनै पनि अध्ययनलाई सफल रुपमा समापन गरी सही निष्कर्षमा पुग्नको लागि उपयुक्त साधनहरुको निर्माण गरी प्रयोग गर्नु पर्ने हुन्छ । यस अध्ययन कार्यलाई सफल रुपमा सम्पन्न गर्नका लागि अध्ययनको उद्देश्य र अनुसन्धानको ढाँचाअनुार आवश्यक सुचनाहरु संकलन गर्नका लागि निम्न साधन वा औजार निर्माण गरिएको थियो ।

### २.३.१ विद्यार्थी लक्षित समुह छलफल निर्देशिका

विद्यालय तहको प्रत्येक कक्षाबाट सम्पुर्ण विद्यार्थीहरु छनौट गरेर विद्यार्थीहरुका लागी तयार गरीएको विद्यार्थी लक्षित समुह छलफल निर्देशिकाको प्रयोग गरेर उत्प्रेरणा प्रयोग सम्बन्धि आवश्यक सूचनाहरु संकलन गरिएको थियो । जसलाई अनुसुची १ मा राखिएको छ ।

### ३.३.२ शिक्षक अर्न्तवार्ता निर्देशिका

उक्त विद्यालयमा अध्यापनरत सम्पुर्ण शिक्षकहरुलाई छनौट गरेर सम्पुर्ण शिक्षकहरुमाफ शिक्षक अर्न्तवार्ता निर्देशिकाको प्रयोग गरी विद्यालय तहमा शिक्षाकले प्रयोग गरेको उत्प्रेरणा सम्बन्धमा आवश्यक सुचनाहरु संकलन गरिएको थियो । शिक्षक अन्तर्वार्ता निर्देशिकालाई अनुसुची २ मा राखिएको छ ।

### ३.३.३ कक्षा अवलोकन फाराम

विद्यालय तहको शिक्षणमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा शीर्षकमा अध्ययन गर्दा शिक्षकले के कस्ता उत्प्रेरणाहरु प्रयोग गर्दछन प्रत्यक्ष रुपमा कक्षा अवलोकन फारामबाट कक्षा अवलोकन गरी अध्ययनको उद्देश्यअनुसार आवश्यक सुचनाहरु संकलन गरिएको थियो । कक्षा अवलोकन फारम लाई आनुसुची ३ मा रखिएको छ ।

## ३.४ साधनको विश्वसनीयता र वैधता निर्धारण

सुचना संकलनका साधनलाई अन्तिम रुप दिनु भन्दा अघि उक्त साधनहरुको विश्वसनीयता र वैधता निर्धारण गरिनुपर्छ तबमात्र तथ्याङ्कहरु विश्वसनीय र वैध हुन सक्छ । यो अध्ययनको लागि तथ्याङ्कहरु संकलन गर्नका लागि साधनहरुको निर्माण गरी निर्देशक गुरु उप. प्रा. रविन्द्र सिवाकोटी ज्यू समक्ष प्रस्तुत गरी सल्लाह सुझाव अनुसार तथ्याङ्क संकलनका साधनहरुलाई अन्तिम रुप दिइएको थियो ।

## ३.५ तथ्याङ्कको संकलन प्रक्रिया

यस अध्ययनलाई सम्पन्न गर्नका लागि अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता स्वयम् सहभागी भइ सुचना संकलनका साधनहरु प्रयोग गरेर सम्बन्धित विषयमा शिक्षक अर्न्तवार्ता निर्देशिका, विद्यार्थी लक्षित समुह छलफल निर्देशिका,, कक्षा अवलोकन फारमको माध्यमबाट सूचनाहरु संकलन गरिएको थियो । गुणात्मक अध्ययनको मुख्य उद्देश्य भनेको तथ्याङ्कहरु संकलनको क्रममा प्राप्त भएका सुचनाहरुलाई गुणात्मक ढंगले व्याख्या र विश्लेषण गरी त्यसबाट सारतत्व खिचेर अध्ययनलाई सफल बनाउनु हो । यस अध्ययनको क्रममा उक्त विद्यालयमा तथ्याङ्क संकलन कार्य निम्नानुसार गरीएको थियो ।

उक्त विद्यालयमा आवश्यक सुचनाहरु संकलन गर्नका लागी उक्त विद्यालयका सम्पुर्ण शिक्षकहरुमाझ प्रत्यक्ष रुपमा पालैपालो शिक्षक अन्तर्वार्ता निर्देशिकाको प्रयोग गरेर उद्देश्यअनुसारको आवश्यक सुचनाहरु संकलन गरिएको थियो । उक्त विद्यालयमा कक्षा १ देखी कक्षा १० सम्मकै प्रत्येक कक्षाकोठामा सुचना संकलनका दिन उपस्थित भएका सम्पुर्ण विद्यार्थीहरुमाझ समुहमा लक्षित समुह छलफल निर्देशिकाको प्रयोग गरेर उद्देश्य अनुरुप आवश्यक सुचनाहरु संकलन गरिएको थियो । सुचना संकलनकै क्रममा उक्त विद्यालयको कक्षा १ देखी कक्षा १० सम्मकै प्रत्येक कक्षाको २-२ पटक कक्षा अवलोकन गरी कक्षा अवलोकन फारमको सहायताले उद्देश्य अनुरुपकै आवश्यक सुचनाहरु संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

गुणात्मक अध्ययनको उद्देश्य भनेको प्राप्त सुचनाहरुलाई गुणात्मक ढंगले विश्लेषण र व्याख्या गरी त्यसबाट सारतत्व खिचेर अध्ययनलाई सार्थक बनाउनु हो । यस अध्ययन विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु पत्त लगाउनुमा केन्द्रित रहेको थियो । यसरी अध्ययन गर्दा सुचना संकलनका साधनहरुमा शिक्षक अन्तर्वार्ता निर्देशिका, कक्षा अवलोकन फारम र विद्यार्थीहरुसँगको लक्षित समुह छलफल निर्देशिकाको प्रयोग गरेर उद्देश्य अनुसारका सुचनाहरु संकलन गरीयो । यसरी संकलन गरिएका सुचनाहरुलाई उद्देश्य अनुरुप विभिन्न शीर्षकहरुमा विभाजीत गरी तथ्यहरुलाई आवश्यक रुपमा तार्कीक विधिवाट विश्लेषण र ब्याख्या गरी अनुसन्धानलाई पुरा गरिएको थियो ।

## अध्याय चार

## तथ्याङ्कको ब्याख्या र विश्लेशण

कुनै पनि अनुसन्धान कार्यका लागि तथ्यांङ्क संकलन गरीसकेपछि ती सूचना वा तथ्याङ्कको विश्लेषण र ब्याख्या गर्नुपर्ने हुन्छ । त्यसैअनुरुप विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा विषय शीर्षकमा गरिएको अध्ययनको क्रममा प्रयोग गरीएका सुचना संकलनका विविध साधनहरुको प्रयोग गरी प्राप्त सुचनाहरुलाई यस अध्यायमा ब्याख्या र विश्लेषण गरिएको छ । विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा पत्ता लगाउनु, उत्प्रेरणा प्रयोग गर्दा देखिने समस्याहरुको पहिचान गर्नु र उक्त समस्याहरु समाधानको खोजी गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । यी उद्देश्यहरु पुरा गर्नका लागि छनौटमा परेको संखुवासभा जिल्ला जलजला गा. वि. स. वडा नं. ८ स्थित सामुदायिक विद्यालय श्री जलजला मा. वि. विहिबारेमा अध्ययनरत सम्पुर्ण शिक्षकहरुसँगको अन्तर्वार्ता, कक्षा १ देखि कक्षा १० सम्मका प्रत्येक कक्षामा सम्पूर्ण विद्यार्थीहरु बीच लक्षित समूह छलफल, कक्षा अवलोकन फारमबाट कक्षा अवलोकन गरि वास्तविक तथ्यहरु संकलन गरिएको थियो । यसरी प्राप्त सूचनाहरुलाई तल विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु

सिकाइकार्य पुरा हुनका लागि कुनै पनि ब्यक्ति सिकाइका लागि उत्प्रेरित हुनु पर्दछ । विद्यालय तह विद्यार्थीहरुको आधार स्तम्भको तह भएकाले यस तहमा विद्यार्थीहरुलाई सिकाइ कार्यमा सक्रिय रुपमा सहभागी गराउनका लागि शिक्षकले महत्वपुर्ण भूमिका निर्वाह गर्नुपर्दछ । विद्यार्थीहरुलाई विभिन्न किसिमका उत्प्रेरणाहरु प्रयोग गरी उनीहरुलाई उत्प्रेरित गराउन सक्नु एक असल शिक्षकको विशेषता हो ।

विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणहरु शीर्षकमा गरिएको यस अध्ययन संखुवासभा जिल्ला जलजला गा.वि..स. वडा नं. ८ स्थित श्री जलजला मा.वि. विहिबारेमा गरिएको थियो । उक्त विद्यालयको कक्षा १ देखि कक्षा १० सम्मकै कक्षाहरुमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु के के छन् ? शिक्षक अन्तर्वार्ता, कक्षा अवलोकन र विद्यार्थीहरुसँगको लक्षित समूह छलफलबाट सूचनाहरु संकलन गरिएको छ । विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरुलाई निम्नानुसार ब्याख्या र विश्लेषण गरिएको छ ।

#### ४.१.१ उत्प्रेरणाको रुपमा शैक्षिक सामग्रीको प्रयोग

विद्यार्थीहरुको ब्यावहारमा अपेक्षित परिवर्तन ल्याउन सक्नु नै वास्तवमा शिक्षण गर्नु हो । कुनै पनि शिक्षकले पाठ्यपुस्तकमा दिइएका विषयबस्तु कक्षामा उभिएर एकोहोरो भन्दैमा त्यसलाई शिक्षण मान्न सकिदैन । शिक्षण हुनका लागि त विद्यार्थीहरु सिकाइमा उत्प्रेरित भइ विद्यार्थीको ब्यवहारमा समुचित परिवर्तन ल्याउन सक्नुपर्दछ । शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकोले शिक्षकले कक्षामा अनुकुल वातावरण सिर्जना गरि अध्यापन कार्य सफल बनाउन शैक्षिक सामग्रीको प्रयोग गर्नु जरुरी हुन्छ । विषय

र पाठअनुसार शैक्षिक सामग्रीको छनैट, निर्माण र प्रयोग गर्न सके मात्र विद्यार्थीहरु सिकाइमा उत्प्रेरित भइ सिकाइ प्रभावकारी बन्दछ । एउटा चिनिया उखान छ :

I hear, I forget

I see, I remember

I do, I understand (अधिकारी, २०६८ पृ. ४९२)

यस अध्ययनको क्रममा विद्यालय तहमा शिक्षकले उत्प्रेरणाको रुपमा प्रयोग गरेका शैक्षिक सामग्रीहरु निम्नानुसार प्राप्त भएको थियो ।

**४.१.१.१ कक्षा अवलोकनबाट प्राप्त विवरण**

यस अध्ययनको क्रममा कक्षा १ देखि १० सम्मको प्रत्येक कक्षाको २-२ वटा घण्टीको कक्षा अवलोकन गरिएको थियो । जसमा कक्षा १ मा नेपाली विषय अध्यापन गराउदा कक्षा अवलोकन गरिएको थियो । कक्षा १ को नेपाली विषय पढाउदा शिक्षकले विद्यार्थीहरुलाई उत्प्रेरित गर्न बाह्रखरी उल्लेख गरिएको आकर्षक चार्ट ( बाह्रखरी र सो अनुसार चित्र भएको चार्ट) प्रयोग गरिएको पाइयो । यसबाट विद्यार्थीहरु सिकाइका लागि उत्प्रेरित भएका थिए जसले सिकाइ उपलब्धिमा पनि सकारात्मक प्रभाव पारेको पाइयो । शैक्षिक सामग्रीहरुको प्रयोग गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराइएको अवस्था अध्ययन गर्दा कक्षा २ मा विज्ञान,स्वास्थ्य र शारीरिक शिक्षाको शिक्षणको क्रममा कक्षा अवलोकन गरिएको थियो । शिक्षणको क्रममा शिक्षकले विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउन पहिलो कक्षा अवलोकनमा कुनै सामग्रीको प्रयोग गरिएन भने दोस्रो कक्षा अवलोकनमा पानीमा बस्ने जीवहरुको चित्र भएको चार्ट शैक्षिक सामग्रीको रुपमा प्रयोग गरेर विद्यार्थीहरुलाई उत्प्रेरित गराइएको पाइयो । कक्षा ३ को कक्षा अवलोकनमा सिर्जनात्मक कला विषयको अध्यापनको क्रममा कक्षा अवलोकन गरिएको थियो । शैक्षिक सामग्रीको प्रयोगमा स्थानीय गीत गाउनको लागि मादलको प्रयोग गरिएको थियो भने दोस्रो कक्षा अवलोकनमा भने कागजबाट बनाइएको बल (भकुण्डो) लाई शैक्षिक सामग्रीको रुममा प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गरिएको पाइएको थियो ।

कक्षा ४ को अंग्रेजी विषयको शिक्षणको क्रममा कक्षा अवलोकन गर्दा पहिलो पटकको कक्षा अवलोकनमा हात्ती र बाघको चित्रलाई शैक्षिक सामागीको रुपमा प्रयोग गरी त्यस वारेमा शिक्षण गराइएको थियो जसले विद्यार्थीहरु सिकाइमा उत्प्रेरित भएका थिए । त्यस्तै दोस्रो कक्षा अवलोकनमा भने शैक्षिक सामाग्रीको प्रयोग गरिएको थिएन । कक्षा ५ को गणीत विषयको अध्यापनमा कक्षा अवलोकन गर्दा दैनिक उपभोग्य सामाग्रीहरु बाहेक अन्य सामाग्रीहरुको प्रयोग नभएको पाइयो । जसले गर्दा विद्यार्थीहरु सिकाइमा न्युन मात्रामा उत्प्रेरित भएको पाइएको थियो ।

कक्षा ६ को नेपाली विषयको शिक्षण गराउदा शिक्षकले प्रयोग गरेको सामाग्रीहरुमा दैनिक उपभोग्य सामाग्रीहरु मात्र प्रयोग गरी शिक्षण गरेको पाइयो । कक्षा ७ मा स्वस्थ्य र शारीरिक विषयको शिक्षणमा पनि शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गरेको पाइएन । कक्षा ८ मा सामाजिक अध्ययन विषयको शिक्षणमा राष्ट्रिय व्यक्तित्वहरुको तस्विर लाई शैक्षिक सामाग्रीको रुपमा प्रयोग गरी शिक्षण गराएको पाइयो । त्यस्तै दोस्रो पटकको कक्षा अवलोकनमा भने शैक्षिक सामाग्रीको प्रयोग नगरेको पाइयो ।

कक्षा ९ मा विज्ञान विषयको शिक्षणमा पहिलो पटकको कक्षा अवलोकनमा शैक्षिक सामाग्रीको प्रयोग नगरिएको पाइयो भने दोस्रो पटकको कक्षा अवलोकनमा पेरियोडिक तालिकालाई शैक्षिक सामग्रीको रुपमा प्रयोग गरी कक्षा शिक्षण गराइएको पाइयो । कक्षा १० मा अर्थशास्त्र विषय अध्यापन गर्दा कक्षा अवलोकन गरिएको थियो जसमा दुवै पटक शैक्षिक सामग्रीको प्रयोग नगरी शिक्षण गराइएको पाइएको थियो ।

### ४.१.१.२ शिक्षक अन्तर्वार्ताबाट प्राप्त विवरण

विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु सम्बन्धमा शैक्षिक सामाग्रीको प्रयोग गरेर विद्यार्थीहरुलाइ के कति मात्रामा उत्प्रेरित गराइएको थियो भन्ने बारेमा उक्त विद्यालयका सम्पुर्ण शिक्षकहरुमा सम्पुर्ण विषयहरुको शिक्षणमा शैक्षिक सामाग्रीहरुको प्रयोग सम्बन्धी अर्न्तवार्ता निर्देशिका निर्माण गरी प्रत्यक्ष रुपमा अन्तर्वार्ताको माध्यमबाट सुचनाहरु संकलन गरिएको थियो । जसबाट प्राप्त विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१.१.२: उत्प्रेरणाको रुपमा प्रयोग गरिएको शैक्षिक सामग्रीहरु**

| क्र.सं. | विषय | प्रयोग गरिएका शैक्षिक सामाग्रीहरु |
|---|---|---|
| १. | नेपाली | शब्दपत्ति, वाक्यपत्ति, चार्ट, तस्विर, गोजी चार्ट, दैनिक प्रयोजनका सामग्रीहरु |
| २. | अंग्रेजी | कार्ड पेपर, अडियो टेप, चार्ट, तस्विर, पात्रो, दैनिक उपभोग्य सामग्रीहरु |
| ३. | गणित | चार्ट, ग्राफ पेपर, कम्पास, स्केल, प्रोटेक्टर, क्यलकुलेटर,log table, दैनिक प्रयोजनमा आउने सामाग्रीहरु |
| ४. | विज्ञान | चार्ट, तस्विर, स्केल, पेरियोडिक तालिका, स्थानिय बोटबिरुवाहरु, सुक्ष्मदर्शक यन्त्र, तराजु, लेन्स, वास्तविक सामाग्रीहरु, दैनिक प्रयोजनमा आउने सामाग्रीहरु |
| ५. | सामाजिक अध्ययन | नक्सा, ग्लोव, स्केल, तस्विर, चार्ट,सुचि तालिका, स्थानिय सामाग्रीहरु, दैनिक उपभोगमा आउने सामाग्रीहरु |
| ६. | स्वस्थ्य जनसंख्या र वातावरण | तस्विर, चार्ट, परिवार नियोजनका वास्तविक साधनहरु (कण्डम, पिल्स) जानकारीमुलक पत्रिका, दैनिक प्रयोजनका सामागीहरु |
| ७. | सिर्जनात्मक कला | तस्विर, चार्ट, कागज, टेप, गम, गिलो माटो, मादल, संभव भएसम्म स्थानिय वस्तुहरु, विभिन्न रंगहरु(मसी) दैनिक प्रयोजनका सामाग्रीहरु |
| ८. | शारीरिक शिक्षा | भलिवल, फटबल, नेट, डोरी, सिठी, मिटर टेप, ब्यडमिन्टन सेट, टेवलटेनिस, दैनिक प्रयोजनका सामाग्रीहरु |
| ९. | नागरिक तथा नैतिक शिक्षा | तस्विर, सुची कार्ड, दैनिक उपभोगका सामग्रीहरु |
| १०. | अर्थशास्त्र | तस्विर, स्केल, चार्ट, सुचिकार्ड, दैनिक उपभोग्य सामग्रीहरु |
| ११. | अतिरिक्त गणित | चार्ट, ग्राफ, स्केल, कम्पास, प्रोटेक्टर, scientific calculater, log table, दैनिक उपभोग्य सामग्रीहरु |
| १२. | शिक्षा | चार्ट, सुची कार्ड, दैनिक उपभोग्य सामग्रीहरु |
| १३. | पेशा एवं व्यवसाय | चार्ट, तस्विर, सुचि कार्ड, दैनिक उपभोग्य सामग्रीहरु |

( स्रोत: स्थलगत अध्ययन, २०७० )

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा शिक्षकहरुले विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागि विभिन्न विषयहरुमा विषयअनुसार र पाठअनुसारको शैक्षिक सामग्रीहरु प्रयोग गर्ने गरेको तथ्य शिक्षक अन्तर्वार्ता बाट प्राप्त भएको थियो ।

उक्त विद्यालयमा शिक्षकहरुले नेपाली विषयको शिक्षण गराउदा प्रयोग गर्ने सामग्रीहरुमा विशेषगरी शब्दपत्ति, वाक्यपत्ति, चार्ट, तस्विर, गोजी चार्ट, र पाठअनुसारका अन्य सामाग्रीहरु कक्षा र विषयअनुसार प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य अध्ययनवाट प्राप्त भएको थियो । त्यस्तै अंग्रेजी विषयको शिक्षण गराउदा कक्षा र पाठ अनुसार अडियो टेप, चार्ट, तस्विर, पात्रो, कार्ड पेपर र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी शिक्षण गर्ने गरिएको पाइयो ।

उक्त विद्यालयको गणित विषयको शिक्षणमा शिक्षकले प्रयोग गर्ने सामग्रीहरुमा कक्षा र पाठअनुसार नै चार्ट, ग्राफ, पेपर, कम्पास, प्रोटेक्टर, log table,र दैनिक प्रयोजनका सामग्रीहरु प्रयोग गरी शिक्षण गर्ने गरिएको तथ्य शिक्षक अन्तर्वार्तावाट प्राप्त भएको थियो । विद्यालय तहको विज्ञान विषय शिक्षाण गराउदा शिक्षकले प्रयोग गर्ने सामग्रीहरुमा कक्षा र पाठअनुसार विभिन्न चार्ट, तस्विर, स्केल, संभव भएसम्म स्थानिय वास्तविक वस्तुहरु, बोटविरुवा, पेरियोडिक तालिका, प्रयोगशालाका सामग्रीहरु ( सुक्ष्मदर्शक यन्त्र) र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य शिक्षक अन्तर्वार्तावाट प्राप्त भएको थियो ।

सामाजिक अध्ययन विषयको शिक्षणमा कक्षा र पाठअनुसार ग्लोव,नक्सा, तस्विर, स्केल, विभिन्न चार्ट, सूचि तालिका , स्थानीय समग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइका लागि उत्प्रेरित गराउने प्रयास गर्ने गरेको तथ्य शिक्षक अन्तर्वार्ताबाट प्राप्त भएको थियो । स्वास्थ्य जनसंख्या र वातावरण क्षिक्षा विषय अध्यायपन गराउदा उक्त विषय अध्यापन गराउने शिक्षकहरुका अनुसार शैक्षिक सामग्रीका रुपमा कक्षा र पाठअनुसारका तस्विरहरु, चार्ट, संभव भएसम्म परिवार नियोजनका वास्तविक साधनहरु, जानकारीमुलक पत्रिका र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइ प्रति उत्प्रेरित गराउने गरेको पाइयो । सिर्जनात्मक कला विषय शिक्षाण गराउने क्रममा उक्त विषयको शिक्षकहरुले कक्षा र पाठअनुसारका तस्विर, स्केल, चार्ट कागज, टेप, गम, गिलो माटो, मादल, विभिन्न रंगहरु ( मसीहरु) संभव भएसम्म स्थानीय वस्तुहरुलाई सामग्रीको रुपमा प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउने गरेको पाइयो ।

शारीरिक शिक्षा विषय शिक्षण गराउने क्रममा उत्त विषय शिक्षण गराउने शिक्षकहरुका अनुसार विद्यर्थीहरुलाई सिकाइका लागि उत्प्रेरित गराउनको लागि कक्षा र पाठ अनुसारका सामग्रीहरुमा भलिबल, नेट, फुटबल, डोरी, सिठी, ब्याडमिन्टन सेट जस्ता सामग्रीहरु प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य प्राप्त भएको थियो । नागरिक तथा नैतिक शिक्षा शिक्षण गराउने शिक्षकका अनुसार उक्त विषय शिक्षण गराउदा प्रयोग गर्ने सामग्रीहरुमा विभिन्न चार्ट, तस्विरहरु, जानकारीमूलक पत्रिका र दैनिक उपभोग्य

सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउने गरेको पाइयो । अर्थशास्त्र विषय शिक्षण गराउने शिक्षकका अनुसार विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागि कक्षा र पाठअनुसारका तस्विरहरु, स्केल, चार्ट, सूची कार्ड र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गर्ने गरेको पाइएको थियो । उक्त विद्यालयको अतिरिक्त गणित विषय शिक्षण गरउने शिक्षकका अनुसार उक्त विषयमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागि कक्षा र  पाठअनुसारका शैक्षिक सामग्रीहरुमा चार्ट पेपर, स्केल, ग्राफ पेपर, कम्पास, प्रोटेक्टर, scientific calculator, log table र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी शिक्षण गराउने गरेको तथ्य प्राप्त भएको थियो । पेशा एवं व्यावसाय विषय शिक्षण गराउने शिक्षकका अनुसार उक्त विषयमा विद्यार्थीहरुलाई उत्प्रेरित गराइ सिकाइलाई प्रभावकारी बनाउनको लागि प्रयोग गरेको सामग्रीहरुमा कक्षा र पाठअनुसार चार्ट पेपर, सूची कार्ड, तपस्वीरहरु र दैनिक उपभोग्य सामग्रीहरु रहेको पाइयो । त्यस्तै शिक्षा बिषय शिक्षण गराउने शिक्षकका अनुसार विद्यार्थीहरुलाई सिकाइमा प्रेरित गर्नका लागि कक्षा र पाठ अनुसारका चार्ट पेपर, सुची कार्ड र दैनिक उपभोग्य सामाग्रीहरु प्रयोग गरी शिक्षण गराउने गरेको पाइयो ।

### ४.१.१.३ विद्यार्थी लक्षित समुह छलफलबाट प्राप्त विवरण

विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु पत्ता लगाउन गरिएको यस अध्ययनमा उक्त विद्यालयको कक्षा १ देखी कक्षा १० सम्मकै प्रत्येक कक्षामा उपस्थित विद्यार्थीहरुमाझ विद्यार्थी लक्षित समुह छलफल निर्देशिकाको प्रयोग गरी आवश्यक सुचनाहरु संकलन गरिएको थियो । जसबाट प्राप्त विवरणलाई निम्नानुसार व्यख्या विश्लेषण गरिएको छ ।

कक्षा १ मा गरिएको लक्षित समुह छलफलबाट प्राप्त विवरण अनुसार शैक्षिक सामाग्रीलाई उत्प्रेरणाको रुपमा लिएर सबै शिक्षकहरुले कहिलेकाहि मात्र शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने गरिएको र धेरैजसो कक्षा शिक्षणमा भने विना शैक्षिक सामग्री नै शिक्षण गर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । विद्यार्थीहरुका अनुसार कक्षा शिक्षणमा प्रयोग गर्ने सामग्रीहरुमा चार्ट, पेपर, तस्विर, वास्तविक मादल र दैनिक उपभोगमा आउने सामग्रीहरु मात्र प्रयोग गरी शिक्षण गर्ने गरेको अध्ययनबाट प्राप्त भएको थियो । कक्षा २ मा गरिएको विद्यार्थी लक्षित समुहबाट प्राप्त विवरण अनुसार शैक्षिक सामाग्रीहरुको प्रयोग न्युन नै रहेको पाइयो । सबैजसो शिक्षकहरुले सबै विषयमा कहिलेकाही मात्र शैक्षिक सामाग्रीहरुको प्रयोग गर्ने गरेको पइयो । विद्यार्थीहरुका अनुसार पाठ अनुसारका तस्विरहरु, चार्ट, पेपर, स्केल, वास्तविक मादल र दैनिक प्रयोजनका सामग्रीहरु प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो ।

विद्याार्थी लक्षित समुह छलफलकै क्रममा कक्षा ३ का विद्यार्थीहरुमाझ गरिएको छलफलबाट प्राप्त विवरण अनुसार कक्षा ३ का विद्यार्थीहरुले पनि शिक्षकहरुले कक्षा शिक्षणको क्रममा शैक्षिक सामग्रीहरुको प्रयोग कम मात्रामा गर्ने गरेको पाइयो । कक्षा ३ का विद्यार्थीहरुका अनुसार कहिलेकाही मात्र पाठ र

विषयअनुसारका तस्विरहरु, चार्ट, तालिकाहरु स्केल, मनोरञ्जनका लागि वास्तविक मादल र दैनिक उपयोगमा आउने सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउने गरको पाइयो । कक्षा ४ का विद्यार्थीहरुका अनुसार विषय र पाठअनुसार कहिलेकाहि मात्र शैक्षिक सामग्रीहरु प्रयोग गरी शिक्षणगर्ने गरेको पाइयो । कक्षा ४ का विद्यार्थीहरुका अनुसार शैक्षिक सामग्रीको रुपमा तस्विरहरु, चार्ट, आर्ट पेपर, स्केल, विभिन्न रंगहरु, वास्तविक मादल, सिठी र दैनिक उपयोगमा आउने सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउने गरेको पाइयो ।

विद्यार्थी लक्षित समूह छलफलमा विद्यार्थीहरुका अनुसार कक्षा ५ मा शिक्षण गराउदा सम्पूर्ण शिक्षकहरुले प्रयोग गर्ने र्शैक्षिक सामग्रीहरुको मात्रा न्युन नै रहेको पाइयो । शिक्षकहरुले विषय र पाठअनुसार कहिले काही मात्र शैक्षिक सामग्रीहरु प्रयोग गर्ने गरेको पाइयो जसमा विभिन्न चार्टहरु, तस्विरहरु, स्केल, खेलका सामग्रीहरु (बल, डोरी, सिठी) वास्तविक मादल, कागजका विभिन्न सामग्रीहरु र दैनिक उपयोगका सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । विद्यार्थी लक्षित समूह छलफलकै क्रममा कक्षा ६ का विद्यार्थीहरुका अनुसार प्रत्येक शिक्षकले विषय र पाठअनुसारका सामग्रीहरु कहिलेकाहि प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो । जसमा शब्दपत्ति, चार्ट, नक्सा, पात्रो, भलिबल फुटबल, जानकारीमूलक पत्रिकाहरु र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी विद्याथीहरुलाई शिक्षण सिकाइमा प्रेरित गराउने गरेको पाइयो ।

कक्षा ७ को विद्यार्थीहरुसँगको छलफलमा विद्यार्थीरुका अनुसार शिक्षकले विषय र पाठअनुसार कहिलेकाही मात्र शैक्षिक सामग्रीहरुको प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य विद्याथी छलफलबाट प्राप्त भएको थियो प्रयोग गरेको शैक्षिक सामग्रीहरुमा नक्सा, ग्लोब, स्केल, प्रोटेक्टर, स्थानीय वस्तुहरु, चार्ट पेपर, खेलका सामग्रीहरु (भलिबल, फुटबल, ब्याडमिन्टन सेट) र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई शिक्षण सिकाइमा उत्प्रेरित गराउने गरेको तथ्य विद्यार्थी छलफलबाट प्राप्त भएको थियो । कक्षा ८ मा गरिएको विद्यार्थी लक्षित समूह छलफलमा विद्यार्थीका अनुसार सबै शिक्षकहरुले विषय र पाठअनुसारकै शैक्षिक सामग्री प्रयोग गर्ने गरेको पाइयो तर सामग्री प्रयोगको मात्रा न्युन नै रहेको पाइयो । एउटा शिक्षकले एक शेक्षिक सत्र भरिमा ४–५ पटक मात्र सामग्रीहरुको प्रयोग गरी शिक्षण गर्ने गरको तथ्य विद्यार्थीहरुबाट प्राप्त भएको थियो । जसमा चार्टहरु, नक्सा, ग्लोब, स्केल, प्रोटेक्टर, अडियो क्यासेट, स्थानीय बोटविरुवा, भलिबल, फुटबल व्याडमिन्टन सेट र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । कक्षा ९ को विद्यार्थी लक्षित समूह छलफलमा विद्यार्थीहरुका अनुसार शिक्षकहरुले न्युन मात्रामा नै शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने गरेको पाइयो जसमा चार्ट, तालिका, ग्लोब नक्सा, सूक्ष्मदर्शक यन्त्र, पेरियोडिक तालिका, अडियो क्यासेट जानकारीमुलक पत्रपत्रिका, वास्तविक स्थानीय सामग्रीहरु खेलका सामग्रीहरु र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराउने गरेको पाइयो । कक्षा १० का विद्यार्थीहरुका अनुसार शिक्षकहरुले शैक्षिक सामग्रीहरुको प्रयोगमा अल्छी गर्ने गरेको र उपलव्ध भएका सामग्रीहरु पनि

कमै मात्रामा प्रयोग गर्ने गरेका कुरा विद्यार्थीहरुबाट प्राप्त भएको थियो । प्रयोग गरेका सामग्रीहरुमा समग्रमा विषय र पाठअनुसार नक्सा, log table, ग्लोब, पत्रपत्रिका, सूक्ष्मदर्शक यन्त्र, पेरियोडिक तालिका, चार्ट शब्दपत्ति, audio tape, स्थानिय वास्तविक सामग्रीहरु, खेलका सामग्रीहरु र दैनिक उपभोग्य सामग्रीहरु प्रयोग गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराउने गरेको तथ्य विद्यार्थी छलफलबाट प्राप्त भएको थियो ।

अतः निष्कर्षमा भन्न सकिन्छ विद्यार्थी छलफल, कक्षा अवलोकन र शिक्षक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार समग्रमा उक्त विद्यालयमा उत्प्रेरणाको रुपमा प्रयोग गरेको शैक्षिक सामग्रीहरुको प्रयोग सन्तोषजनक नै रहेको पाइयो ।

### ४.१.२ उत्प्रेणाको रुपमा शिक्षण विधिको प्रयोग

kochhar (2001) "methods and technique of teaching" मा उल्लेख भए अनुसार शिक्षण सिकाइको क्रममा वा प्रक्रियामा पूर्व निर्धारित उद्देश्य हासिल गर्न सहयोग गर्ने माध्यम नै method हो शिक्षण सिकाइको चक्रमा method को उच्च र महत्वपूर्ण सम्वन्ध रहेको हुन्छ । शिक्षण सिकाइको क्रममा यो एउटा हात जस्तै हो जसले लक्ष्य, उद्देश्य, अन्य परिणामहरु र मूल्यहरु प्राप्तिमा सहयोग गर्दछ । विषयअनुसार आवश्यक शिक्षण विधि प्रयोग गरी विद्यार्थीका ज्ञान र अनुभवको विकास गर्न, विद्यार्थीको बुझाइ, समालोचनात्मक सोचाइ ब्यवाहारिक सीप र रुची जस्ता प्रतिभाहरुको प्रस्फुटन गर्न सहयोग गर्दछ ।

यस अध्ययनको क्रममा विद्यालय तहमा शिक्षकले उत्प्रेरणाको रुपमा प्रयोग गरेका शिक्षण विधिहरु निम्नानुसार प्राप्त भएको थियो ।

#### ४.१.२.१ कक्षा अवलोकनबाट प्राप्त विवरण

यस अध्ययनको क्रममा कक्षा १ देखि कक्षा १० सम्मको प्रत्येक कक्षामा २-२ वटा घण्टीको कक्षा अवलोकन गरिएको थियो । जसमा विद्यार्थीहरुलाई उत्प्रेरित गर्न शिक्षकले प्रयोग गरेको शिक्षण विधिहरु निम्नानुसार भएको पाइयो ।

कक्षा १ मा नेपाली विषयको शिक्षणको क्रममा कक्षा अवलोकन गरिएको थियो । जसमा शिक्षकले प्रश्नोत्तर, व्याख्यान, छलफल र प्रर्दशन विधि प्रयोग गरी शिक्षण गरेको पाइयो । कक्षा २ मा विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा विषय शिक्षणको क्रममा कक्षा अवलोकन गरिएको थियो । उक्त विषय शिक्षण गराउदा व्याख्यान प्रश्नोत्तर र प्रदर्शन विधि प्रयोग गरी शिक्षण गरिएको पाइयो जसमा व्याख्यान र प्रश्नोत्तर विधिमा भन्दा प्रदर्शन विधिमा विद्यार्थीहरु बढी उत्प्रेरित भएको पाइएको थियो । कक्षा ३ मा सिर्जनात्मक कला विषय शिक्षणको क्रममा कक्षा अवलोकन गरिएको थियो र उक्त विषय शिक्षण गराउदा प्रदर्शन, छलफल र प्रयोगात्मक विधि प्रयोग गरी शिक्षण गराइएको पाइयो । यसरी सिर्जनात्मक कला विषय शिक्षण गराउदा विद्यार्थीहरु सिकाइमा उत्प्रेरित भएको पाइयो । कक्षा ४ मा अंग्रेजी विषयको

शिक्षणको क्रममा कक्षा अवलोकन गरिएको थियो जसमा प्रदर्शन, प्रश्नोत्तर र ब्याख्यान विधि प्रयोग गरी शिक्षण गरेको पाइयो । जसमा ब्याख्यान विधिवाट शिक्षण गराउदा विद्यार्थीहरु सिकाइमा न्युन मात्रामा उत्प्रेरित भएको पाइएको थियो ।

कक्षा ५ मा गणित विषयको शिक्षणको कक्षा अवलोकन गरिएको थियो अवलोकनको क्रममा शिक्षकले प्रश्नोत्तर र समस्या समाधान विधिबाट शिक्षण गरिएको पाइयो । गणित विषयमा प्रश्नोत्तर विधिको प्रयोग भन्दा समस्या समाधान विधिवाट शिक्षण गराउदा विद्यार्थीहरु बढी सिकाइमा उत्प्रेरित भएको पाइयो । कक्षा ६ को नेपाली विषय शिक्षणको क्रममा कक्षा अवलोकन गरिएको थियो । जसमा ब्याख्यान र प्रश्नोत्तर विधि मात्र प्रयोग गरी शिक्षण गरिएको थियो । जसमा विद्यार्थीहरु कम उत्प्रेरित भएको पाइएको थियो । त्यस्तै कक्षा ७ मा स्वास्थ्य र शारीरिक शिक्षा विषय अन्तर्गत स्वस्थ्य खण्डको शिक्षण गरिएको थियो जसमा ब्यख्यान र प्रश्नोत्तर विधि मात्र प्रयोग गरी शिक्षण गरेको पाइयो । जसबाट विद्यार्थीहरु सिकाइमा कम उत्प्रेरित भएको पाइएको थियो ।

कक्षा ८मा सामाजिक अध्ययन विषय शिक्षण गराउदा कक्षा अवलोकन गरिएको थियो जसमा शिक्षकले ब्याख्यान, प्रश्नोत्तर र प्रदर्शन विधि प्रयोग गरी शिक्षण गरेको पाइयो । यसवाट विद्यर्थीहरु सिकाइमा राम्रै उत्प्रेरित भएको पाइएको थियो । कक्षा ९ मा विज्ञान विषयको शिक्षणमा कक्षा अवलोकन गर्दा शिक्षकले प्रयोग गरेको शिक्षण विधिहरुमा ब्याख्यान, प्रदर्शन, छलफल जस्ता विधिहरु प्रयोग गरेको पाइयो । यसमा विद्यार्थीहरु ब्याख्यान विधिबाट भन्दा छलफल र प्रदर्शन विधिमा बढीमात्रामा उत्प्रेरित भएको पाइएको थियो । कक्षा १० को अर्थशास्त्र विषय शिक्षण गराउदा कक्षा अवलोकन गर्दा ब्याख्यान विधिबाट मात्र शिक्षण गरेको पाइयो । जसको कारण धेरैजसो विद्यार्थीहरु सिकाइमा उत्प्रेरित भएका थिएनन् ।

### ४.१.२.२ शिक्षक अन्तर्वार्ता र विद्यार्थी लक्षित समूह छलफलबाट प्राप्त विवरण

विद्यालय तहमा शिक्षकले प्रयोग गरेको उत्प्रेरणा पत्ता लगाउन गरिएको यस अध्ययनमा शिक्षकहरुले उत्प्रेरणाको रुपमा के कस्ता शिक्षण विधिहरु प्रयोग गरी शिक्षण गर्ने गरेका थिए पत्ता लगाउन शिक्षकहरुसँग प्रत्यक्ष अन्तर्वार्ता र विद्यार्थीहरुसँग लक्षित समूह छलफल गरी प्रयोग गरेको शिक्षण विधिहरु पत्ता लगाइएको थियो जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१.२.२: उत्प्रेरणाको रुपमा शिक्षण विधिको प्रयोग**

| कक्षा | प्रयोग गरेको शिक्षण विधिहरु | |
|---|---|---|
| | शिक्षक अन्तर्वार्ता | विद्यार्थी छलफल |
| १ | खेल विधि, कथा कथन, छलफल, व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर र भूमिका अभिनय | खेल विधि, कथा कथन, छलफल, व्याख्यान, र *प्रश्नोत्तर विधि* |
| २. | खेल, कथाकथन, व्याख्यान छलफल, प्रश्नोत्तर, प्रदर्शन, भूमिका अभिनय, समस्या समाधान | खेल विधि, व्याख्यान, कथाकथन, प्रश्नोत्तर, प्रदर्शन, छलफल |
| ३. | खेल, कथाकथन, व्याख्यान छलफल, प्रश्नोत्तर, प्रदर्शन, भूमिका अभिनय, समस्या समाधान | प्रश्नोत्तर, छलफल, व्याख्यान प्रदर्शन, समस्या समाधान, खेल विधि |
| ४ | प्रश्नोत्तर, छलफल, व्याा्ख्यान, प्रदर्शन, समस्या समाधान, अभिनय, खेल विधि | प्रश्नोत्तर, छलफल, व्याख्यान प्रदर्शन, समस्या समाधान, खेल विधि |
| ५ | व्याख्यान, प्रदर्शन, समस्या समाधान, अभिनय, प्रश्नोत्तर अवलोकन, खेल विधि | व्याख्यान, प्रदर्शन, समस्या समाधान, प्रश्नात्तर खेल विधि |
| ६ | समस्या समाधान, छलफल अभिनय, प्रश्नोत्तर, अवलोकन व्याख्यान, प्रदर्शन, प्रयोगात्मक विधि | प्रश्नोत्तर, अवलोकन, व्याख्यान, प्रदर्शन, छलफल, समस्या समाधान विधि |
| ७ | प्रश्नोत्तर, छलफल, अवलोकन, व्याख्यान, प्रदर्शन, प्रयोगात्मक, समस्या समाधान, भूमिका अभिनय विधि | छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रयोगात्मक, समस्या समाधान व्याख्यान विधि |
| ८ | व्याख्यान, प्रदर्शन, छलफल, समस्या समाधान प्रयोगात्मक, अवलोकन, खोज, प्रश्नोत्तर विधि | प्रदर्शन, छलफल, व्याख्यान, प्रयोगात्मक, खोज, प्रश्नेत्तर, समस्याा समाधान विधि |
| ९ | खोज, प्रयोगात्मक, प्रश्नोत्तर, प्रदर्शन, छलफल, व्याख्यान, परियोजना कार्य, आगमन निगमन, अवलोकन विधि | अवलोकन, छलफल, परियोजना कार्य, प्रदर्शन, व्याख्यान, खोज, प्रयोगात्मक, समस्या समाधान विधि |
| १० | परियोजना कार्य, आगमन निगमन, खोज, प्रयोगात्मक, प्रश्नोत्तर, प्रदर्शन, छलफल व्याख्यान, समस्या समाधान, भूमिका अभिनय विधि | परियोजना कार्य, खोज, प्रयोगात्मक, प्रश्नोत्तर, प्रदर्शन, छलफल व्याख्यान, समस्या समाधान विधि |

(स्रोतः स्थलगत अध्ययन, २०७०)

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा शिक्षकहरुले विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउनका लागि कक्षा, विषय र पाठअनुसारको विभिन्न शिक्षण विधिहरु प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य शिक्षक अन्तर्वार्ता र विद्यार्थी लक्षित समूह छलफलबाट प्राप्त भएको थियो ।

शिक्षक अन्तर्वार्ता र विद्यार्थी लक्षित समूह छलफलबाट प्राप्त जानकारी अनुसार कक्षा १ मा शिक्षण गरउदा प्रयोग गरिने शिक्षण विधिहरुमा खेल विधि, कथाकथन, प्रदर्शन, व्याख्यान, प्रश्नोत्तर, छलफल, भूमिका अभिनय विधिहरु प्रयोग गरी शिक्षण गरिएको पाइयो । जसमा शिक्षक अन्तर्वार्ताबाट

छलफल र भूमिका अभिनय विधि पनि प्रयोग गरिने भनिएकोमा विद्यार्थी लक्षित समूह छलफलबाट भने प्रयोग नगरिने गरेको तथ्य प्राप्त भएको थियो ।

शिक्षक अन्तर्वार्ता र विद्यार्थी छलफलबाट प्राप्त जानकारी अनुसार कक्षा २ मा शिक्षण गराउदा प्रयोग गरिने विधिहरुमा खेल, कथाकथन, व्याख्यान,छलफल, प्रश्नोत्तर, प्रदर्शन, भुमिका अभिनय, समस्या समाधान जस्ता विधिहरु प्रयोग गरिने गरेको पाइयो । शिक्षकहरुका अनुसार भूमिका अभिनय र समस्या समाधान विधि पनि प्रयोग गरिने गरेको भनिए पनि विद्यार्थी छलफलमा भने प्रयोग नगरिने गरेको तथ्य प्राप्त भएको थियो । विद्यार्थी छलफल र शिक्षक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार कक्षा ३ मा प्रयोग गरिएको शिक्षण विधिहरुमा खेल, कथाकथन, प्रश्नोत्तर, छलफल, व्याख्यान, प्रदर्शन, समस्या समाधान विधिहरु भएको जसमा विद्यार्थीहरुका अनुसार कथाकथन विधि प्रयेग नभएको तथ्य अध्ययनबाट प्राप्त भएको थियो ।

शिक्षक अन्तर्वार्ता र विद्यार्थी छलफलबाट प्राप्त विवरण अनुसार कक्षा ४ मा शिक्षण गराउदा प्रयेग गरिने शिक्षण विधिहरुमा प्रश्नोत्तर, छलफल, व्याख्यान, प्रदर्शन, समस्या समाधान, अभिनय, खेल विधिहरु भएको पाइयो जसमध्ये विद्यार्थीहरुका अनुसार अभिनय विधि शिक्षणको क्रममा प्रयोग नगरिने गरेको पाइयो । कक्षा ५ मा प्रयोग गरिएको शिक्षण विधिहरुमा व्याख्यान, प्रदर्शन, समस्या समाधान, अभिनय, प्रश्नोत्तर, अवलोकन र खेल विधिहरु भएको पाइयो जसमा विद्यार्थीहरुका अनुसार उक्त विधिहरुमध्ये अवलोकन र अभिनय विधि प्रयोग नगरीने गरेको पाइयो । विद्यार्थी छलफल र शिक्षक अन्तर्वार्ता बाट प्राप्त जानकारी अनुसार समस्या समाधान, अभिनय, प्रश्नोत्तर, अवलोकन, व्याख्यान, प्रदर्शन, प्रयोगात्मक र छलफल विधिहरु प्रयोग गरीने गरेको पाइयो । जसमा विद्यार्थीहरुका अनुसार भने उक्त विधिहरु मध्ये अभिनय र प्रयोगात्मक विधिहरुको प्रयोग शिक्षणमा नगर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो ।

कक्षा ७ को शिक्षणमा प्रयोग गरिएको शिक्षण विधिहरुमा शिक्षकहरुमा शिक्षकहरुका अनुसार प्रश्नोत्तर, छलफल, अवलोकन, व्याख्यान, प्रदर्शन, प्रयोगात्मक, समस्या समाधान, भूमिका अभिनय विधिहरु प्रयोग गरी शिक्षण गरिने गरेको तथ्य अन्तर्वार्ताबाट प्राप्त भएको थियो । त्यस्तै विद्यार्थीहरुका अनुसार उक्त विधिहरु मध्ये भुमिका अभिनय र अवलोकन विधि प्रयोग नगर्ने गरेको तथ्य प्राप्त भएको थियो । कक्षा ८ को शिक्षणमा शिक्षकहरुले प्रयोग गर्ने शिक्षण विधिहरुमा शिक्षकहरुका अनुसार वाख्यान, प्रदर्शन, छलफल, समस्या समाधान, प्रयोगात्मक, अवलोकन, खोज र प्रदर्शन विधिहरु रहेको पाइयो । जसमा विद्यार्थीहरुबाट प्राप्त जानकारी अनुसार उक्त  विधिहरु मध्ये अवलोकन विधिको प्रयोग नगरिने गरेको तथ्य विद्यार्थी छलफलबाट प्राप्त भएको थियो ।

कक्षा ९ मा शिक्षण गराउदा प्रयोग गरिने विधिहरुमा शिक्षकहरका अनुसार खोज, प्रयोगात्मक, प्रश्नोत्तर, प्रदर्शन छलफल, व्याख्यान, परियोजना कार्य, आगमन निगमन, अवलोकन विधिहरु रहेको

पाइयो । त्यस्तै विद्यार्थीहरुका अनुसार भने उल्लेखित विधिहरुमध्ये आगमन र निगमन विधिको प्रयोग नगर्ने गरेको तथ्य विद्यार्थी छलफलबाट प्राप्त भएको थियो । कक्षा १० मा शिक्षण गराउदा प्रयोग गरिने शिक्षण विधिहरुमा शिक्षकहरुका अनुसार परियोजना कार्य, आगमन निगमन, खोज, प्रयोगात्मक, प्रश्नोत्तर, प्रदर्शन, छलफल, व्याख्यान, समस्या समाधान, भूमिका अभिनय विधिहरु रहेको तथ्य शिक्षक अन्तर्वार्ताबाट प्राप्त भएको थियो । त्यस्तै कक्षा १० का विद्यार्थीहरुका अनुसार उल्लेखित विधिहरु मध्ये आगमन निगमन र भूमिका अभिनय विधिको प्रयोग नगरी शिक्षण गरिने गरेको पाइयो ।

अतः निष्कर्षमा भन्न सकिन्छ उक्त विद्यालयमा उत्प्रेरणाको रुपमा शिक्षण विधिहरुको प्रयोग उपयुक्त नै रहेको पाइयो । शिक्षक र विद्यार्थीहरुका अनुसार कक्षा र विषयअनुसार शिक्षकले बढी मात्रामा व्याख्यान, प्रश्नोत्तर र छलफल विधिहरु प्रयोग गरिने गरेको तथ्य प्राप्त भएको थियो ।

### ४.१.३ उत्प्रेरणाको रुपमा नवीन विषयवस्तुहहरुको प्रयोग

प्रत्येक नयाँ विषयवस्तुले विद्यार्थीलाई रुची प्रदान गर्दछ वा सिकाइप्रति रुची जगाउदछ । विषयवस्तुलाई नयाँ वा नविन ढंगले प्रस्तुत गरी शिक्षण गर्नाले विद्यार्थीहरुलाई सिकाइमा रुची र उत्सुकता प्रदान गराइ सिकाइलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । त्यसैले शिक्षक नयाँ विषयवस्तुहरु प्रति बढी नै परिचत हुनु जरुरी हुन्छ ( chauhan,2007,p.233 ) ।

यस अध्ययनको क्रममा उक्त विद्यालयमा शिक्षकहरुले विद्यार्थीहरुलाई उत्प्रेरित गर्नका लागि प्रयोग गरेका नवीन विषयवस्तुहरुलाई निम्नानुसार ब्याख्या र विश्लेषण गरिएको छ ।

#### ४.१.३.१ कक्षा अवलोकनबाट प्राप्त विवरण

कक्षा १ देखि कक्षा १० सम्मको प्रत्येक कक्षामा २-२ वटा घण्टीको कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकन गर्ने क्रममा कक्षा १ मा नेपाली विषय अध्यापन गराउदा शिक्षणमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउन दुवै घण्टीमा शिक्षकले कुनै पनि नवीन विषयवस्तुहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइका लागि अझ बढी उत्प्रेरित गराउने गरिएको पाइएन । त्यस्तै कक्षा २ मा विज्ञान स्वस्थ्य र शारीरिक शिक्षा विषय अध्यापनको क्रममा पनि शिक्षकले कुनै पनि किसिमको नवीन विषयवस्तुहरु प्रयोग नगरी पाठ्यपुस्तकमा भएका कुराहरुलाईमात्र समावेश गरी शिक्षण गरेको पाइयो । कक्षा ३ मा कक्षा अवलोकनको क्रममा सिर्जनात्मक कला विषयको शिक्षण गराउदा थोरै मात्रामा नवीन विषयवस्तुहरुको प्रयोग गरेको पाइयो । नवीन विषयवस्तुहरुमा स्थानीय गीत गउने क्रममा नयाँ नयाँ गीतहरु के के छन र अहीलेका प्रसीद्ध गायक गयीकाहरु को को हुन् भन्ने विषयमा छलफल गरिएको थियो । जसबाट विद्यार्थीहरु सिकाइमा अझ बढी उत्प्रेरित भएको पाइयो । कक्षा अवलोकनकै क्रममा कक्षा ४ को अंग्रेजी विषय शिक्षण गराउदा शिक्षकले दुवै घण्टीमा नवीन विषयवस्तुहरुको प्रयोग नगरी शिक्षण गरेको पाइयो । त्यस्तै कक्षा ५ को गणित विषय शिक्षण गराउदा पनि कुनै किसिमको नवीन

विषयवस्तुहरु प्रयोग गरीएन । शिक्षकले किताबमा भएका विषयवस्तुलाई नै केन्द्रित गराएर शिक्षण गराउने गरेको पाइयो ।

कक्षा ६ मा नेपाली विषय शिक्षणको क्रममा शिक्षकले कितावमा भएका विषयवस्तुहरुलाई नै ब्यख्या, छलफल र प्रश्नोत्तर गरी शिक्षण गरेको पाइयो । नवीन विषयवस्तुहरुको समावेश नगरी शिक्षण गरेको तथ्य कक्षा अवलोकनबाट प्राप्त भएको थियो । कक्षा ७ को स्वस्थ्य र शारीरिक विषय अध्यापन गराउने क्रममा स्वस्थ्य खण्ड अन्तर्गतको विषय शिक्षण गराइएको जसमा केही नवीन विषयहरु समावेश गरेको पाइयो । स्वस्थ्य सम्वन्धी पत्रपत्रिकामा समावेश भएका महत्वपुर्ण कुराहरुलाई नवीन विषयवस्तुको रुपमा प्रस्तुत गरी शिक्षण गरिएको थियो । कक्षा ८ मा सामाजिक अध्ययन विषय शिक्षण गराउदा पनि केही नवीन विषयवस्तु प्रयोग गरेको पाइयो । उक्त विषयको राष्ट्रिय व्यत्तित्वहरु विषयवस्तुमा चर्चा गर्दा कीतावी ज्ञानदेखी बाहेकका अन्य समसामयिक जानकारीहरु प्रयोग गरिएको थियो । जसमा विभिन्न नेताहरु , साहित्यकारहरु, कलाकारहरुको वारेमा छलफल गरिएको थियो । कक्षा ९ मा विज्ञान विषयको शिक्षणमा भने कुनै किसिमको नवीन विषयवस्तुहरु समावेश गरेको पाइएन । किताबमा भएका विषयवस्तुलाई नै ब्यख्या, वर्णन र छलफल गरी शिक्षण गराइएको थियो । त्यस्तै कक्षा १० मा अर्थशास्त्र विषय शिक्षण गराउदा पनि शिक्षकले किताबी विषयवस्तु वाहेक अन्य नवीन विषयवस्तुहरुको प्रयोग नगरी शिक्षण गरेको तथ्य कक्षा १० को कक्षा अवलोकनबाट प्राप्त भएको थियो ।

अतः समग्रमा भन्नुपर्दा उत्त विद्यालयको कक्षा अवलोकनको क्रममा नवीन विषयवस्तुहरुको प्रयोग गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराइएको अवस्था न्युन रहेको पाइन्छ । जसले गर्दा विद्यार्थीहरु सिकाइमा कम उत्प्रेरित हुने देखिन्छ ।

### ४.१.३.२ शिक्षक अन्तर्वार्ता र विद्यार्थी लक्षित समुह छलफलबाट प्राप्त विवरण

नवीन विषयवस्तुहरु प्रयोग गरी शिक्षण गर्ने सम्वन्धमा अध्ययन गर्दा विद्यालय तहमा उत्त विद्यलयका शिक्षकहरुले उत्प्रेरणाका लागी प्रयोग गर्ने गरेका नवीन विषयवस्तुहरुलाई शिक्षकहरुसँगको प्रत्यक्ष अन्तर्वार्ता, विद्यार्थीहरुसँगको लक्षित समुह छलफलबाट प्राप्त तथ्यहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१.३.२: उत्प्रेरणाको रुपमा प्रयोग गएिका नवीन विषयवस्तुहरु**

| कक्षा | प्रयोग गरिएको नवीन विषयवस्तुहरु | |
|---|---|---|
| | शिक्षक अन्तर्वार्ता | विद्यार्थी छलफल |
| १ | नयाँ नयाँ बालगीत, कथा, कविताहरु, बाल साहित्यहरु, चुट्टकिलाहरु | नयाँ नयाँ बालगीत, कथाहरु |
| २ | नयाँ नयाँ बालगीत, कथा, कविताहरु, बाल साहित्यहरु, चुट्टकिलाहरु | नयाँ नयाँ बालगीत, कथाहरु, चुट्टकिलाहरु |
| ३ | नयाँ नयाँ बालगीत, कथा, कविताहरु, बाल साहित्यहरु, चुट्टकिलाहरु, नृत्य, नयाँ नयाँ खेलहरु | बालगीत, कथा, चुट्टकिला, नृत्य, नयाँ नयाँ खेलहरु |
| ४ | बाल साहित्यहरु, बाल पत्र पत्रिकाहरु, रेडियो, टेलिभिजनबाट प्राप्त सुचनाहरु | बाल पत्रिकाहरु, रेडियो, टेलिभिजनबाट प्राप्त सुचनाहरु |
| ५ | विषयसँग सम्बन्धित पत्रपत्रिकाहरु,समाचार, रेडियो टेलिभिजनबाट प्राप्त जानकारीहरु, समसामयिक घटनाहरु | पत्रपत्रिका, रेडियो टेलिभिजनबाट प्राप्त सुचनाहरु |
| ६ | पत्रपत्रिका, समाचर, रेडियो टेलिभिजनबाट प्राप्त सुचनाहरु, समसामयिक घटनाहरु, सन्दर्भ पुस्तकहरु | पत्रपत्रिका, समाचर, रेडियो टेलिभिजनबाट प्राप्त सुचनाहरु, समसामयिक घटनाहरु |
| ७ | पत्रपत्रिका, समाचर, रेडियो टेलिभिजनबाट प्राप्त सुचनाहरु, समसामयिक घटनाहरु, सन्दर्भ पुस्तकहरु, I.Q test | पत्रपत्रिका, समाचर, रेडियो टेलिभिजनबाट प्राप्त सुचनाहरु, समसामयिक घटनाहरु, I.Q test |
| ८ | पत्रपत्रिका, रेडियो टेलिभिजनबाट प्राप्त जानकारी, विभिन्न तस्विरहरु, चार्टहरु, समसामयिक घटनाहरु, सन्दर्भ पुस्तकहरु, I.Q test, सामान्य ज्ञान | विभिन्न तस्विरहरु, समसामयिक घटनाहरु, सन्दर्भ पुस्तकहरु, I.Q test, सामान्य ज्ञान |
| ९ | Email, Internet, रेडियो टेलिभिजन पत्रपत्रिकाबाट प्राप्त जानकारीहरु, विभिन्न तस्विर, चार्ट, सन्दर्भ पुस्तकहरु, I.Q test, सामान्य ज्ञान | पत्रपत्रिका समाचार बाट प्राप्त जानकारी, सन्दर्भ पुस्तकहरु, I.Q test, सामान्य ज्ञान |
| १० | Email, Internet, रेडियो टेलिभिजन पत्रपत्रिकाबाट प्राप्त जानकारीहरु, सन्दर्भ पुस्तकहरु, I.Q test, सामान्य ज्ञान, नयाँ नयाँ साहित्य सिर्जनाहरु | Email, Internet, रेडियो टेलिभिजन पत्रपत्रिकाबाट प्राप्त जानकारीहरु, नयाँ नयाँ साहित्य सिर्जनाहरु, सन्दर्भ पुस्तकहरु, I.Q test |

(स्रोत: स्थलगत अध्ययन,२०७०)

माथिको तालिकालाई विश्लेषण गर्दा शिक्षकहरुले विद्यार्थीहरुलाई उत्प्रेरित गराउन प्रयोग गर्ने नवीन विषयवस्तुहरुमा कक्षा १ मा शिक्षकहरुका अनुसार नयाँ नयाँ बालगीत, कथा, कविताहरु, बाल साहित्यहरु, चुट्किलाहरु प्रयोग गर्ने गरेको बताए पनि विद्यार्थीहरुका अनुसार नयाँ नयाँ बालगीत र कथाहरु मात्र प्रयोग गर्ने गरेको बताएका थिए । कक्षा २ मा शिक्षण गराउदा प्रयोग गरीने नवीन विषयवस्तुहरुमा शिक्षकहरुका अनुसार नयाँ नयाँ बालगीत, कथा, कविताहरु, बाल साहित्यहरु, चुट्किलाहरु नै प्रयोग गरीने गरेको पाइयो भने विद्यार्थीहरुका अनुसार नयाँ नयाँ बालगीत, कथा र चुट्किलाहरु प्रयोग गरीने गरेको पाइयो । कक्षा ३ मा प्रयोग गरीने नवीन विषयवस्तुहरुमा शिक्षक अन्तर्वार्तावाट प्राप्त तथ्य अनुसार नयाँ नयाँ बालगीत, कथा, कविताहरु, बाल साहित्यहरु, चुट्किलाहरु, नृत्य, नयाँ नयाँ खेलहरु प्रयोग गरी शिक्षण गरीने कुरा प्राप्त भएको छ । त्यस्तै विद्यार्थीहरुका अनुसार बालगीत, कथा, चुट्किला, नृत्य, र नयाँ नयाँ खेलहरु प्रयोग गरीने गरेको तथ्य प्राप्त भएको थियो । कक्षा ४ मा नवीन विषयवस्तुहरुको प्रयोगमा शिक्षक अन्तर्वार्तावाट प्राप्त तथ्य अनुसार बाल साहित्यहरु, बाल पत्रिकाहरु, रेडियो टेलिभिजनबाट प्राप्त जानकारीहरु प्रयोग गरीने गरेको पाइयो भने विद्यार्थी छलफलबाट प्राप्त तथ्य अनुसार बाल पत्रिकाहरु, रेडियो टेलिभजनबाट प्राप्त सुचनाहरु प्रयोग गरीने गरेको तथ्य प्राप्त भएको थियो ।

कक्षा ५ को शिक्षणमा प्रयोग गरीने नवीन विषयवस्तुहरुमा शिक्षकहरुका अनुसार पत्रपत्रिका, समाचार, रेडियो टेलिभिजनबाट प्राप्त सुचनाहरु, समसामयिक घटनाहरु प्रयोग गर्ने गरेको र विद्यार्थीहरुका अनुसार पत्रपत्रिका, रेडियो टेलिभिजनबाट प्राप्त जानकारीहरु मात्र प्रयोग गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराउने गरेको पाइयो । कक्षा ६ मा प्रयोग गरीने नवीन विषयवस्तुहरुमा शिक्षक अन्तर्वार्ताबाट प्राप्त विवरण अनुसार पत्रपत्रिका, समाचार, रेडियो टेलिभिजनबाट प्राप्त जानकारी, समसामयिक घटनाहरु, सन्दर्भ पुस्तकहरु प्रयोग गरी विद्यार्थीहरुलाई उत्प्रेरित गरेको तथ्य प्राप्त भयो । त्यस्तै विद्यार्थीहरुका अनुसार पत्रपत्रिका, समाचार, रेडियो टेलिभिजनबाट प्राप्त जानकारी, समसामयिक घटनाहरु प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य प्राप्त भएको थियो ।

कक्षा ७ मा प्रयोग गरीने नवीन विषयवस्तुहरुमा शिक्षक अन्तर्वार्तावाट प्राप्त जानकारी अनुसार पत्रपत्रिका, समाचार, रेडियो टेलिभिजनबाट प्राप्त जानकारी, समसामयिक घटनाहरु, सुचनाहरु, सन्दर्भ पुस्तकहरु, I.Q test जस्ता विषयहरु प्रयोग गरेको पाइयो भने विद्यार्थीहरुका अनुसार पत्रपत्रिका, समाचार, रेडियो टेलिभिजनबाट प्राप्त जानकारी, समसामयिक जानकारी I.Q test जस्ता विषयवस्तुहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउने गरेको तथ्य प्राप्त भएको थियो ।कक्षा ८ मा प्रयोग गरीने नवीन विषयवस्तुहरुमा शिक्षकहरुका अनुसार पत्रपत्रिका, समाचार, रेडियो टेलिभिजनबाट प्राप्त जानकारी, विभिन्न तस्विरहरु, चार्टहरु, समसामयिक घटनाहरु, सन्दर्भ पुस्तकहरु, I.Q test , सामान्य ज्ञान जस्ता नवीन विषयवस्तुहरु प्रयोग गरी शिक्षण गरेको तथ्य शिक्षक अन्तर्वार्ता वाट प्राप्त भएको थियो । त्यस्तै विद्यार्थीहरुका अनुसार विभिन्न तस्विरहरु, समसामयिक घटनाहरु, सन्दर्भ पुस्तकहरु, I.Q

test , सामान्य ज्ञान जस्ता नवीन विषयवस्तुहरु प्रयोग गरी शिक्षण गर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । कक्षा ९ मा नवीन विषयवस्तुहरु प्रंयोग गरी शिक्षण गरेकोमा शिक्षकहरुका अनुसार Email, Internet, रेडियो टेलिभिजन पत्रपत्रिकाबाट प्राप्त जानकारीहरु, विभिन्न तस्विरहरु, चार्टहरु, सन्दर्भ पुस्तकहरु, सामान्य ज्ञान, I.Q test, जस्ता नवीन विषयवस्तुहरु प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो भने विद्यार्थीहरुका अनुसार पत्रपत्रिकावाट प्रप्त जानकारी, सन्दर्भ पुस्तकहरु, I.Q test,सामान्य ज्ञान जस्ता नवीन विषयवस्तुहरु प्रयोग गरी शिक्षण गर्ने गरेको, तथ्य प्राप्त भएको थियो । कक्षा १० मा प्रयोग गरिएको नवीन विषयवस्तुहरुमा शिक्षक अन्तर्वार्तावाट जानकारी अनुसार Internet, पत्रपत्रिका, समाचार वाट प्राप्त जानकारीहरु, सन्दर्भ पुस्तकहरु, I.Q test, सामान्य ज्ञान, नयाँ नयाँ साहित्य सिर्जनाहरु प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो त्यस्तै विद्याथीहरुका अनुसार Internet, पत्रपत्रिका, समाचारवाट प्राप्त जानकारीहरु, नयाँ नयाँ साहित्य सिर्जनाहरु, I.Q test, सन्दर्भ पुस्तकहरु जस्ता नवीन विषयवस्तुहरु प्रयोग गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउने गरेको तथ्य अध्ययनवाट प्राप्त भएको थियो ।

अतः निष्कर्षमा भन्दा उक्त विद्यालयमा उत्प्रेरणाको रुपमा नवीन विषयवस्तुहरुको प्रयोग सन्तोषजनक नै रहेको तथ्य शिक्षक अन्तर्वार्ता र विद्यार्थीहरुको प्रत्यक्ष छलफलबाट प्राप्त भएको थियो ।

### ४.१.४ उत्प्रेरणाको रुपमा अतिरिक्त क्रियाकलापको प्रयोग

विद्यार्थीहरुलाई शिक्षणा सिकाइमा उत्प्रेरित गराउनको लागि विद्यालय र शिक्षकले विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने गरेको पाइन्छ । सामान्यतया अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुको मौलिकता, सिर्जनात्मक क्षमता बौद्धिकता जस्ता पक्षहरुको विकास गर्नमा सहयोग पुऱ्याउदछ ।

विद्यालय तहमा शिक्षकहरुले प्रयोग गरेका उत्प्रेरणाहरु शीर्षकमा गरिएको यस अध्ययनको क्रममा उक्त विद्यालयमा विद्यार्थीहरुलाई सिकाइमा क्रियाशील बनाउन र उत्प्रेरित गराउनको लागी विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गरीने गरेको तथ्य अध्ययनवाट प्राप्त भएको थियो । उक्त विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरुलाई निम्नानुसार तलिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१.४: उत्प्रेरणाको रुपमा अतिरिक्त क्रियाकलापको प्रयोग**

| क्र.सं. | समय | अतिरिक्त क्रियाकलाप |
|---|---|---|
| १. | प्रत्येक महिनाको पहिलो हप्ता | सांस्कृतिक कार्यक्रम (गीत, नृत्य र कविता प्रतियोगीता ) |
| २. | प्रत्येक महिनाको दोस्रो हप्ता | हाजीरी जवाफ प्रतियोगीता |
| ३. | प्रत्येक महिनाको तेस्रो हप्ता | वादविवाद प्रतियोगीता |
| ४. | प्रत्येक महिनाको चौथो हप्ता | वक्तृत्वकला र खेल प्रतियोगीता |

( स्रोत स्थलगत अध्ययन २०७० )

माथिको तालिकालाई विश्लेषण गर्दा उक्त विद्यालयमा सिकाइमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउने उद्धेश्यले प्रत्येक हप्ताको बुधबार अतिरिक्त क्रियाकलापको संचालन गर्ने गरेको पाइयो । जसमा महिनाको पहिलो हप्तामा साँस्कृतिक कार्यक्रम संचालन गर्ने गरेको पाइयो जसअन्तर्गत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुको प्रतिनिधित्व हुने गरी विभिन्न नृत्य प्रतियोगिता, गीत, कविता प्रतियोगिता संचालन गरी विद्यार्थीहरुको सिर्जनात्मक कलाको विकास गरीने गरेको तथ्य प्राप्त भएको थियो । त्यस्तै गरेर महिनाको दोस्रो हप्तामा हजिरी जवाफ प्रतियोगतिा संचालन गर्ने गरेको पाइयो । हाजिरीजवाफ प्रतियोगितामा विभिन्न समसामयिक जानकारीहरु प्रदान गरिने, त्यस्तै विषयवस्तुसँग सम्वन्धित पक्षहरुलाई पनि समावेश गरी विद्यार्थीहरुको ज्ञानलाई फराकिलो बनाउने प्रयास गरको पाइयो ।

त्यस्तै महिनाको तेस्रो हप्तामा वादविवाद, प्रतियोगिता संचालन गरि विद्यार्थीहरुको विभिन्न विषयवस्तुहरु प्रतिको तर्क गर्ने क्षमताको विकास गर्ने गरको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । त्यस्तै महिनाको चौथो वा अन्तिम हप्तामा वक्तृत्वकला र खेल प्रतियोगिता संचालन गरिने गरेको पाइयो । वक्तृत्वकला प्रतियोगिताबाट विद्यार्थीहरुको कुनै पनि विषय वस्तुप्रतिको व्याख्या विश्लेषण गर्ने क्षमताको विकास गर्ने र खेल प्रतीयोगिताबाट विद्यार्थीहरुको शारीरिक र मानसिक तन्दुरुस्तिको विकास गराउनको लागि उक्त अतिरिक्त क्रियाकलापहरु संचालन गराउने गरको पाइयो । यसरी विभिन्न अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थीहरुलाई सहभागी गराइ उत्कृष्ट अंक प्राप्त गर्ने प्रत्येक विद्याको प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्तर प्राप्त गर्ने विद्यार्थीहरुलाई वार्षिक उत्सवको अवसरमा पुरस्कृत गरी अझ बढी प्रेरीत गर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो ।

अतः निष्कर्षमा भन्दा उक्त विद्यालयमा उत्प्रेरणाको रुपमा अतिरिक्त क्रियाकलापलाई प्राथमिकताको आधारमा नै राखेर विद्यार्थीहरुलाई सिकाइ प्रति उत्प्रेरित गराउने प्रयास गरेको देखिन्छ ।

### ४.१.५ उत्प्रेरणाको रुपमा पुरस्कार र दण्डको प्रयोग

पुरस्कारको प्रयोग दण्डको तुलनामा ज्यादा प्रभावकारी मानिन्छ । पुरस्कारले विद्यार्थीको अन्तर्निहित प्रतिभाको प्रष्फुटनमा विकास गर्ने र दण्डले त्यसलाई कुण्ठित पार्न सक्ने विभिन्न विचारहरु पाइन्छन् । कक्षा शिक्षणको वातावरण र विद्यार्थीहरुको क्रियाकलापलाई विचार गरी सामान्य दण्डको ब्यावस्थाले पनि कक्षा शिक्षणमा सहयोग पुगेको उदाहरण पाइन्छन् ( शर्मा एण्ड शर्मा, २०५९ पृ. १७८ ) ।

पुरस्कारले विद्यार्थीहरुको सिकाइमा सकारात्मका असर पार्दछ भने दण्डले विद्यार्थीहरुको सिकाइमा नकारात्मका असर पार्दछ तर पनि शिक्षण सिकाइको क्रममा विभिन्न विद्यालयहरुमा शिक्षकहरुल अझै पनि पुरस्कार दण्ड दुवैलाई प्रयोग गरी शिक्षण कार्यलाई अगाडी बढाएको पाइन्छ । उक्त विद्यालयमा उत्प्रेरणाको रुपमा पुरस्कार र दण्डको प्रयोग निम्नानुसार रहेको पाइयो ।

### ४.१.५.१ कक्षा अवलोकनबाट प्राप्त विवरण

विद्यालय तहको शिक्षकले प्रयोग गरेको उत्प्रेरणा शीर्षकको यस अध्ययनमा उक्त विद्यालयको कक्षा १ देखी १० सम्मको प्रत्येक कक्षाको २-२ वटा घण्टीको कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकनको क्रममा कक्षा १ मा कुनै पनि पुरस्कारको प्रयोग गरीएन भने गृहकार्य नगर्ने र भनेको नमान्ने विद्यार्थीहरुलाई समान्य दण्डको प्रयोग गरिएको थियो । त्यस्तै कक्षा २ मा कक्षा अवलोकनको क्रममा पुरस्कारको रुपमा पढाइप्रति उत्सुक र प्रश्नको उत्तर मिलाउने विद्यार्थीहरुलाई स्यावासी र धन्यवाद दिएर सिकाइ प्रति प्रेरित गराइएको पाइयो भने शिक्षकले कुनै पनि विद्यार्थीलाई दण्डको प्रयोग नगरी शिक्षण गराइएको पाइयो । कक्षा अवलोकन कै क्रममा कक्षा ३ मा पुरस्कार र दण्डको प्रयोग नगरीकन नै कक्षा शिक्षण गराइएको पाइयो । कक्षा ४ मा कक्षा अवलोकनको क्रममा पुरस्कारको प्रयोग नगरेको पाइयो भने गृहकार्य नगर्ने र कक्षा समयमा वाहिर अल्मलिने विद्यार्थीहरुलाई सानो बाँसको छडीले पीटेर दण्डको प्रयोग गरेको पाइयो ।

कक्षा ५ मा कक्षा अवलोकनको क्रममा पनि सामान्य पुरस्कार र दण्डको प्रयोग गरेको पाइयो । पुरस्कारको रुपमा पढ्ने गृहकार्य गर्ने र प्रश्नको उत्तर मिलाउने विद्यार्थीहरुलाई स्यावासी, धन्यवाद तथा हौंसला प्रदान गरी विद्यार्थीहरुलाई सिकाइप्रति उत्प्रेरित गराइएको पाइयो भने गृहकार्य नगर्ने, नपढ्ने र प्रश्नको उत्तर नमिलाउने विद्यार्थीहरुलाई सामान्य दण्डको व्यवस्था गरी शिक्षण गरेको पाइयो । कक्षा ६ मा कक्षा अवलोकनको क्रममा पुरस्कारको प्रयोग नगरी शिक्षण गराइयो भने केही विद्यार्थीहरुलाई कन्सीरी तान्ने, अगाडी लगेर उभिन लगाउने जस्ता क्रियाकलापहरु गरी दण्डको प्रयोग गरिएको पाइयो । कक्षा ७ मा शिक्षणको क्रममा शिक्षकले कुनै पनि किसिमको पुरस्कार र दण्डको प्रयोग नगरीकन कक्षा शिक्षण गरिएको पाइयो । कक्षा ८ को शिक्षणमा पुरस्कारको रुपमा सामान्य धन्यवाद, स्यावासी जस्ता शब्दहरु प्रयोग गरीयो भने दण्डको प्रयोग भएको पाइएन । कक्षा ९ मा कक्षा अवलोकनको क्रममा कक्षा शिक्षणमा शिक्षकले पुरस्कार र दण्ड दुवैलाई प्रयोग नगरीकन नै शिक्षण गरिएको पाइयो । त्यस्तै कक्षा १० को कक्षा शिक्षण पुर्णरुपमा शिक्षक केन्द्रित भएको हुदा पुरस्कार र दण्ड दुवैलाई ध्यान नदिइ कितावमा भएको कोरा ज्ञानलाई मात्र प्रस्तुत गरिएको देखियो ।

### ४.१.५.२ शिक्षक अन्तर्वार्ता र विद्यार्थी छलफलवाट प्रप्त विवरण

उक्त विद्यालयमा गरिएको शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु शीर्षकको अध्ययनमा शिक्षकले विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउनको लागी पुरस्कार र दण्डलाई प्रयोग गर्ने गरेको तथ्य शिक्षक अन्तर्वार्ता र विद्यार्थी छलफलबाट प्राप्त भएको थियो ।

शिक्षक अन्तर्वार्ताको क्रममा शिक्षकहरुका अनुसार उक्त विद्यालयमा शिक्षकहरुले विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागी समयसमयमा पुरस्कारको प्रयोग गराउने गरेको पाइयो । जसमा विद्यार्थीहरुलाई एकाइ परीक्षा, कक्षा कार्य, गृहकार्य, अनुशासन, कक्षाको नियमितता, जेहेन्दार विद्यार्थीलाई प्रत्येक कक्षामा छनौट गरी आकर्षक पुरस्कारको ब्यवस्था गर्ने गरेको पाइयो । त्यस्तै विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी भइ प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीहरुलाई पनि आकर्षक पुरस्कारको व्यावस्था गराइ उत्प्रेरित गराउने गरेको पाइयो । वार्षिक परीक्षामा उत्तीर्ण हुदा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीहरुलाई पनि पुरस्कार प्रदान गरी सिकाइमा उत्प्रेरित गराउने गरेको पाइयो । त्यस्तै कक्षा शिक्षण कै समयमा पुरस्कारको रुपमा स्यावासी, धन्यवाद, कुनै कार्य गरेवापत Notecopy मा अंक दिएर हौंसला प्रदान गरेको पाइयो ।

विद्यार्थीहरुसँगको छलफलको क्रममा विद्यार्थीहरुका अनुसार कक्षा कार्य, गृहकार्य, एकाइ परीक्षा, कक्षामा नियमितता, इमान्दारिता, जेहेन्दार जस्ता पक्षहरुमा उच्च अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गर्ने गरेको पाइयो । त्यस्तै अतिरिक्त क्रियाकलापहरु, वार्षीक परीक्षामा उत्तीर्ण हुदा प्रथम, द्वित्तीय,तृत्तीय र सान्त्वना हुने प्रत्येक कक्षाका विद्यार्थीहरुलाई आकर्षक पुरस्कारको प्रदान गरी उत्प्रेरित गर्ने गरेको तथ्य विद्यार्थीहरुको छलफलबाट प्राप्त भएको थियो ।

उत्प्रेरणाको रुपमा दण्डको प्रयोगमा शिक्षकहरुका अनुसार दण्डको प्रयोग गर्नु त्यति उपयुक्त नभए पनि विद्यार्थीहरुलाई कुनै कुनै समयमा दण्डको प्रयोग पनि गर्नुपर्ने वाध्यता भएकाले यसलाई पनि शिक्षण सिकाइमा प्रयोग गर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भयो । जसमा दण्डको रुपमा शिक्षकहरुले विद्यार्थीहरुलाई सामान्य रुपमा लौरीले पीट्ने, कन्सीरी तानीदिने, साना कक्षाका केटाकेटीहरुलाई उठबस गराउने, घुडा टेकाउने र ठुला कक्षाका केटाकेटीहरुलाई अगाडी लगेर उभ्याउने, कक्षाबाट बाहिर निकाल्ने जस्ता क्रियाकलापहरु अवस्था हेरी गराइ दण्डको प्रयोग गर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भयो ।

विद्यार्थीहरुका अनुसार कक्षा शिक्षणमा दण्डको प्रयोग शिक्षकले प्रायजसो कुनै न कुनै विद्यार्थीलाई कुनै न कुनै रुपमा दण्डको प्रयोग गरीरहने गरेको तथ्य प्राप्त भएको थियो । शिक्षकले प्रयोग गर्ने गरेको दण्डहरुमा लौरीले पीट्ने, घुँडा टेकाउने, कान तान्ने, कनसिरी तानीदिने, झापड लगाउने, विभिन्न जनावरको आवाजमा कराउन लगाउने, कक्षबाट बाहिर निकाल्ने, अफिस कोठामा लगेर पिट्ने,

कक्षाको अगाडी लगेर उभिन लगाउने जस्ता क्रियाकलापहरु गरेरे दण्डकोक प्रयोग गर्ने गरेको तथ्य उक्त अध्ययनमा पाइएको थियो ।

अत निष्कर्षमा  भन्दा उत्त विद्यालयमा पुरस्कार र दण्डको प्रयोग गरेर विद्यार्थीहरुलाई उत्प्रेरित गराउने प्रयास गरेको पाइयो जसमा पुरस्कार भन्दा दण्डको प्रयोग बढी गर्ने गरेको देखिन्छ । पुरस्कारको प्रयोग पनि उपयुक्त नै रहेको देखिन्छ । अत उत्त विद्यालयमा पुरस्कार र दण्डले विद्यार्थीहरुलाई उपयुक्त मात्रामा नै उत्प्रेरित गराउने गरेको देखियो ।

### ४.१.६ उत्प्रेरणाको रुपमा प्रतिस्पर्धा र सहयोगको वातावरण  निर्माणमा जोड

साझा लक्ष्य प्राप्ति गर्नका लागी अरुको इच्छा नदबाइकन अरुलेभन्दा बढी र अरुले भन्दा चाँडो लक्ष्य प्राप्ति गर्ने चाहनाले गरीने प्रयास वा लक्ष्य पाप्तिको दौडमा अरुलाई उछीन्ने र आफु अगाडी जान खोज्नु प्रतिस्पर्धा हो । प्रतिस्पर्धाले व्यत्तिलाई सक्षम, कार्यप्रति लगनशील र क्रियाशील गराउछ । कक्षामा शिक्षण गराउदा शिक्षकले विद्याथीहरुमा स्वस्थ्य प्रतिस्पर्धाको भावना जगाइदिनु पर्दछ । यसो गर्न सकेको खण्डमा कक्षा शिक्षणमा उत्प्रेरणा बढाउन सकिन्छ  ( पोखेल,२०६४, पृ. १९६ ) ।

सहयोग भन्नाले साझा लक्ष्य प्राप्त गर्नका लागि एक आपसमा मिलेर काम गर्नु भन्ने बुझिन्छ । विद्यार्थीले सिक्न चाहदा चाहदै पनि कहिलेकाही असफल हुन सक्छ असफलताले मानिसलाई पलायनतिर उन्मुख गराउदछ । त्यसैले विद्यार्थीले नजानेको बेलामा सिक्न चाहदा चाहदै पनि असफल भएको बेलामा सिक्न सहयोग गर्नुपर्छ । सहयोगले व्यत्तिमा सिक्ने उत्साह जगाउछ । कक्षा शिक्षण गराउदा शिक्षकले जान्ने विद्यार्थीको सहयोग लिएर नजान्ने विद्यार्थीलाई सिक्न सहयोग गर्ने वातावरण सिर्जना गर्नुपर्छ । यसले गर्दा जान्ने विद्यार्थीहरुलाई आत्मसन्तुष्टि हुन्छ र अरु थप नयाँ कुरा सिक्न उत्प्रेरित हुन्छन भने कमजोर विद्यार्थीहरुको पनि मनोवल बढ्छ र सिक्न  उत्प्रेरित हुन्छन् र साथीहरुले शिक्षकले सिक्न सहयोग गर्छन भन्ने विश्वास भएपछी कमजोर विद्यार्थीमा पनि सिकाइप्रति चासो बढ्न जान्छ ( पोखेल,२०६४, पृ. १९५ ) ।

विद्यालय तहमा गरिएको यस अध्ययनमा उत्त विद्यालयमा उत्प्रेरणाको लागी विद्यार्थीहरुमाझ शिक्षकले प्रयोग गरेको प्रतिस्पर्धा र सहयोगको वातावरण निम्नानुसार रहेको पाइएको थियो ।

#### ४.१.६.१ कक्षा अवलोकनवाट प्राप्त विवरण

उक्त विद्यालयको कक्षा १ देखी कक्षा १० सम्मकै प्रत्येक कक्षाको २-२ वटा पेरीयडको कक्षा अवलोकनको क्रममा उत्प्रेरणाको रुपमा कक्षा १ मा प्रतिस्पर्धाको वातावरण नभएको पाइयो भने सिकाइका लागी सहयोगको वातावरण भने प्रदान गरिएको थियो ।  विद्यार्थीहरुलाई बाह्रखरी भन्न र लेख्नका लागी शिक्षकले सहयोग गरी सिकाइ कार्यलाई अगाडी बढाएको पइयो । कक्षा २ मा कक्षा

अवलोकनको क्रममा पनि प्रतिस्पर्धाको प्रयोग गरीएन भने सहयोगको वातावरण निर्माण गरेर नै शिक्षण गरेको पइयो । कक्षा ३ मा कक्षा अवलोकनको क्रममा प्रतिस्पर्धा र सहयोगको वातावरण सिर्जना गरेर शिक्षण गरेको पाइयो । प्रतिस्पर्धाको रुपमा विद्यार्थीहरुलाई ४ वटा समुहमा बाडिएको थियो र स्थानीय गीत गाउन लगाइएको थियो जसमा कस्ले राम्रो गीत गाउने भन्ने प्रतिस्पर्धा रहेको पाइयो । त्यस्तै सहयोगको रुपमा शिक्षकले प्रत्येक समुहलाई गीत गाउनको लागी सहयोग गरी शिक्षण गराएको पइयो । कक्षा ४ मा कक्षा अवलोकनको क्रममा शिक्षकले कुनै पनि किसिमको प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण गरेको पइएन । उत्त कक्षा शिक्षणमा शिक्षकले विषयवस्तुको वारेमा प्रश्नोत्तर र ब्याख्या वर्णन गरेर मात्र शिक्षण गरेको पाइयो ।

कक्षा ५ को कक्षा अवलोकनमा पनि प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण नगरीकन नै कक्षा शिक्षण गरेको पइयो । शिक्षणको क्रममा शिक्षकले शिक्षक केन्द्रित क्रियाकलापहरु मात्र संचालन गरी शिक्षण गरेको पाइयो । कक्षा ६ मा कक्षा अवलोकनमा पनि प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण नगरी शिक्षण गरेको पइयो । त्यस्तै कक्षा ७ मा पनि प्रतिस्पर्धा र सहयोगको वातावरण सिर्जना नगरी शिक्षण गरेको पइयो । दुवै कक्षामा शिक्षकले वर्णन, प्रश्नोत्तर, ब्यख्यात्मक रुपमा विषयवस्तुलाई प्रस्तुत गरेर कक्षा शिक्षण गरेको पइयो । कक्षा ८ मा कक्षा अवलोकनको क्रममा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरेको पइएको थियो । उत्त कक्षा शिक्षणमा शिक्षकले विद्यार्थीहरुलाई ४ वटा समुहमा विभाजन गरी ४ वटै समुहलाई एक एक वटा रष्ट्रिय ब्यत्तित्वहरुको वारेमा वर्णन गर्नका लागी निश्चित समय निर्धारण गरी वर्णन गर्न लगाइएको थियो । जसमा विद्यार्थीहरुले प्रतिस्पर्धाको रुपमा एक आपसमा वर्णन गरेको पइयो । यस कक्षा शिक्षणमा सहयोगको वातावरण भने नभएको पइयो ।

कक्षा ९ को कक्षा अवलोकनमा प्रतिस्पर्धाको प्रयोग नभएको तर सहयोगको भने प्रयोग गरेको पाइएको थियो । जसमा शिक्षकले विज्ञान विषयको पेरियोडीक तालिकाको अध्ययन गर्नका लागी प्रत्येक विद्यार्थीहरुलाई सहयोग गर्ने वातावरण मिलाइएको थियो । जान्ने विद्यार्थीहरुले नजान्ने विद्यार्थीहरुलाई सहयोग गरी सिकाइ कार्यलाई अझ प्रभावकारी बनाएको पइयो । कक्षा १० मा कक्षा अवलोकनको क्रममा भने प्रतिस्पर्धा र सहयोग दुवैको प्रयोग नभएको पाइयो । कक्षा १० मा अर्थशास्त्र विषय अध्यापन गराउदा शिक्षकले ब्याख्यान विधिको बढी प्रयोग गरी पुर्णत शिक्षक केन्द्रित वातावरणमा कक्षा शिक्षण गरेको हुनाले प्रतिस्पर्धा र सहयोगको वातावरण नभएको पाइयो ।

### ४.१.६.२ शिक्षक अन्तर्वार्ता र विद्यार्थी छलफलबाट प्राप्त विवरण

प्रतिस्पर्धा र सहयोगको वातावरण सिर्जना गरेर पनि विद्यार्थीहरुलाई सिकाइका लागी उत्प्रेरित गराउन सकिन्छ । यसै क्रममा उक्त विद्यालयमा प्रतिस्पर्धा र सहयोगको वातावरण सिर्जना गरेर शिक्षण गराउने स्थिति अध्ययन गर्दा शिक्षकहरुसँगको अन्तर्वार्ता र विद्यार्थीहरुसँग लक्षित समुह छलफल गरिएको थियो । शिक्षकहरुका अनुसार उत्त विद्यालयमा प्रतिस्पर्धा र सहयोगको वातावरण सिर्जना गरेर शिक्षण

गराउने गरेको तथ्य प्राप्त भएको थियो । प्रतिस्पर्धाको सिर्जना प्रत्येक कक्षामा गराउने गरेको पइयो जसमा विषयवस्तुअनुसार कक्षाकार्य, गृहकार्य, समुहकार्य, विभिन्न अतिरिक्त क्रियाकलापहरु, विभिन्न प्रतिभाहरु, सामान्य ज्ञान, I.Q test, विषयवस्तुमा दक्षता, चित्रकला, ब्याख्या, वर्णन, समस्या समाधान, प्रस्तुतिकरण जस्ता पक्षहरुमा प्रत्येक कक्षाको विद्याथीहरुमाझ प्रतिस्पर्धा गराइ शिक्षण गराइ विद्यार्थीहरुलाई सिकाइ कार्यमा उत्प्रेरित गराउने गरेको तथ्य शिक्षकहरुसँगको अन्तर्वार्तावाट प्राप्त भएको थियो ।

त्यस्तै सहयोगको वातावरणमा पनि प्रत्येक कक्षाका विद्यार्थीहरुमा सिर्जना गराइ शिक्षण गराउने गरेको पाइयो । जसमा कक्षाकार्य, गृहकार्य, समुहकार्य, चित्रकला, समस्या समाधान, लेखनशैली, विषयवस्तुको प्रस्तुतीकरण क्षमता, प्रयोगात्मक कार्य, परियोजना कार्य जस्ता पक्षहरुमा शिक्षकले विशेष सहयोग गर्ने जान्ने नजान्ने विद्यार्थीहरुलाई विचार गरी सहयोग गर्ने र जान्ने विद्यार्थीहरुलाई पनि नजान्ने विद्यार्थीहरुलाई एक आपसमा सहयोग गर्नका लागी विशेष पहल गराइ कक्षाकोठामा सहयोगको वातावरण निर्माणमा जोड दिने गरेको तथ्य शिक्षकहरुसँगको अन्तर्वार्तावाट प्राप्त भएको थियो ।

विद्यार्थीहरुका अनुसार प्रतिस्पर्धा र सहयोगको वातावरण कमै मात्रामा हुने गरेको तथ्य विद्यार्थीहरुबाट प्राप्त भएको थियो । जसमा शिक्षकले विद्यार्थीहरुलाई कक्षा र विषय अनुसार प्रतिस्पर्धाको रुपमा समुहकार्य गराउने, ब्याख्या वर्णन गर्न लगाउने, समस्या समाधान गर्न लगाउने, चित्रकला, विभिन्न प्रतिभा, I.Q test, सामान्यज्ञान जस्ता विषयवस्तुहरुमा एक आपसमा प्रतिस्पर्धाको भावना जगाइ कक्षा शिक्षण गराउने गरेको तथ्य अध्ययनबाट प्राप्त भयो ।

सहयोगको वातावरणमा प्रतिस्पर्धाको तुलनामा कम गर्ने गरेको तथ्य विद्यार्थीहरुसँगको छलफलवाट प्राप्त भएको थियो । प्रायगरी शिक्षकहरुले नजानेको विषयमा विशेष रुपमा सहयोग नगर्ने गरेको पाइयो । प्रत्येक नजान्ने विद्यार्थीहरुलाई ध्यान दिएर सम्वन्धित विषयमा विशेष सहयोग गर्नुपर्नेमा उक्त कुरा नगरेको अवस्था उत्त विद्यालयमा रहेको तथ्य विद्यार्थी छलफलवाट प्राप्त भएको थियो । सहयोगको वातावरण निर्माण गर्ने तर त्यो मात्रा न्युन र सबै विद्यार्थीहरुमा पुग्ने किसिमको सहयोग निर्माणमा विशेष प्रयास नभएको तथ्य अध्ययनवाट प्राप्त भएको थियो ।

अत निष्कर्षमा भन्न सकिन्छ उक्त विद्यालयमा विद्यार्थीहरुमाझ प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण गरेर नै उत्प्रेरणाको प्रयोग गर्ने गरेको पाइयो तर प्रतिस्पर्धाको तुलनामा सहयोगी वातावरण चै कम हुने गरेको देखिन्छ ।

### ४.१.७ उत्प्रेरणाको रुपमा मनोरञ्जनात्मक क्रियाकलापहरु

कक्षाकोठामा आनन्ददायी वातावरण वनाउन सक्नु दुखदायी वातावरणको तुलनामा ज्यादै राम्रो मानिन्छ (शर्मा एण्ड शर्मा,२०५९, पृ.१७९) । कुनैपनि कार्यलाई दिक्कलाग्दो अल्छीलाग्दो बन्न नदिनको लागी समय समयमा मनेरञ्जनले महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । त्यस्तै सिकाइ कार्यलाई सधैभरी ताजापन बनाइराख्नका लागी प्रत्येक विद्यालयले र विद्यालयको शिक्षकले मनोरञ्जनात्मक वातावरण बाट पनि शिक्षण गराउनु उपयुक्त हुन्छ । यस अध्ययनको क्रममा उक्त विद्यालयमा विद्यार्थीहरुको उत्प्रेरणाको रुपमा मनोरञ्जनात्मक वातावरणको सिर्जना गराई शिक्षण गरेको तथ्यलाई निम्नानुसार ब्याख्या, विश्लेषण गरिएको छ ।

#### ४.१.७.१ कक्षा अवलोकनवाट प्राप्त विवरण

उक्त विद्यालयमा विद्यार्थीहरुलाई उत्प्रेरित गर्नका लागी मनोरञ्जनात्मक वातावरणको सिर्जना गराइ कक्षा शिक्षण गराइएको अवस्था अध्ययन गर्न कक्षा १ देखी १० सम्मकै प्रत्येक कक्षाको २-२ वटा घण्टीको कक्षा अवलोकन गरिएको थियो । जसमा कक्षा १ र कक्षा २ मा मनोरञ्जनात्मक क्रियाकलापको प्रयोग नगरीकन कक्षा शिक्षण गरेको पाइयो । कक्षा ३ मा सिर्जनात्मक कला विषय नै मनोरञ्जन प्रदान गर्ने विषय भएकोले विभिन्न स्थानीय गीतहरु विद्यार्थीहरुलाई गाउन लगाइएको थियो । त्यस्तै कागजबाट बनेका विभिन्न सामानहरु बनाउन लगाइ मनोरञ्जनात्मक वातावरणमा शिक्षण भएको थियो । कक्षा ४ मा कक्षा अवलोकनको क्रममा कुनै पनि प्रकारको मनोरञ्जनात्मक क्रियाकलापको प्रयोग गरीएन । त्यस्तै कक्षा अवलोकनकै क्रममा कक्षा ५ मा पनि कुनै किसिमको मनोरञ्जनात्मक क्रियाकलापको प्रयोग नगरेको पाइयो । कक्षा ६ को कक्षा अवलोकनमा शिक्षकले शिक्षणको क्रममा मनोरञ्जनको लागी कथा वाचन गरी कक्षा शिक्षण गरेको पाइयो जसबाट विद्यार्थीहरु सिकाइमा उत्प्रेरित भएका थिए । कक्षा ७ र ८ मा कक्षा अवलोकनको क्रममा मनोरञ्जनको लागी शिक्षकले कुनै पनि किसिमको क्रियाकलापहरु नगरेको दाखियो । कक्षा ९ मा शिक्षकले दिमाग खियाउने प्रश्न सोधी विद्यार्थीहरुको ध्यान केन्द्रित गरिएको थियो । त्यस्तै केही चुट्टकिलाहरु पनि प्रस्तुत गरिएको थियो जसवाट विद्यार्थीहरु केही मात्रामा भएपनि उत्सुक भएका थिए । कक्षा १० को शिक्षणमा भने मनोरञ्जनत्मक कार्यहरु नगरी शिक्षकले ब्याख्यान विधि, प्रश्नोत्तर विधि प्रयोग गरी शिक्षक केन्द्रित रुपमा नै शिक्षण गरेको देखियो ।

#### ४.१.७.२ शिक्षक अन्तर्वार्ता र विद्यार्थी छलफलवाट प्राप्त विवरण

सिकाइ कार्यमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागी विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरु संचालन गरीने गरेको पाइन्छ । उक्त विद्यालयमा संचालन गरीने मनोरञ्जनात्मक क्रियाकलापहरु पत्ता लगाउन शिक्षकहरुसँगको प्रत्यक्ष अन्तर्वार्ता र प्रत्येक कक्षाका सम्पुर्ण विद्यार्थीहरुसँगको लक्षित समुह छलफल गरिएको थियो । उक्त विद्यालयमा प्रयोग गरीने मनोरञ्जनात्मक क्रियाकलापहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१.७.२: उत्प्रेरणाको रुपमा मनोरञ्जनात्मक क्रियाकलापहरु**

| क.सं. | मनोरञ्जनात्मक क्रियाकलापहरु | |
|---|---|---|
| | शिक्षक अन्तर्वार्ता | विद्यार्थी छलफल |
| १. | विभिन्न गीतहरु सुनाउने, सुन्ने, गाउने | विभिन्न गीतहरु गाउने र सुनाउने |
| २. | गीत, नृत्यबाट मनोरञ्जन गराउने, कथा कविता सुनाउने | नृत्य, गीत, कथा, कवितावाट मनोरञ्जन गराउने |
| ३. | चुट्टकिलाबाट | चुट्टकिलाबाट |
| ४. | दिमाग खियाउने प्रश्नहरु सोध्ने | विभिन्न खेलहरु खेलाउने |
| ५ | विभिन्न खेलहरु खेलाउने | आर्ट ( विभिन्न चित्रहरु बनाउने ) |
| ७. | विभिन्न कुराहरुको नक्कल गर्ने, गराउने | बौद्धिक खेलहरु खेलाउने |
| ८. | आर्ट ( विभिन्न चित्रहरु बनाउने ) | अन्ताक्षरी खेलाउने |
| ९. | बौद्धिक खेलहरु खेलाउने | |
| १०. | अन्ताक्षरी खेलाउने | |

(स्रोत स्थलगत अध्ययन, २०७०)

माथिको तालिकालाई विश्लेषण गर्दा उक्त विद्यालयमा शिक्षकहरुले कक्षा र विषयअनुसार विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरु गराउने गरेको दखिन्छ । शिक्षकहरुका अनुसार प्रयोग गरीने मनोरञ्जनात्मक क्रियाकलापहरुमा विभिन्न गीतहरु सुनाउने र गाउन लगाउने, नाच्न लगाउने, कथा गीतहरु सुनाउने र भन्न लगाउने, चुट्टकिलाहरु सुनाउने र भन्न लगाउने, दीमाग खीयाउने प्रश्नहरुबाट दीमाग खियाउन लगाउने, विभिन्न खेलहरु खेलाउने जस्तै भलिबल, फुटबल, ब्याडमिन्टन, चेस, लुडो आदी, विभिन्न कुराहरुको नक्कल गर्न लगाउने, आर्टहरु गर्न लगाउने, अन्ताक्षरी खेलउने जस्ता क्रियाकलापहरु कक्षा र विषयवस्तुअनुसार सबै कक्षामा गरीने तथ्य शिक्षक अन्तर्वार्तावाट प्राप्त भएको थियो ।

यस अध्ययनमा विद्यार्थीहरुसँगको छलफलमा प्रत्येक कक्षाको विद्यार्थीहरुसँग छलफल गरी प्रयोग गरीएका मनोरञ्जनात्मक क्रियाकलापहरु पत्ता लगाइएको थियो । यस अन्तर्गत गीतहरु सुनाउने, गीतहरु गाउन लगाउने, नृत्य प्रस्तुत गर्न लगाउने, कथा कविता चुट्टकिला सुन्न तथा भन्न लगाउने, विभिन्न खेलहरु खेलाउने, विभिन्न आर्टहरु गर्न लगाउने, विभिन्न बौद्धिक खेलहरु खेलाउने, अन्ताक्षरी खेलाउने आदी पक्षहरुमा विद्यार्थीहरुलाई नै सहभागी गराइ मनोरञ्जनात्मक वातावरणको निर्माण गरेको पाइन्छ ।

अत निष्कर्षमा भन्न सकिन्छ की उक्त विद्यालयमा उत्प्रेरणाको रुपमा मनोरञ्जनात्मक क्रियाकलापको अवस्था राम्रो नै रहेको देखिन्छ जसले गर्दा विद्यार्थीहरुलाई सिकाइकार्यमा उत्सुक भइ सिक्नका लागी प्रेरित गर्दछ ।

### ४.१.८ उत्प्रेरणाको रुपमा विद्यार्थीहरुको परीणाम ( **Result** ) को प्रयोग

जव कुनै विद्यार्थीले आफ्नो सफलता र प्रगति विवरणको बारेमा थाहा पाउदछ ऊ अझ बढी र राम्रो रुपमा सिक्नका लागि उत्प्रेरित हुन्छ । किनभने उसको रुची वा इच्छा हुन्छ अझ बढी राम्रो र सफल हुन्छ । त्यस्तै परिणामले विद्यार्थीको कमी कमजोरीलाई सुधार गर्नका लागि पनि सहयोग गर्दछ । त्यसैले विद्यार्थीको परिणामलाई समय समयमा प्रकाशित गरी दिनु पर्दछ (ready,2006, p.193) ।

विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागि शिक्षकहरुले विद्यार्थीहरुको सफलता, प्रगति विवरण र उपलब्धीको मूल्याङ्कन गरी त्यसको परिणाम प्रकाशित गरी विद्यार्थीहरुलाई सिकाइका लागि उत्प्रेरित गराउने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । अध्ययनको क्रममा उक्त विद्यालयमा विद्यार्थीहरुको परिणाम के कसरी मापन गरीन्छ र त्यसबाट विद्यार्थीहरु के कति मात्रामा उत्प्रेरित भएका छन् भन्ने सम्बन्धमा अध्ययन गर्दा कक्षा १ देखि कक्षा १० सम्मकै सम्पूर्ण विद्यार्थीहरु र शिक्षकहरुसँग प्रत्यक्ष रुपमा छलफल गरी तथ्य जानकारी संकलन गरिएको थियो । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तलिका ४.१.८: उत्प्रेरणाको रुपमा विद्यार्थीहरुको परिणामको प्रयोग**

| क. स. | परिणाम मापनका पक्षहरु | |
|---|---|---|
| | शिक्षक अन्तर्वार्ता | विद्यार्थी छलफल |
| १ | कक्षा कार्य | गृहकार्य |
| २ | गृहकार्य | लेखन सीप |
| ३ | लेखन सीप | आर्ट वा कला |
| ४ | आर्ट वा कला | सिर्जनशीलता वा मौलिकता |
| ५ | सिर्जनशीलता वा मौलिकता | विद्यालयमा उस्थितिको मात्रा |
| ६ | विद्यालयमा उपस्थितिको मात्रा | विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता |
| ७ | विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागिता | अनुशासनको पालना |
| ८ | अनुशासनको पालना | प्रथम त्रैमासिक परीक्षा |
| ९ | एकाइ परीक्षा | द्वितीय त्रैमासिक परीक्षा |
| १० | प्रथम त्रैमासिक परीक्षा | वार्षिक परीक्षा |
| ११ | द्वितीय त्रैमासिक परीक्षा | |
| १२ | वार्षिक परीक्षा | |

(स्रोत : स्थलगत अध्ययन, २०७०)

माथिको तालिकालाई विश्लेषण गर्दा उक्त विद्यालयमा शिक्षकहरुका अनुसार विद्यार्थीहरुमा सिकाइ सम्वन्धी विभिन्न क्रियाकलापहरु संचालन गराइ उक्त क्रियाकलापहरुको परिणामको बारेमा जानकारी प्रदान गरी विद्यार्थीहरुलाई हौसला प्रदान गराउने र कमी कमजोरी भए सुधार गर्नका लागि सहयोग गर्ने तथ्य प्राप्त भएको थियो । विद्यार्थीहरुको प्रगति विवरण वा परिणाम मापन गर्ने पक्षहरुमा

शिक्षकहरुका अनुसार कक्षा कार्य, गृहकार्य, लेखनसीप, आर्ट वा कला, सिर्जजनशीलता वा मौलिकता, विद्यालयमा उपस्थितिको मात्रा, अनुशासनको पालना, विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता, एकाइ परीक्षा, प्रथम त्रैमासिक परीक्षाा, द्वितिय त्रैमासिक परीक्षा, वार्षिक परीक्षा जस्ता पक्षहरुको समय समयमा विषय  र कक्षा अनुसार मूल्याङ्कन गरी त्यसको परिणामको बारेमा जानकारी गराउने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । जसले गर्दा विद्यार्थीहरुको सिकाइ प्रतिको परिणाम जानकारी भइ उत्साहित भइ अझ बढी सिक्न प्रेरित गरउने र कमी कमजोरी भए थप सुधार गर्नका लागि प्रेरणा प्रदान गरेको पाइयो ।

विद्यार्थीहरुसँगको छलफलबाट प्राप्त तथ्य अनुसार उक्त विद्यालयमा सिकाइका विभिन्न पक्षहरुमा मूल्याङ्कन गरी त्यसको परिणाम प्रतिको जानकारी प्रदान गर्दे गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । विद्यार्थीहरुका अनुसार उक्त विद्यालयमा गृहकार्य, लेखन सीप, आर्ट वा कला, सिर्जनशीलता वा मौलिकता, विद्यालयमा उपसस्थितिको मात्रा, विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता, अुशासनको पालना, प्रथम त्रैमासिक परीक्षा, द्वितीय त्रैमासिक परीक्षा वार्षीक परीक्षा जस्ता पक्षहरुबाट विद्यार्थीहरुको मूल्याङ्कन गरी त्यसको परिणामको बारेमा जानकारी गराइ हौसला प्रदान गरी थप सिकाइका लागि प्रेरित गराउने र कमीकमजोरी भए सुधारका लागि पहल गराउने गरेको तथ्य उक्त अध्ययनबाट प्राप्त भएको थियो ।

अतः निष्कर्षमा भन्दा उक्त विद्यालयको सिकाइको परिणाको प्रयोग गरी सिकाइमा उत्प्रेरित गराउन गरिएको प्रयास सन्तोषजनक र उपयुक्त नै भएको देखिन्छ । उक्त विद्यालयमा सिकाइ सम्बन्धी विभिन्न क्रियाकलापहरुको बारेमा मूल्याङ्कन गरी त्यसको परिणामको जानकारी गराइ विद्यार्थीहरुलाई आफ्नो सिकाइ उपलव्धीको बारेमा थाहा पाउने अवसर प्रदान गर्ने गरेको देखिन्छ ।

### ४.१.९ उत्प्रेरणाको लागि विद्यार्थीहरुको रुची, क्षमता र स्तर अनुसारको शिक्षण सिकाइ क्रियाकलाप

शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुनका लगि व्यक्तिको रुची, चाहना, आफ्नो क्षमता र स्तर अनुसार सिक्ने अवसर पाउनु पर्छ । विद्यार्थीका लागि सबै विषय र पाठहरु रुचीकर नहुन सक्छन् । विद्यार्थीहरुलाई रुची नलाग्ने विषय वा पाठ भएमा विद्यार्थीले त्यसप्रति राम्रो ध्यान दिदैनन् जसको परिणम स्वरुप चाहे जस्तो उपलब्धि हासिल हुन सक्दैन । यस्तो अवस्थामा एक कुशल र दक्ष शिक्षकको काम भनेको आफ्नो कला कौशल प्रयोग गरी आफूले पढाउने पाठप्रति विद्यार्थीलाई रुची जगाउन सक्नु पर्छ र रुचीकर तरिकाले शिक्षण गरी सिकाइप्रति अभिप्रेरित गर्न सकिन्छ । (पोखेल, २०६४,पृ. १९४) ।

यस अध्ययनको क्रममा उक्त विद्यालयमा शिक्षकले विद्यार्थीहरुको रुची, क्षमता र स्तर अनुसारको शिक्षण सिकाइ क्रियाकलाप संचालनमा अध्ययन गर्दा कक्षा अवलोकन, शिक्षक अन्तर्वार्ता र विद्यार्थीहरुसँगको लक्षित समूह छलफलबाट वास्तविक तथ्य संकलन गरिएको थियो जसलाई निम्नानुसार शीर्षकमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.९.१ कक्षा अवलोकनबाट प्राप्त विवरण

उक्त विद्यालयमा कक्षा १ देखी कक्षा १० सम्मको प्रत्येक कक्षाबाट २-२ वटा घण्टीको कक्षा अवलोकन गरिएको थियो । जसमा कक्षा १ र २ को दुवै घण्टीमा उत्प्रेरणाको रुपमा विद्यार्थीहरुको रुची र क्षमता अनुसारको शिक्षण नभएको पाइयो । विद्यार्थीहरुको रुची र क्षमताअनुसारको शिक्षण नहुनुमा शिक्षकले आफ्नै रुचीअनुसारको शिक्षण गराएको र विद्यार्थीहरुलाई निष्कृय गराइ शिक्षण गराएको पइयो । शिक्षण सिकाइ क्रियाकलापमा पाठ्यपुस्तकमा नै उल्लेख भएका विषयवस्तुहरु अध्यापन गराएको हुनाले उनीहरुको स्तर अनुसारकै शिक्षण गराएको पइयो । कक्षा अवलोकनकै क्रममा कक्षा ३ मा भने विद्यार्थीहरुलाई नै सक्रिय वनाइ उनीहरुकै रुची  क्षमता र स्तर अनुसारको शिक्षण भएको थियो । कक्षा ३ मा सिर्जनात्मक कला विषयको स्थानीय गीत विषयवस्तुलाई लिइ विद्यार्थीहरुलाई नै समुहमा विभाजन गरी प्रत्येक समुहलाई उनीहरुको रुची, क्षमता र स्तर अनुसारको गीत गाउन लगाइएको थियो  र विद्यार्थीहरुले पनि सोही अनुसारको क्रियाकलाप गरेको पाइयो । जसले गर्दा विद्यार्थीहरु सिकाइका लागी उत्प्रेरित भएका थिए । कक्षा अवलोकनकै क्रममा कक्षा ४ र ५ मा भने विद्यार्थीहरुको रुची, क्षमता र स्तरअनुसारको शिक्षणमा कक्षा ४ र ५ मै विद्यार्थीहरुको रुचीअनुसारको शिक्षण नभएको पाइयो । शिक्षकले  शिक्षक केन्द्रित भइ विद्यार्थीहरुलाई विषयवस्तुप्रति ब्याख्या विश्लेषण गराइ शिक्षण गराएको पाइयो । विद्यार्थीहरुको क्षमताअनुसारको शिक्षणमा कक्षा ४ र ५ मै विद्यार्थीहरुको क्षमता अनुसारकै विषयवस्तुहरु प्रस्तुत गर्ने प्रयास गरेको पाइयो । त्यस्तै विद्यार्थीहरुको स्तर अनुसारको शिक्षणमा भने कक्षा ४ मा केही विषयवस्तुहररु माथिल्लो स्तरको प्रस्तुत गरेको पाइयो भने कक्षा ५ मा भने स्तरअनुसारकै विषयवस्तुहरु शिक्षण गरेको पाइयो ।

कक्षा ६ कक्षा ७ मा कक्षा अवलोकनको क्रममा कक्षा ६ र कक्षा ७ मै प्रस्तुत गरेको शिक्षण सिकाइ क्रियाकलाप विद्याथीहरुको रुचीअनुसारको नभएको पाइयो । किनभने उक्त कक्षाका विद्यार्थीहरुको ध्यान पढाइतर्फ आकर्षित भएको थिएन । शिक्षकले मात्र विषयवस्तुहरुलाई आफ्नै तरिकाले ब्याख्या विश्लेषण गरेको पाइएको थियो । त्यस्तै विद्यार्थीहरुको क्षमता र स्तरअनुसारको शिक्षणमा भने कक्षा ६ मा विद्यार्थीहरुको क्षमता भन्दा बढी मात्रामा विषयवस्तुहरु प्रस्तुत गरी कोर्षलाई मात्र अगाडी बढाउने प्रयास गरको पाइयो । त्यस्तै कक्षा ७ मा भने विद्यार्थीको क्षमताअनुसारकै विषयवस्तु प्रस्तुत गरिएको थियो । स्तर अनुसारको शिक्षणमा भने कक्षा ६ र ७ मै विद्यार्थीहरुको स्तर अनुसारकै विषयवस्तुहरु प्रस्तुत गरिएको पाइयो । कक्षा ८ मा कक्षा अवलोकनको क्रममा विद्यार्थीहरुको रुची अनुसारको विषयवस्तुलाई केही मात्रामा प्रस्तुत गरी शिक्षण गरिएको थियो । जसमा विद्यार्थीहरुले प्रस्तुत गरेका विषयवस्तुलाई शिक्षकले व्याख्या,वर्णन र छलफल गरी शिक्षण गराइएको थियो । त्यस्तै क्षमता अनुसारको शिक्षणमा पनि विद्यार्थीहरुको क्षमताअनुसार नै विषयवस्तुहरु प्रस्तुत गरेको पाइयो किनभने विद्यार्थीहरु घण्टीको अन्त्यसम्म पनि सक्रिय रुपमा सहभागी भएका थिए । त्यस्तै स्तर अनुसारको शिक्षणमा पनि पाठ्यपुस्तकमा उल्लेख भएको विषयवस्तुअनुसारकै विषयवस्तुहरुलाई शिक्षकले छलफल, ब्याख्या वर्णन र

प्रश्नोत्तर गरी शिक्षण गराइएको थियो । कक्षा ९ मा कक्षा अवलोकनको क्रममा विद्यार्थीहरुको रुचीअनुसारको शिक्षणमा शिक्षकले विद्यार्थीहरुको रुचीलाई ध्यान नदिइ विषयवस्तुलाई मात्र एकोहोरो रुपमा प्रस्तुत गरेको पाइयो । जसले गर्दा विद्यार्थीहरु सिकाइमा उत्प्रेरित नभइकन धेरैजसो विद्यार्थीहरु निष्कृय नै देखिन्थ्यो । त्यस्तै क्षमताअनुसारको शिक्षणमा पनि क्षमता भन्दा बढी विषयवस्तुहरु प्रस्तुत गरी शिक्षण गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । जसमा २ घण्टी लाग्ने विषयवस्तुलाई १ घण्टीमै सकाएर शिक्षण गरेको पइयो । त्यस्तै स्तर अनुसारको शिक्षणमा भने पाठ्यपुस्तकले तोकेअनुसारकै विषयवस्तुहरु प्रस्तुत गरी विद्यार्थीहरुको स्तरलाई ध्यान दिएको देखियो ।

कक्षा १० मा कक्षा अवलोकनको क्रममा शिक्षकले विद्यार्थीहरुको रुची, क्षमता र स्तर अनुसारको शिक्षणलाई ख्याल नगरेको पाइयो । जसमा शिक्षकले कक्षामा प्रवेश गरेर विद्यार्थीहरुलाई ध्यान केन्द्रित नगरीकन सिधै विषयवस्तुमा प्रवेश गरी पुर्ण रुपमा शिक्षक केन्द्रित शिक्षण गरेको देखियो । क्षमताअनुसारको शिक्षणमा पनि एकोहोरो ब्याख्यान विधिको प्रयोग गरी धेरै विषयवस्तुलाई समावेश गरी शिक्षण गरिएको थियो । त्यस्तै स्तरअनुसारको शिक्षणमा पनि पाठ्यपुस्तकले तोकेको भन्दा बाहिर गएर माथिल्लो स्तरका विषयवस्तुलाई ब्याख्यात्मक रुपमा प्रस्तुत गरिएको थियो जसले गर्दा विद्यार्थीहरुको ध्यान पढाइतर्फ आकर्षित भएको थिएन ।

अत निष्कर्षमा भन्न सकिन्छ उक्त विद्यालयमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउन विद्यार्थीहरुको रुचीअनुसारको शिक्षण न्युन रहेको पाइयो भने क्षमता र स्तर अनुसारको शिक्षण भने सन्तोषजनक नै रहेको तथ्य कक्षा अवलोकनवाट प्राप्त भएको छ ।

### ४.१.९.२ शिक्षक अन्तर्वार्तावाट प्राप्त विवरण

उत्प्रेरणाको लागी विद्याथीहरुको रुची, क्षमता र स्तर अनुसारको शिक्षण सिकाइका लागी उक्त विद्यालयमा गरिएको क्रियाकलापहरु अध्ययन गर्नका लागी कक्षा अवलोकन पछी शिक्षकहरुसँगको अन्तर्वार्तावाट वास्तविक तथ्यहरु संकलन गरिएको थियो ।

शिक्षकहरुका अनुसार विद्यार्थीहरुको रुचीअनुसारको शिक्षण सिकाइ क्रियाकलाप सधै र सबै विषयवस्तुमा गर्न नसकिए पनि प्राय संभव भएसम्म उनीहरुको रुचीअनुसारको शिक्षण गर्ने गरेको पाइयो । शिक्षकहरुका अनुसार कक्षा १ देखी कक्षा ५ सम्मका वा साना कक्षाका विद्यार्थीहरु प्राय खेल, कथाकथन,चुट्टकिला, अभिनय, नाटक, गीत, नृत्य जस्ता रमाइला क्रियाकलापहरु संचालन गरी शिक्षण गराएको रुचाउदछन र सोहीअनुसारको क्रियाकलापहरु गराइ शिक्षण गराउने गरेको कुरा अन्तर्वार्तावाट प्राप्त भएको थियो । त्यस्तै माथिल्ला कक्षाका विद्यार्थीहरुलाई सिर्जनात्मक, मौलिकता, उदाहरण, समसामयिक विषयवस्तुहरु, समस्या समाधान, चुट्टकिलाहरु, कक्षामा सहभागिता जस्ता क्रियाकलापहरु रुचाउने हुदा विद्यार्थीहरुलाई कक्षा र विषयवस्तु अनुसार समयसमयमा त्यस्ता क्रियाकलापहरु संचालन गरी शिक्षण गराउने गरेको पइयो । क्षमताअनुसारको शिक्षणमा पनि कक्षा १ देखि कक्षा १० सम्म नै

विद्यार्थीहरुको सिकाइ क्षमतालाई ध्यान दिइ शिक्षण गर्ने गरेको तथ्य शिक्षक अन्तर्वार्तावाट प्राप्त भएको छ । जसमा शिक्षकहरुका अनुसार विद्यार्थीहरुले १ घण्टीमा कति विषयवस्तुहरु बुझ्न सक्दछन औषत रुपमा आकलन गरी शिक्षण गर्ने गरेको पाइयो । औषत देखीबाहेक कुनै कुनै विद्यार्थीहरुलाई विशेष प्राथमिकताको आधारमा पनि शिक्षण गर्ने गरेको तथ्य अन्तर्वार्तावाट प्राप्त भएको थियो । तर सधैजसो र सबै विषयवस्तुमा भने क्षमताअनुसार शिक्षण संभव नहुने तथ्य पनि प्राप्त भएको थियो । यसको कारणमा शिक्षकहरुका अनुसार विद्यार्थीहरुको उपस्थितिमा नियमितता नहुनु, पढाइप्रतिको लगाव कम हुनु, जस्ता कारणहरुले उनीहरुको क्षमताअनुसारको शिक्षणमा बाधा पुऱ्याउने तथ्य अध्ययनबाट प्राप्त भएको थियो । यसरी क्षमताअनुसारको शिक्षणमा उक्त विद्यालयका शिक्षकहरुले प्रायजसो विद्यार्थीहरुको क्षमतालाई ध्यान दिइ शिक्षण गराउने गरेको पाइयो ।

स्तरअनुसारको शिक्षणमा पनि विद्यार्थीहरुको स्तरलाई ध्यान दिइ पाठ्यक्रमले तोकेअनुसारकै विषयवस्तुहरुलाई समावेश गरी शिक्षण गराउने गरेको तथ्य अध्ययनवाट प्राप्त भएको थियो । जसमा प्रत्येक कक्षामा पाठ्यक्रमले तोकेअनुसारका विषयवस्तुलाई नै समावेश गरी विद्यार्थीहरुको स्तर अनुसारको शिक्षण गर्ने गरेको पाइयो । कुनै कुनै समयमा मात्र विद्यार्थीहरुकै रुची र इच्छाअनुसार स्तरभन्दा बाहिरका विषयवस्तुहरु समावेश गर्ने गरेको पाइयो । प्रत्येका कक्षाको प्रत्येक विषयमा भएका विषयवस्तुलाई नै मध्यनजर गर्दै शिक्षण गराउने र स्तरभन्दा बाहिरका विषयवस्तुहरु शिक्षण गराउन संभव पनि नहुने तथ्य अध्ययनबाट प्राप्त भएको थियो ।

अतः निष्कर्षमा भन्दा शिक्षकहरुका अनुसार उत्त विद्यालयमा विद्यार्थीहरुको रुची, क्षमता र स्तरलाई पनि उत्प्रेरणाको रुपमा प्रयोग गरी शिक्षण गरेको अवस्था राम्रो नै देखिन्छ । जसले शिक्षण सिकइ प्रक्रियालाई प्रभावकारी रुपमा संचालन गर्न सहयोग गर्दछ ।

### ४.९.१.३ विद्यर्थी लक्षित समुह छलफलवाट प्राप्त विवरण

यस अध्ययनको क्रममा कक्षा १ देखी कक्षा १० सम्मकै प्रत्येका कक्षावाट उपस्थित सम्पुर्ण विद्यार्थीहरुवीच लक्षित समुह छलफल गरी वास्तविक तथ्य संकलन गरीएको थियो । विद्यार्थीहरुको रुची, क्षमता र स्तरअनुसारको शिक्षणमा गरिएको यस अध्ययनमा निम्नानुसारको विवरण प्राप्त भएको थियो ।

विद्यार्थीहरुका अनुसार कक्षा १ र २ मा विद्यार्थीहरुको रुचीअनुसारको शिक्षण कहिलेकाही मात्र गराउने गरेको पाइयो । विद्यार्थीहरुको रुचीअनुसारको शिक्षणमा खेल, कथाकथन, गीत, नृत्य, चुट्टकिलाहरु, अभिनय जस्ता क्रियाकलापहरु संचालन गरी शिक्षण गराउने गरेको पाइयो । क्षमता अनुसारको शिक्षणमा प्रत्येक विद्याथीको क्षमता र स्तरलाई शिक्षकहरुले ध्यान नदिने गरेको तथ्य प्राप्त भएको थियो । औषत रुपमा विद्यार्थीहरुको क्षमताको आधारमा शिक्षण गर्ने तर प्रायजसो शिक्षकले नै आफ्नो इच्छाअनुसारको व्यवहार गरी शिक्षण गर्ने तथ्य प्राप्त भएको थियो । कक्षा ३ का विद्यार्थीहरुका अनुसार रुची अनुसारको शिक्षण शिक्षकले विषय र पाठअनुसार कहिलेकाही मात्र गराउने गरेको तथ्य

प्राप्त भयो । रुचीअनुसारको शिक्षणमा खेलको माध्यमबाट, अभिनयबाट, कथाबाट, विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरुबाट शिक्षण गराउने गरेको पाइयो । त्यस्तै क्षमताअनुसारको शिक्षणमा पनि शिक्षकले खासै ध्यान नदिने गरेको पाइयो । शिक्षकले विद्यार्थीहरुको क्षमतालाई भन्दा पनि आफ्नै सहजतालाई ध्यान दिइ शिक्षण गर्ने गरेको तथ्य प्राप्त भएको थियो । स्तर अनुसारको शिक्षणमा भने पाठ्यक्रमभन्दा बाहिरको कुरालाई भन्दा पठ्यपुस्तक भित्रकै कुरालाई ध्यान दिइ शिक्षण गराउने गरेको पाइयो । कक्षा ४ मा रुची, क्षमता र स्तर अनुसारको शिक्षणमा विद्यार्थीहरुको अनुसार रुचीअनुसारको शिक्षणमा शिक्षकहरुले ध्यान नदिने कहिलेकाही मात्र विद्यार्थीहरुको रुचीअनुसारको शिक्षाण गराउने गरेको तथ्य प्राप्त भएको थियो । विषय र पाठअनुसार कहिलेकाही मनेरञ्जनात्मक क्रियाकलापबाट, भुमिका अभिनयबाट, चुट्किलाहरु, विभिन्न खेलहरु जस्ता क्रियाकलापहरु संचालन गरी शिक्षण गराउने गरेको पाइयो । क्षमताअनुसारको शिक्षणमा धेरैजसो समय सबै शिक्षकहरुले विद्यार्थीहरुको क्षमतालाई ध्यान नदिइ शिक्षण गराउने गरेको तथ्य विद्यार्थीहरुवाट प्राप्त भएको थियो । त्यस्तै स्तरअनुसारको शिक्षणमा भने विद्यार्थीहरुको स्तरलाई ध्यान दिएर शिक्षण गराउने गरेको तथ्य विद्यार्थीहरुवाट प्राप्त भएको थियो ।

कक्षा ५ र ६ मा विद्यार्थीहरुका अनुसार विद्याथीहरुको रुची अनुसारको शिक्षण सिकाइ क्रियाकलाप न्युन नै रहेको पाइयो । जसमा विद्यार्थीहरुका अनुसार शिक्षकले विद्यार्थीहरुको रुची अनुसारको शिक्षणमा भन्दा पनि बढी मात्रामा शिक्षकले आफ्नै रुची अनुसारको शिक्षण सिकाइ क्रियाकलाप गराउने गरेको तर कहिलेकाही मात्र विद्यार्थीहरुको रुचीअनुसारको शिक्षण क्रियाकलाप गराउने गरेको पाइयो । त्यस्तै क्षमता र स्तर अनुसारको शिक्षणमा कक्षा ५ र ६ का विद्यार्थीहरुका अनुसार क्षमताको आधारमा पनि कमै मात्रामा शिक्षण गराउने गरेको पाइयो । त्यस्तै स्तर अनुसारको शिक्षणमा भने कक्षा ५ र ६ मै स्तरलाई ध्यानमा राखेर नै शिक्षण गर्ने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । कक्षा ७ मा विद्यार्थीहरुका अनुसार विद्यार्थीहरुको रुचीलाई  पाठ र विषयवस्तु अनुसार कहिलेकाही मात्र ध्यान दिइ शिक्षण गराउने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको पाइयो । क्षमताअनुसारको शिक्षणमा विद्यार्थीहरुको क्षमतालाई पनि मध्यनजर गर्दै शिक्षण गर्ने गरेको पाइयो । कहिलेकाही मात्र क्षमता भन्दा बढी कोर्ष मात्र बढाउनको लागी शिक्षण गर्ने गरेको पाइयो । स्तर अनुसारको शिक्षणमा पनि धेरैजसो विद्यार्थीहरुको स्तरलाई ध्यानमै राखेर शिक्षण गराउने गरेको पाइयो । कक्षा ८ मा गरेको विद्यार्थी छलफलका अनुसार विद्यार्थीहरुको रुचीअनुसारको शिक्षणलाई कमै प्राथमिकता दिएको पाइयो । शिक्षकहरुले आफ्नो नियन्त्रणमा राखेर नै शिक्षण गराउने जसले विद्यार्थीहरुको रुचीलाई ध्यान नदिने तथ्य विद्यार्थी छलफलबाट प्राप्त भएको थियो । त्यस्तै क्षमताको आधारमा पनि सवै बिद्यार्थीहरुको क्षमतालाई ध्यान दिएर नपढाउने गरेको पाईयो । औसत रुपमा भने विद्यार्थिहरुको क्षमताकै आधारमा शिक्षण गराउने गरेको पाईयो भने कहिले काही सवै शिक्षकहरुले क्षमतालाई खासै ध्यान नदिइ शिक्षण गराउने गरेको पाईयो । स्तरको आधारमा भने शिक्षकहरुले विद्यार्थीहरुको स्तरलाई ध्यान दिएर स्तर अनुसारको शिक्षण गराउने गरेको तथ्य अध्ययन वाट प्राप्त भएको थियो । कक्षा ९ र १० मा अध्ययनको ऋममा विद्यार्थीहरुको अनुसार सवै विषय अध्यापन गराउने

शिक्षकहरुले विषय र पाठ अनुसारको विद्यार्थीहरुको माग अनुसारमात्र कहीलेकाही रुचीअनुसारको विषय शिक्षण गर्ने नत्र सधै जसो शिक्षकहरुको सहजताको आधारमा नियन्त्रित वातावरणमा शिक्षण गराउने गरेको तथ्य प्रप्त भएको थियो । क्षमताको आधारमा भन्दापनि कोर्ष समाप्ति र नियन्त्रित वातावरणमा राखी विद्यार्थीहरुलाई सिकाइमा सक्रिय वनाउने गरेको तथ्य विद्यार्थीहरुवाट प्रप्त भएको थियो । स्तरअनुसारको शिक्षणमा भने स्तरअनुसारको विषयवस्तुलाई ध्यन दिइ शिक्षण गराउने गरेको तथ्य प्राप्त भएको थियो

अत निष्कर्षमा भन्न सकिन्छ विधार्थीहरुको अनुसार सिकाइमा उत्प्रेरित गराउन विद्याथीहरुको रुची र क्षमता अनुसारको शिक्षण खासै सन्तोषजनक नभएको तर पनि कहिलेकाही भएपनि रुची अनुसारको शिक्षण भने गराउने गरेको पाईयो । त्सतै स्तर अनुसारको शिक्षण भने राम्रो नै रहेको देखिन्छ ।

**४.१.१० उत्प्रेरणाको लागि शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता**

कक्षाकोठाको सिकाइ धेरै नै महत्वपुर्ण हुन्छ । किनकी यसको सम्वन्ध विद्यार्थीको भविष्यसँग रहेको हुन्छ । सिकाइ कार्यको लागि विद्यार्थीहरु सक्रिय रुपमा सहभागी हुन्छन भने मात्र कक्षकोठाको सिकाई महत्वपुर्ण हुन्छ (Chauhan,2007,p.234) .

उक्त विद्यालयमा उत्प्रेरणाको लागि शिक्षण सिकाइमा विद्यार्थीको सहभागितालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**४.१.१०.१ कक्षा अवलोकनवाट प्राप्त विवरण**

अध्ययनको क्रममा उक्त विद्यालयमा कक्षा १ देखी कक्ष १०  सम्मकै प्रत्येक कक्षाको २-२ वटा घण्टीको कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकनको क्रममा कक्षा १ को शिक्षण सिकाइको क्रियाकलापमा विद्यार्थीको सहभागीता न्युन रहेको थियो । शिक्षकले विद्यार्थीहरुलाइ नियन्त्रित वातावरणमा राखेर शिक्षण गराएको हुनाले विद्यार्थीहरुको सहभागिता न्युन रहेको पाइयो । कक्षा २ मा कक्षा अवलोकनको क्रममा विद्यार्थीहरुको सहभागिता नभएको पाइयो कक्षा २ को दुवै घण्टीको कक्षा अवलोकनमा विद्यार्थीहरुको सहभागीता भएन शिक्षकले शिक्षण गर्दा व्यख्यान प्रश्नोत्तर विधिहरुको प्रयोग गरी शिक्षण गरेको पाइयो जसले विद्यार्थीहरुको सहभागिता न्युन रहेको थियो ।

कक्षा ३ मा कक्षा अवलोकनको क्रममा विद्यार्थीहरुको सहभागीता राम्रो थियो सिर्जनात्मक कला विषय शिक्षणमा स्थानीय गीत गाएर र विभिन्न कागजका सामग्रीहरु बनाएर कक्षा शिक्षण गराइएको हुनाले विद्यार्थीहरुको सहभागिता राम्रो भएको पाइयो । कक्षा ४ मा अँग्रेजी विषय शिक्षणको क्रममा कक्षा अवलोकन गरिएको थियो । उक्त कक्षा शिक्षणमा विद्यार्थीहरुको सहभागिता न्युन नै रहेको थियो ।

शिक्षकले शिक्षक केन्द्रित रुपमा शिक्षण गरेको हुनाले विद्यार्थीहरुको सहभागिता न्युन रहेको पाइयो । कक्षा ५ मा पनि विद्यार्थीहरुको सहभागिता न्युन नै रहेको थियो । विद्यार्थीहरुलाई नियन्त्रित वातावरणमा राखि शिक्षण गराएको हुनाले विद्यार्थीहरु निष्कृय भएको पाइयो । कक्षा ६ मा कक्षा अवलोकनको क्रममा नेपाली विषय शिक्षण भएको थियो । उक्त कक्षा शिक्षणमा विद्यार्थीहरुको सहभागिता सन्तोषजनक थियो । शिक्षकले विद्यार्थीहरुलाई समूहकार्य गर्न लगाइ सामूहिक रुपमा छलफल गराइ शिक्षण गरेको पाइयो ।

कक्षा ७ मा कक्षा अवलोकनको क्रममा स्वास्थ्य र शारीरिक विषय शिक्षण भएको थियो । जसमा विद्यार्थीको सहभागितामा विद्यार्थीहरुले शिक्षकलाई विषय वस्तुमा विभिन्न प्रश्नहरु सोधेको पाइयो भने शिक्षकले विद्यार्थीहरुलाई व्याख्यात्मक र प्रश्नोत्तरबाट नै शिक्षण गरेको पाइयो । कक्षा ८ को सामाजिक अध्ययन विषय शिक्षणमा विद्यार्थीहरुको सहभागिताको लागि समूहकार्य र विषयवस्तुको बारेमा विद्यार्थीहरुबाट नै व्याख्या र वर्णन गर्न लगाइ विद्यार्थीहरुको सहभागिता बढाएको पाइयो । कक्षा ९ मा विज्ञान विषयको शिक्षणमा विद्यार्थीहरुको सहभागिता न्युन रहेको थियो । २ जना विद्यार्थीहरुले मात्र नबुझेको विषयवस्तुको बारेमा प्रश्न गरी सहभागि जनाएको पाइयो । अन्य सबै विद्यार्थीहरुको सहभागिता न्युन थियो शिक्षक मात्र केन्द्रीत भइ शिक्षण भएको थियो । कक्षा १० मा पनि अर्थशास्त्र विषय शिक्षणमा विद्यार्थीहरुको सहभाागिता थिएन । शिक्षक कन्द्रित शिक्षण भएको हुनाले विद्यार्थीहरु पूर्णरुपमा एक श्रोता मात्र भइ शिक्षण क्रियाकलाप संचालन भएको पाइयो ।

### ४.१.१०.२ शिक्षक अन्तर्वार्ता र विद्यार्थी छलफलबाट प्राप्त विवरण

यस अध्ययनको क्रममा उक्त विद्यालयमा कक्षा १ देखि कक्षा १० सम्मको प्रत्येक कक्षामा उपस्थित भएका विद्यार्थीहरुमाझ विद्यार्थी लक्षित समूह छलफलबाट र शिक्षकहरुसँगको प्रत्यक्ष अन्तर्वार्ता संचालन गरी प्रयोग गरिएको उतप्रेरणाहरुसम्वन्धी तथ्य संकलन गरिएको थियो जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.१.१०.२: उत्प्रेरणाको रुपमा विद्यार्थीहरुको सहभागिता**

| कक्षा | विद्यार्थी सहभागिताका क्षेत्रहरु | |
|---|---|---|
| | शिक्षक अन्तर्वार्ता | विद्यार्थी छलफल |
| १ | गृहकार्य, कक्षा कार्य, गीत नृत्य कथा, परीक्षाहरु | गृहकार्य, गीत नृत्य कथाहरु, परीक्षाहरु |
| २ | गृहकार्य, कक्षाकार्य, गीत नृत्य कथा, परीक्षाहरु | गृहकार्य, गीत नृत्य कथाहरु, परीक्षाहरु |
| ३ | गृहकार्य, कक्षाकार्य, गीत नृत्य कथा, परीक्षाहरु, समूहकार्य, प्रश्नोत्तर | गृहकार्य, कक्षाकार्य, गीत नृत्य कथा, परीक्षाहरु, समूहकार्य, प्रश्नोत्तर |
| ४ | गृहकार्य, समूहकार्य, कक्षाकार्य, विभिन्न खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत नृत्य, परीक्षाहरु | गृहकार्य, समूहकार्य, कक्षाकार्य, विभिन्न खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत नृत्य, परीक्षाहरु |
| ५ | गृहकार्य, समूहकार्य, कक्षाकार्य, विभिन्न खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत नृत्य, परीक्षाहरु, प्रश्नोत्तर, कविता, कथा | गृहकार्य, कक्षाकार्य, विभिन्न खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत , नृत्य, प्रश्नोत्तर, परीक्षाहरु |
| ६ | गृहकार्य, समूहकार्य, कक्षाकार्य, , अतिरिक्त क्रियाकलापहरु, गीत नृत्य, परीक्षाहरु, प्रश्नोत्तर, कविता, कथा, समस्या समााधान | गृहकार्य, समूहकार्य, कक्षाकार्य, विभिन्न खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत नृत्य, परीक्षाहरु, प्रश्नोत्तर, , कथा |
| ७ | कक्षा कार्य, गृहकार्य, समूहकार्य, खेलहरु, प्रश्नोत्तर, समस्या समाधान,व्याख्यान, वर्णन, अतिरिक्त क्रियाकलापहरु, आर्ट कला, परीक्षाहरु | गृहकार्य, समूहकार्य, कक्षाकार्य, विभिन्न खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत नृत्य, परीक्षाहरु, प्रश्नोत्तर, आर्ट कला, समस्या समाधान |
| ८ | समूहकार्य, गृहकार्य, प्रश्नोत्तर, समूह छलफल, व्याख्या, वर्णन, अतिरिक्त क्रियाकलापहरु, आर्ट कला, परीक्षाहरु | गृहकार्य, समूहकार्य, प्रश्नोत्तर, व्याख्या, वर्णन, समूह छलफल, खेलहरु, विषयवस्तु, प्रस्तुतीकरण, लेखनसीप, अतिरिक्त क्रियाकलाप, परीक्षाहरु |
| ९ | कक्षाकार्य, समूहकार्य, गृहकार्य, समस्या समाधान, विषयवस्तु प्रस्तुतीकरण, व्याख्या, वर्णन, प्रश्नोत्तर, विभिन्न खेलहरु, IQ test, समसामयिक जानकारी खेलहरु, अतिरिक्त क्रियाकलापहरु, परीक्षाहरु | गृहकार्य, समूह छलफल, समस्या समाधान, व्याख्या, वर्णन, प्रश्नोत्तर, विषयवस्तु प्रस्तुतिकरण, विभिन्न खेलहरु, समसामयिक जानकारी, अतिरिक्त क्रियाकलापहरु, परीक्षाहरु |
| १० | समूहकार्य, समूह छलफल, गृहकार्य, प्रश्नोत्तर, समस्या समाधान, व्याख्या, वर्णन, विषयसस्तु प्रस्तुतीकरण, समसामयिक जानकारी, खेलहरु, अतिरिक्त क्रियाकलापहरु, परीक्षाहरु | समूह छलफल, गृहकार्य, प्रश्नोत्तर, समस्या समाधान, व्याख्या, वर्णन, विषयवस्तुमा प्रस्तुतिकरण, समसामयिक जानकारी, खेलहरु, अतिरिक्त क्रियाकलापहरु, परीक्षाहरु |

(स्रोत: स्थलगत अध्ययन,२०७०)

माथिको तालिकालाई विश्लेषण गर्दा विद्यार्थी सहभागितामा कक्षा १ र २ मा शिक्षकहरुसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार विद्यार्थीहरु गीत, नृत्य, गृहकार्य, कक्षाकार्य र स्कुलले लिने परीक्षाहरुमा विद्यार्थीहरुको सहभागिता विषय र पाठअनुसार हुने गरेको तथ्य प्राप्त भयो । त्यस्तै विद्यार्थीहरुका अनुसार गृहकार्य, गीत, नृत्य र परीक्षाहरुमा सहभागि हुने गरेको तथ्य विद्यार्थी छलफलबाट प्राप्त भएको थियो ।

कक्षा ३ को शिक्षकहरुसँगको अन्तर्वार्ता र विद्यार्थी छलफलबाट प्राप्त तथ्य अनुसार विद्यार्थीहरुको सहभागितामा शिक्षकहरुका अनुसार गृहकार्य, कक्षाकार्य, गीत, नृत्य, प्रश्नोत्तर, समूहकार्य र परीक्षाहरु जस्ता क्रियाकलापमा विद्यार्थीहरु सहभागि हुने गरको पाइयो । त्यस्तै विद्यार्थीहरुको अनुसार गृहकार्य, गीत, नृत्य, प्रश्नोत्तर, समूहकार्य र परीक्षाहरु जस्ता क्रियाकलापमा विषय र पाठअनुसार विद्यार्थीहरुको सहभागिता हुने गरको तथ्य अध्ययनबाट प्राप्त भएको थियो । कक्षा ४ मा शिक्षकहरुका अनुसार गृहकार्य, समूहकार्य, कक्षाकार्य, प्रश्नोत्तर, विभिन्न खेलहरु, विभिन्न अतिरिक्त क्रियाकलापहरु, गीत, नृत्य र परीक्षाहरु जस्ता क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता हुने गरेको पाइयो । त्यस्तै विद्यार्थीहरुका अनुसार पनि गृहकार्य समूहकार्य, कक्षाकार्य, खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत, नृत्य र परीक्षाहरुमा सहभागिता जनाउने तथ्य शिक्षक अन्तर्वार्ता र विद्यार्थी छलफलबाट प्राप्त भयो ।

कक्षा ५ मा विद्यार्थीहरुको सहभागितामा शिक्षकहरुको अनुसार गृहकार्य, समूहकार्य, कक्षाकार्य, विभिन्न खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत, नृत्य, कथा, कविता, प्रश्नोत्तर र परीक्षाहरुमा विद्यार्थीहरु सहभागि हुने गरको तथ्य प्राप्त भयो । त्यस्तै विद्यार्थीहरुका अनुसार गृहकार्य, कक्षाकार्य, विभिन्न खेलहरु, अतिरिक्त क्रियाकलापहरु, गीत, नृत्य,प्रश्नोत्तर र परीक्षाहरुमा विद्यार्थीहरु सहभागि हुने गरेको पाइयो । विद्यार्थीहरुको सहभागितामा कक्षा ६ को विद्यार्थीहरुको सहभागितालाई हेर्दा शिक्षकहरुका अनुसार कक्षा कार्य, गृहकार्य, समूहकार्य, विभिन्न खेलहरु, कथा कविता, गीत, नृत्य, प्रश्नोत्तर, समस्या समाधान, समूह छलफल, अतिरिक्त क्रियाकलापहरु र परीक्षाहरुमा विद्यार्थीहरुले सहभागिता जनाइ अध्यायन गर्ने गरेको पाइयो । त्यस्तै अध्ययन कै क्रममा कक्षा ६ का विद्यार्थीहरु कै अनुसार गृहकार्य, समूह छलफल, गीत, नृत्य, प्रश्नोत्तर, समस्या समाधान आर्टकला, अतिरिक्त क्रियाकलापहरु, परीक्षाहरु, विभिन्न खेलहरुमा सहभागिता जनाइ अध्ययन गर्ने गरेको तथ्य प्राप्त भएको थियो । कक्षा ७ मा विद्यार्थीहरुको सहभातिाको अध्ययन गर्दा शिक्षकहरुका अनुसार कक्षाकार्य, गृहकार्य, समूहकार्य, खेलहरु, प्रश्नोत्तर, समस्या समाधान, व्याख्या, वर्णन, अतिरिक्त क्रियाकलापहरु, आट वा र्कला र परीक्षाहरुमा सहभागि भइ शिक्षण कार्यलई अगाडि बढाउने गरको पाइयो । कक्षा ७ का विद्यार्थीहरुका अनुसार गृहकार्य, समूह छलफल, खेलहरु, समस्या समाधान, अतिरिक्त क्रियाकलाप, आर्ट वा कला, प्रश्नोत्तर र परीक्षाहरुमा सहभागि भइ शिक्षण कार्यमा सहभागिता जनाउने गरेको पाइयो । उत्प्रेरणाको लगि शिक्षण सिकाइमा विद्यार्थीको सहभागितामा कक्षा ८ मा शिक्षकहरुका अनुसार विद्यार्थीहरु समूहकार्य, गृहकार्य, प्रश्नोत्तर, समूहछलफल, व्याख्या,

वर्णन, विषयवस्तु प्रस्तुतीकरण, लेखन सीप, अतिरिक्त क्रियाकलाप, आर्ट वा कला र परीक्षाहरुमा सहभागिता हुने गरेको पाइयो ।

कक्षा ९ को शिक्षणमा विद्यार्थीहरुको सहभागितामा शिक्षकहरुका अनुसार कक्षा कार्य, समूहकार्य, गृहकार्य, समस्या समाधान, विषयवस्तुको प्रस्तुतीकरण, व्याख्या, वर्णन, प्रश्नोत्तर, खेलहरु, I.Q test, समसामयिक जानकारी, अतिरिक्त क्रियाकलापहरु र परीक्षाहरुमा सहभागि भइ शिक्षण सिकाइमा विद्यार्थीहरुले सहभागिता जनाउने गरेको पाइयो । त्यस्तै कक्षा ९ का विद्यार्थीहरुका अनुसार विद्यार्थीहरु गृहकार्य, समूह छलफल, समस्या समाधान, व्याख्या, वर्णन, प्रश्नोत्तर, विषवस्तु प्रस्तुतीकरण, विभिन्न खेलहरु, समसामयिक जानकारी अतिरिक्त क्रियाकलाप र परीक्षाहरु जस्ता क्रियाकलापमा सहभागिता हुने तथ्य प्राप्त भएको छ ।

कक्षा १० को शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको सहभागितामा शिक्षकहरुका अनुसार समूहकार्य, समूहछलफल, गृहकार्य, प्रश्नोत्तर, समस्या समाधान, व्याख्या, वर्णन, विषयवस्तुमा प्रस्तुतीकरण, समसामयीक जानकारी, खेलहरु अतिरिक्त क्रियाकलाप र परीक्षाहरु जस्ता शिक्षण क्रियाकलापमा विद्यार्थीहरु सहभागि हुने गरको पाइयो । त्यस्तै कक्षा १० का विद्यार्थीहरुका अनुसार विद्यार्थीहरु समूह छलफल, गृहकार्य, प्रश्नोत्तर, समस्या समाधान, व्याख्या, वर्णन, विषयवस्तुमा प्रस्तुतिकरण, समसामयिक जानकारी, खेलहरु, अतिरिक्त क्रियाकलापहरु, परीक्षाहरु जस्ता क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता हुने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो ।

## ४.२ उत्प्रेरणाको प्रयोगमा देखा परेका समस्याहरु

कुनै कार्य सम्पादन गर्दा उत्पन्न हुने आन्तरिक इच्छा वा जागर नै उत्प्रेरणा हो । सामान्यतया विशिष्ट उद्देश्य प्राप्तिका लागी निश्चित समयमा निश्चित वस्तु वा पदार्थहरु माथि व्यक्तिको व्यवहार र कलालाई विचार गरी उत्प्रेरणाले ब्यक्तिलाई कुनै पनि कार्य गराउन ध्यानाकर्षण गराउछ, विवश पार्छ र शक्ति प्रदान गराउदछ । शिक्षण सिकाइमा उत्प्रेरणाको ठुलो महत्वपुर्ण स्थान रहेको हून्छ । शिक्षणमा उत्प्रेरणाको सही रुपमा उपयोग गर्नु चुनौतीपुर्ण नै हुन्छ । शिक्षकले कक्षामा कस्तो उत्प्रेरणा जगाउने हो त्यसकै आधारमा विषयवस्तुको हस्तान्तरण असल वा खराव हुन पुग्दछ । यो पुर्णतया कक्षाको वातावरणमा नै भर पर्दछ । यहाँ समस्या के छ भने कुन विद्यार्थीलाई कसरी उत्प्रेरित गर्ने भन्ने कुनै जाँदुको छडी भने छैन । निश्चय नै सबै विद्यार्थीहरु उस्तै आवश्यकता, मुल्य, अनुभव तथा चाहनाले उत्प्रेरित हुदैनन । कतिपय विद्यार्थीहरुले एउटा विषयवस्तु सरल ढंगले सिक्छन भने कतिपयलाई उही विषयवस्तु चुनौतीपुर्ण हुन्छ । उत्प्रेरणाको प्रयोग गरेर शिक्षण गराउने क्रममा विभिन्न समस्याहरु उत्पन्न हुने गर्दछ । यस अध्ययनको क्रममा उक्त विद्यालयमा उत्प्रेरणाको उपयोग गर्दा देखापर्ने समस्याहरु पत्ता लगाउन शिक्षक तथा प्र. अ. सँगको अन्तर्वार्ता, विद्यार्थीहरुसँगको छलफल र प्रत्यक्ष अवलोकनबाट वास्तविका समस्याहरु पत्ता लगाइएको थियो जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ उत्प्रेरणाको प्रयोगमा विद्यालयबाट देखिएको समस्याहरु

यस अध्ययनको क्रममा उक्त विद्यालयमा उत्प्रेरणाको प्रयोगमा देखा परेका समस्याहरु पत्ता लगाउन शिक्षकहरुसँगको प्रत्यक्ष अन्तर्वार्ता, विद्यार्थीहरुसँगको छलफल र विद्यालयको प्रत्यक्ष अवलोकनवाट वास्तविक तथ्यहरु संकलन गरिएको थियो । उक्त विद्यालयमा उत्प्रेरणाको प्रयोग गर्दा देखा पर्ने प्रमुख समस्याहरुमा विद्यालयका भौतिक सामाग्रीहरुको अभाव र व्यवस्थापनमा समस्या रहेको पाइयो । भौतिक समस्यामा विद्यार्थी संख्या अनुसार कक्षा कोठाको आकार नहुनु डेक्स, बेन्च यथेष्ट मात्रामा नहुदा विद्यार्थीहरु कोचीएर बस्नुपर्ने देखियो । यस्तो अवस्था कक्षा ८,९ र १० मा मात्र कम रहेको पाइयो भने अन्य कक्षाहरुमा विद्यार्थीसंख्याअनुसार बसाइको व्यवस्थामा समस्या रहेको देखियो । त्यस्तै कक्षा १,२ र ३ रहेको कक्षाहरुमा फोहोर र खाल्डाखुल्डी भएको पाइयो । कक्षाकोठामा कालोपाटीको रखाइमा पनि ध्यान नदिइएको पाइयो । किनभने सबै विद्यार्थीहरुले देख्ने गरेर व्यवस्थित रुपमा नराखिकन जतासुकै राख्ने गरको पाइयो । यस्तो अवस्था कक्षा १, २ ३ र कक्षा ६ मा देखियो भने अन्य कक्षाहरुमा कालोपाटीको रखाइ उपयुक्त नै थियो ।

विद्यालयमा भएका विभिन्न शैक्षिक साममग्रीहरुलाई राम्रो र व्यावस्थित ढंगले राख्ने व्यवस्था ्नभएकाले उक्त सामग्रीहरु चाडै नै बिग्रने र पुरानो भइ प्रयोग गर्न समस्या रहेको देखियो । विद्यालयमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरु नहुनु, शिक्षक निर्देशिकाहरु नहुनु, नवीन विषयवस्तुहरुको उपलव्धतामा कमि, विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोगमा समस्या, उचीत प्रयोगशालाको अभाव, विद्यार्थीहरुलाई उत्प्रेरित गराउन पुरस्कार र उपलब्धिको परिणाममा समस्या, मनेरञ्जनात्मक क्रियाकलापहरु संचालनमा समस्या, कक्षा कार्य, समूह छलफलमा समस्या जस्ता समस्याहरु विद्यालयमा उत्पन्न हुने गरेको तथ्य प्राप्त भएको थियो ।

विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागि आवश्यक पर्ने सम्पूर्ण पक्षहरुलाई ध्यान दिइ उक्त क्रियाकलापहरुलाई संचालन गराउनको लागि विद्यालयमा आर्थिक समस्या रहेको देखियो । आर्थिक समस्याकै कारण न्युन तलबमा दक्ष र अनुभवी शिक्षकहरु राख्न नसकेको अवस्था पनि देखियो । जसले उत्प्रेरणाको प्रयोगमा समस्या देखिएको पाइयो । उक्त विद्यालयमा उपयुक्त खालको खेल मैदानको पनि अभाव देखियो जसले गर्दा विद्यार्थीहरुलाई सहज र सरल रुपमा विभिन्न खेलहरु खेलाउनलाई समस्या रहेको पाइयो ।

### ४.२.२ उत्प्रेरणाको प्रयोगमा शिक्षकहरुबाट देखिने समस्याहरु

विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउनका लागि शिक्षकको हात महत्वपूर्ण रहेको हुन्छ । शिक्षकले नै विषयवस्तुको प्रकृति र विद्यार्थीहरु अनुसार सही ढंगले विद्यार्थीहरुलई उत्प्रेरित गराउन प्रयत्न गर्नुपर्ने हुन्छ । प्रभावकारी शिक्षण गर्नका लागि शिक्षक एउटा कुशल कलाकार, विषयज्ञाता, मनोविज्ञनता,

योजनाकार, व्यवस्थापकको तथा मूल्याङ्कन कर्ताको रुपमा स्थापित हुन सक्नुपर्दछ । यी कुराहरुको अभावमा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी नभइ सिकाइमा समस्या उत्पन्न हुन सक्छ ।

यस अध्ययनकाने क्रममा उक्त विद्यालयमा उत्प्रेरणा प्रयोग गर्दा देखापर्ने समस्याहरुको खोजी गर्दा शिक्षकहरुबाट देखिने प्रमुख समस्याहरुलाई बुदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

- उक्त विद्यालयका शिक्षकहरुले विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोगमा भन्दा शिक्षण केन्द्रित विधिहरुको प्रयोगमा ध्यान दिनु ।
- शिक्षकहरुले उपलब्ध भएका शैक्षिक सामग्रीहरुको प्रयोगमा अल्छी गर्नु ।
- शिक्षकहरुले विद्यार्थीहरुलई उत्प्रेरित गराउन पुरस्कारको प्रयोगमा भन्दा दण्डमा ध्यान दिनु ।
- शिक्षकहरु नवीनतम विषयवस्तुको प्रयोग गर्नमा अग्रसर नहुनु ।
- सिकाइमा विद्यार्थीहरुको सक्रिय सहभागिता बढाइ शिक्षण गराउने परीपाटीको कमी ।
- तत्काल र निरन्तर पृष्ठपोषण प्रदान गरी शिक्षण नगरिनु ।
- कक्षाकोठामा प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण गरी शिक्षण गर्ने प्रयास नगरिनु ।
- विद्यार्थीहरुको विविधता अनुसार शिक्षण नगरिनु ।
- सिकाइमा विभिन्न किसिमका मनोरञ्जनात्मक क्रियाकलापहरुको प्रयोगमा कमी ।
- कक्षाकोठाको वातावरण र विद्यार्थीहरुको संगठनमा ध्यान नदिइ शिक्षण गर्ने परिपाटी ।

### ४.२.३ उत्प्रेरणाको प्रयोगमा विद्यार्थीबाट देखिने समस्याहरु

शिक्षामा बालकलाई सिकाइको केन्द्रविन्दु मानिन्छ । सिकाइ र सिकाइका क्रियाकलापहरु विद्यार्थीमा जबर्जस्ती थोपडीनुको सट्टा उनीहरुका आवश्यकता र इच्छाअनुसारका सिकाइ सिक्ने स्वातन्त्रता प्रदान गरिनुपर्दछ । दार्शनिक डिबेका अनुसार शिक्षा योजनामा बालकलाई आधार बनाएर पाठ्यक्रमको निर्माण गरिन्छ र बालकका रुचि र आवश्यकताअनुसार शिक्षण विधिको प्रतिपादन गरिन्छ । बालकलाई आफ्नो कामको छनौट गर्ने, त्यसलाई प्रयोग गर्ने, पूरा गर्ने तथा आफ्ना मूल्य र आदर्शको निर्माण गर्ने स्वतन्त्रता छ । विद्यार्थी एक क्रियाशील र जागरुक प्राणी हो (शर्मा एण्ड शर्मा, २०६७, पृ.८६) । त्यसैले सिकाइमा विद्यार्थीहरु आफै नै क्रियाशील भएर सिकाइका लागि उत्प्रेरित हुनु, पर्दछ । विद्यार्थीहरु सक्रिय रुपमा सिकाइमा अभिप्रेरित नभए सिकाइमा समस्या सिर्जना भइ सिकाइ प्रभावकारी नहुन सक्छ ।

यस अध्ययनको क्रममा  उक्त विद्यालयमा उत्प्रेरणा प्रयोग गर्दा विद्यार्थीहरुबाट देखिने समस्याहरुलाई निम्नानुसार प्रस्तुत गरिएकाको छ ।

उक्त विद्यालयमा गरिएको अध्ययनको क्रममा शिक्षक अन्तर्वार्ता, विद्यार्थी छलफल र विद्यालयको प्रत्यक्ष अवलोकनबाट वास्तविक तथ्यहरु संकलन गरी विद्याथीहरुबाट दखिने प्रमुख समस्याहरुलाई बुदागत रुपमा प्रस्तुत गरिएको छ ।

- सम्पुर्ण विद्यार्थीहरु नियमित रुपमा विद्यालयमा उपस्थित नहुनु ।
- विभिन्न शिक्षण कार्यमा विद्यार्थीहरु सक्रिय रुपमा सहभागी नहुनु ।
- विद्यालय वा कक्षा शिक्षणको समयमा हल्ला गर्ने, भनेको नमान्ने, अट्टेरी हुने, कक्षा छोड्ने, भाग्ने, सिकाइमा सहभागी नहुने जस्ता समस्याहरुले सिकाइमा उत्प्रेरणाको प्रयोगमा समस्या सिर्जना गराउने तथ्य अध्ययनबाट प्राप्त भएको थियो ।
- गृहकार्य गर्न अल्छी गर्ने, कक्षा कार्य र समुह कार्यमा सहभागीता जनाउन गाह्रो मान्ने ।
- विद्यालयमा कक्षा शिक्षणको समयमा नबुझेको विषयवस्तुमा प्रश्न गरी सोध्ने प्रवृत्तिमा कमी ।
- कक्षामा प्रतिस्पर्धात्मक रुपमा सिकाइ कार्यमा सहभागी नहुने र सहयोगी भावना जगाइ शिक्षण कार्यमा कम मात्रामा सहभागी हुनु ।
- विद्यालयमा अनुशासनको पालनामा ध्यान नदिनु र विभिन्न अतिरित्तक्रियाकलापहरुमा सहभागी जनाउन अग्रसर नहुनु ।

### ४.२.४ उत्प्रेरणको प्रयोगमा अभिभावकहरुवाट देखिने समस्याहरु

विद्यार्थीलाई शिक्षण सिकाइमा सक्रिय रुपमा सहभागीता जनाउन र सिकाइलाई प्रभावकारी वनाउनमा अन्य पक्षहरुले जस्तै अभिभावकहरुले पनि महत्वपुर्ण भुमिका निर्वाह गर्नुपर्ने हुन्छ । अभिभावकहरुले महत्वपुर्ण भुमिका निर्वाह नगरीकन विद्यार्थीहरुलाई सिकाइमा सरिक गराएमा सिकाइमा समस्या उत्पन्न हुन्छ र सिकाइ प्रभावकारी नहुन सक्छ ।

यस अध्ययनको क्रममा उत्त विद्यालयमा उत्प्रेरणाको प्रयोग गर्दा देखा पर्ने समस्याहरुमा विद्यार्थीहरुको अभिभावकहरुवाट पनि समस्या उत्पन्न हुने गरेको तथ्य प्राप्त भएको थियो । उक्त प्रमुख समस्याहरुलाई निम्नानुसार बुदागत रुपमा प्रस्तुत गरिएको छ ।

- विद्यार्थीहरुलाई नियमित रुपमा विद्यालय नपठाउने ।
- विद्यार्थीहरुलाई आवश्यक पर्ने विभिन्न शैक्षिक सामाग्रीहरुको उपलब्धता नगराउने ।
- विद्यार्थीहरुको प्रगति विवरण के कस्तो छ जानकारी लिन विद्यालयमा नआउने ।
- विद्यार्थीहरुलाई गृहकार्य गर्ने र अध्ययन गर्ने समय उपलब्ध नगराउने ।

### ४.३ उत्प्रेरणाको प्रयोगमा देखा परेका समस्याहरु समाधानका उपायहरु

विद्यालय तहमा शिक्षकहरुले उत्प्रेरणाको प्रयोग गर्दा देखापर्ने समस्याहरु समाधानको विभिन्न उपायहरु अवलम्बन गरी समस्याहरुको समाधान गर्ने प्रयास गरेको पाइयो । उत्त विद्यालयका शिक्षकहरुसँगको अन्तर्वार्ता, विद्यार्थीहरुसँगको छलफल र अवलोकनबाट वास्तविक तथ्यहरु संकलन गरिएको थियो । विद्यालयको प्र.अ. शिक्षकहरु, व्यवस्थापन समिति, अभिभावकहरु र सम्वन्धित पक्षहरुले समस्या समाधानमा विशेष पहल गर्ने गरेको तथ्य प्राप्त भएको थियो । यसरी अध्ययनबाट प्राप्त भएको समस्या समाधानको उपायहरुलाई निम्नानुसार बुदागत रुपमा प्रस्तुत गरिएको छ ।

- विद्यालयमा उपलब्ध भएका विभिन्न शैक्षिक सामाग्रीहरु र्‍याक र दराजमा राखी हिफाजत गर्ने ।
- विद्यार्थीसंख्या अनुसार आवश्यक डेक्स वेन्चहरु समय समयमा बनाउने ।
- नयाँ नयाँ शैक्षिक सामाग्रीहरु र नवीन विषयवस्तुहरु उपलब्ध गराउने ।
- विद्यार्थीहरुलाई उत्प्रेरित गराउन उपलब्धीको मापन गरी उत्कृष्ट विद्याथीहरुलाई पुरस्कार प्रदान गराउने ।
- समय समयमा कक्षाकोठाको उचित ब्यवस्थापन गरेर ।
- विद्यालयमा आर्थिक समस्या उत्पन्न हुन नदिनका लागी समुदायले चन्दा उपलब्ध गराउने त्यस्तै विभिन्न सामुहिक कार्यक्रमहरु संचालन गरी विद्यालयलाई रकम उपलब्ध गराउने गरेको पाइयो ।
- विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नमा विशेष पहल गर्ने ।
- उपलब्ध भएका शैक्षिक सामाग्रीहरुको प्रयोग गर्नुपर्ने बानीको विकास गरेर ।
- विद्यार्थीहरुलाई सिकाइमा सक्रिय रुपमा सहभागीता बढाउन विशेष भुमिका निर्वाह गरेर ।
- कक्षाकोठामा प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण गर्नमा जोड दिएर ।
- समय समयमा विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरु संचालन गरेर ।
- नियमित रुपमा विद्यालयमा उपस्थित हुने विद्यार्थीहरुलाई पुरस्कारको ब्यवस्था गरेर ।
- गृहकार्य, कक्षाकार्य नगर्ने, होहल्ला गर्ने, भनेको नमान्ने, अट्टेरी गर्ने, कक्षा छोड्ने, भाग्ने विद्यार्थीहरुलाई कार्य अनुसारको दण्ड प्रदान गरेर ।
- विभिन्न अतिरित्त क्रियाकलापहरु र पढाइमा अग्रसर विद्यार्थीहरुलाई विशेष पुरस्कारको व्यवस्था गर्ने ।
- शिक्षणको समयमा नबुझेको विषयवस्तुप्रति प्रश्न र छलफल गरी समाधान गर्न प्रेरित गर्ने ।
- पठनपाठनको विषयमा अभिभावकहरुलाई विभिन्न सेमिनार, गोष्ठी र पत्रमार्फत शिक्षणप्रति चेतना प्रदान गरी सचेत गराउने ।
- कमजोर आर्थीक अवस्था भएको विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको ब्यवस्था गर्ने ।

यी माथीका विभिन्न उपायहरु अवलम्वन गरेर उत्प्रेरणाको प्रयोगमा देखा पर्ने समस्याहरुको समाधान गर्ने प्रयास गरेको देखियो । तर सबै अवस्थामा उक्त प्रयासहरु गर्दा पनि समस्याको समाधान नहुने स्थिति हुने गरेको तथ्य अध्ययनबाट प्राप्त भएको थियो ।

# अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

प्रस्तुत अध्ययन विद्यालय तहको शिक्षकहरुले प्रयोग गरेका उत्प्रेरणाहरु पत्ता लगाउनुमा केन्द्रित रहेको थियो । छनौटमा परेको विद्यालय संखुवासभा जिल्ला जलजला गाविस वडा नं. ८ मा स्थित सामुदायिक विद्यालय श्री जलजला माध्यमिक विद्यालय रहेको थियो । अध्ययनको क्रममा सुचनाहरु संकलन गर्नका लागी सम्वन्धीत शीर्षकको दस्तावेज अध्ययन, शिक्षक अन्तर्वार्ता निर्देशिका, विद्यार्थी लक्षित समुह छलफल र कक्षा अवलोकन फारम जस्ता साधनहरुवाट गरिएको थियो । उक्त सुचनाहरुको ब्याख्या र विश्लेषण अध्याय चारमा गरिएको थियो । अध्याय चारमा गरिएको ब्याख्या र विश्लेषणबाट निम्नानुसारको प्रप्ति, निष्कर्ष र सुझवहरु निकालिएको छ ।

### ५.१ प्राप्ति

विद्यालय तहमा शिक्षकले प्रयोग गरेका उत्प्रेरणाहरु शीर्षकमा गरिएको यस अध्ययनमा उद्देश्य अनुरुप सुचना संकलनका साधनहरु प्रयोग गरी प्राप्त भएका तथ्यहरुलाई अध्याय चारमा विश्लेषण र ब्याख्या गरी प्राप्त भएका मुख्य मुख्य तथ्यहरुलाई प्राप्तिको रुपमा तल प्रस्तुत गरिएको छ ।

- उक्त विद्यालयमा उत्प्रेरणाको लागि शैक्षिक सामाग्रीहरुको प्रयोगमा कक्षा र विषयअनुसार तस्विर, चार्ट, शब्दपत्ति, वाक्यपत्ति, गोजी चार्ट, ग्राफ पेपर, अडियो टेप, पात्रो, स्केल, कम्पास, प्रोटेक्टर, क्यालकुलेटर, Log table ,पेरियोडिक तालिका, सुक्ष्मदर्शक यन्त्र, तराजु, लेन्स, नक्सा, ग्लोव, वास्तविक साधनहरु, जानकारी मुलक पत्रिका, कागज, टेप, गम, गिलो माटो, वास्तविक मादल, विभिन्न रंगहरु, भलिबल, फुटबल, नेट, डोरी, सिठी, मिटर टेप, ब्यडमिन्टन सेट, टेवलटेनिस, कार्डपेपर र दैनिक उपयोगमा आउने सामाग्रीहरु प्रयोग गरी शिक्षण गराउने गरेको पाइयो ।
- विद्यालय तहमा उत्प्रेरणाको रुपमा शिक्षण विधिको प्रयोगमा प्रयोग गरिएको शिक्षण विधिहरुमा कक्षा र विषयअनुसार खेल विधि, कथाकथन, छलफल, ब्याख्यान, प्रश्नोत्तर, प्रर्दशन, भुमिका अभिनय, समस्या समाधान, अवलोकन, प्रयोगात्मक, खोज, परियोजना कार्य, आगमन निगमन जस्ता विधिहरु प्रयोग गरी शिक्षण गर्ने गरेको देखियो ।
- नवीन विषयवस्तुहरुको प्रयोग गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराउदा कक्षा र विषयअनुसार नै नयाँ नयाँ बालगीत, कथा कविताहरु, चुट्किलाहरु, बाल साहित्यहरु, नृत्य, नयाँ पुराना विभिन्न खेलहरु, बालपत्रिका, रेडियो टेलिभिजन समाचारबाट प्राप्त सुचनाहरु, पत्रपत्रिका, समसामयिक घटनाहरु, सन्दर्भ पुस्तकहरु, I.Q test, विभिन्न तस्विर, चार्टहरु, सामान्य ज्ञान, Email Enternet बाट प्राप्त जानकारीहरु, नयाँ नयाँ साहित्य सिर्जनाहरु जस्ता विषयबस्तुहरु समावेश गरी शिक्षण गर्ने गरेको पाइयो ।

- विद्यार्थीहरुलाई शिक्षण सिकाइमा उत्प्रेरित गराउनको लागि विद्यालयले विभिन्न अतिरिक्त क्रियाकलापहरु पनि संचालन गर्ने गरेको पाइयो । उक्त विद्यालयले संचालनमा ल्याएको अतिरिक्त क्रियाकलापहरुमा सांस्कृतिक कार्यक्रममा गीत, नृत्य र कविता प्रतियोगीता रहेको पाइयो । त्यस्तै हाजिरीजवाफ, वादविवाद, वक्तृत्वकला र खेल प्रतियोगीता संचालन गर्ने गरेको देखियो ।
- उक्त विद्यालयमा उत्प्रेरणाको रुपमा पुरस्कारको प्रयोग गर्दा विद्यार्थीहरुलाई कक्षाकार्य, गृहकार्य, अनुशासनको पालना, कक्षामा नियमितता, जेहेन्दार विद्यार्थीलाई प्रत्येक कक्षामा छनौट गरी पुरस्कार प्रदान गर्ने गरेको पाइयो । विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागी भइ प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने त्यस्तै वार्षीक परीक्षामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीहरुलाई पुरस्कारको व्यावस्था गर्ने गरेको पाइयो ।
- विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराउन उक्त विद्यालयका शिक्षकहरुले दण्डको पनि प्रयोग गर्ने गरेको पाइयो । जसमा लौरीले पिट्ने, कन्सीरी तानीदिने, साना कक्षाका विद्यार्थीहरुलाई उठबस गराउने, घुडाटेकाउने, कान तान्ने, झापड लगाउने र ठुला कक्षाका विद्यार्थीहरुलाई अगाडी लगेर उभ्याउने, कक्षाबाट बाहिर निकाल्ने गरेको पाइयो । त्यस्तै विभिन्न जनावरहरुको आवाज निकाल्न लगाउने, अफीस कोठामा लगेर पिट्ने जस्ता क्रियाकलापहरु प्रयोग गरी दण्डको प्रयोग गर्ने गरेको पाइयो ।
- उक्त विद्यालयमा उत्प्रेरणाको लागि सिकाइमा प्रतिस्पर्धा र सहयोगको वातावरण पनि सिर्जना गराउने गरेको पाइयो । जसमा कक्षाकार्य, समुह कार्य, विभिन्न अतिरिक्त क्रियाकालपहरु, विभिन्न प्रतिभाहरु, सामान्य ज्ञान, I.Q test, विषयवस्तुमा दक्षता, चित्रकला, व्याख्या वर्णन, समस्या समाधान, प्रस्तुतिकरण जस्ता पक्षहरुमा कक्षा र विषयवस्तुअनुसार प्रतिस्पर्धा र सहयोग गराइ आवश्यक पक्षमा सहयोगको वातावरण निर्माण गर्ने गरेको देखियो ।
- उत्प्रेरणाको प्रयोगमा मनोरञ्जनात्मक क्रियाकलापहरु पनि संचालन गरिने गरेको पाइयो । मनोरञ्जनात्मक क्रियाकलापहरुको संचालनमा उक्त विद्यालयमा विभिन्न गीतहरु गाउन लगाउने, सुनाउने, कथा कविताहरु सुन्न र भन्न लगाउने, नृत्य गर्ने र गर्न लगाउने, चुट्टकिलाहरु सुनाउने, दिमाग खियाउने प्रश्नहरु सोध्ने, विभिन्न खेलहरु खेलाउने, विभिन्न कुराहरुको नक्कल गर्न लगाउने, आर्ट गर्न लगाउने, बौद्धिक खेलहरु खेलाउने, अन्ताक्षरी खेलाउने जस्ता क्रियाकलापहरु रहेको पाइयो ।
- विद्यार्थीहरुको सिकाइ उपलब्धिको मापन गरी त्यसको परिणाम प्रकाशित गरेर पनि विद्यार्थीहरुलाई उत्प्रेरित गराउने गरेको पाइयो । परिणाम मापन गर्दाखेरी कक्षाकार्य, गृहकार्य, लेखनसीप, आर्ट वा कला, सिर्जनशिलता वा मौलिकता, विद्यालयमा उपस्थितिको मात्रा, विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागीता, अनुशासनको पालना, एकाइ परीक्षा र बार्षीक परीक्षाबाट उपलब्धिको मापन गरी Result प्रकाशन गर्ने गरेको पाइयो ।

- उत्प्रेरणाको लागि धिार्थीहरुको रुची अनुसारको शिक्षाणमा उक्त विद्यँलयमा साना कक्षा वा तल्ला कक्षाका विद्यार्थीहरु प्रायः विभिन्न खेल, कथा, कविता, वाचन, चुट्किला, अभिनय नाटक, गीत, नृत्य जस्ता रमाइला क्रियाकलापहरु संचालन गरी शिक्षण गरेको रुचाउने र सोही अनुसारको शिक्षण गराउने गरेको पाइयो । त्यस्तै माथिल्ला कक्षाका विद्यार्थीहरु सिर्जनात्मकता मौलिकता, उदाहरण, समसामयिक विषयसस्तुहरु, समस्या समाधान खोज, चुट्कीलाहरु, I. Q test, कक्षमा सहभागिता जस्ता क्रियाकलापहरु गर्न रुचाउने र सोही अनुसारको शिक्षण गराउने  गरेको पाइयो ।
- क्षमता अनुसारको शिक्षणमा विद्यार्थीहरुको क्षमतालाई ध्यान दिइ शिक्षण गर्ने र कुनै कुनै विद्यार्थीहरुलाई आवश्यक थप विशेष प्राथमिकताको आधारमा पनि शिक्षण गर्ने गरेको तथ्य शिक्षकहरुबाट पाइयो भने विद्यार्थीहरुका अनुसार भने कहिलेकाही क्षमता अनुसार शिक्षण नगर्ने विषयवस्तु अगाडि बढाउने हेतुले शिक्षण गर्ने गरको पाइयो । स्तर अनुसारको शिक्षणमा भने शिक्षकले विद्यार्थीहरुको स्तर अनुसार कै आधारमा शिक्षण गर्ने गरेको पाइयो । कहिलेकाही मात्र स्तर भन्दा बाहिरका विषयवस्तुहरु समावेश गराउने जसले विषयवस्तुलाई सहयोग गर्नेहोस् । यसरी क्षमता र स्तरको शिक्षण गराउनने गरेको पाइयो ।
- उत्प्रेरणाको लागि विद्यार्थीको सहभागिामा विद्यार्थीहरु विभिन्न पक्षहरुमा सहभागि भइ कक्षामा विद्यार्थीहरुको सहभागिता जनाउने गरेको पाइयो । जसमा गृहकार्य, कक्षाकार्य, गीत, नृत्य, कथाकविता, कक्षाकार्य समूहकार्य, विभिन्न खेलहरु, अतिरिक्त  क्रियाकलापहरु, प्रश्नोत्तर, समस्या समााधान, व्याख्या, वर्णन, विषयवस्तु प्रस्तुतीकरण, लेखनसीप, आर्ट वा कला, IQ test, समसामयिक जानकारी, परीक्षाहरु जस्ता क्रियाकलापहरुमा उक्त विद्यालयका विद्यार्थीहरु सहभागि हुने गरेको पाइयो ।
- उत्प्रेरणाको प्रयोगमा देखिने समस्याहरुमा विद्यालयबाट देखिने प्रमुख समस्याहरुमा यथेष्ट मात्रामा डेक्सबेन्च, नहुनु, कालोपाटीको रखाइमा ध्यान नदिनु, विभिन्न शैक्षिक सामग्रीको सही रुपमा सदुपयोग नहुनु, विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागि आवश्यक पर्ने विभिन्न शैक्षिक सामग्रीहरु उपलब्ध गराउन विद्यालयमा आर्थिक समस्या रहेको पाइयो  ।
- उत्प्रेरणाको प्रयोगमा शिक्षकहरुबाट देखिने समस्याहरुमा विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग नगर्नु, शैक्षिक सामग्री प्रयोगमा अल्छी गर्नु, पुरस्कारमाभन्दा दण्डमा ध्यान दिनु ,पृष्ठपोषण प्रदान नगराउनु, प्रतिस्पर्धा र सहयोगमा ध्यान नदिनु, मनोरञ्जनात्मक कृयाकलापमा ध्यान नदिनु, विद्यार्थीहरुको संगठन गरी कक्षाकोठामा उपयुक्त वातावरण निर्माण नगरिनु रहेको देखियो ।
- विद्यार्थीहरु नियमित रुपमा विद्यालय नआइ शिक्षण कार्यमा सक्रिय रुपमा सहभागी नहुने र कक्षा शिक्षणको समयमा पनि विभिन्न नकरात्मक क्रियाकलापहरु गर्ने, गृहकार्य जस्ता क्रियाकलापहरु नगर्ने, प्रतिस्पर्धात्मक रुपमा सिक्ने प्रयास गरी नबुझेका कुराहरु सोध्ने बानीको बिकास नगर्ने जस्ता समस्या रहेको पाइयो ।

- अभिभावकहरुले पनि विद्यालयमा नियमित रुपमा स्कुल नपठाउने, विभिन्न शैक्षिक सामग्रीहरु उपलव्ध नगराउने, प्रगति विवरणबारे जानकारी नलिने र विद्यार्थीहरुलाई पढ्ने समय उपलव्ध नगराउने जस्ता समस्या रहेको पाइयो ।
- उत्प्रेरणाको प्रयोगमा देखिएको समस्याहरुको समाधान गर्ने प्रयास पनि विद्यालयमा रहेको देखियो । जसमा विद्यालयमा भएका भौतिक, शैक्षिक सामग्रीहरुको हिफाजत गर्ने, आर्थिक समस्यालाई समुदाय र विद्यालयले नै समाधान गर्ने, शैक्षिक सामग्री र शिक्षण विधिको प्रयोगमा जोड दिइ विद्यार्थीहरुको सहभागिता बढाउने, विभिन्न पक्षहरुमा राम्रो विद्यार्थीहरुलाई पुरस्कृत गर्ने, विभिन्न नकारात्महक क्रियाकलापहरु गर्नबाट विद्यार्थीहरुलाई जोगाउने, सहयोगी वातावरण निर्माण गरी नबुझेको विषयवस्तुमा विद्यार्थीहरुलाई प्रश्न गर्न लगाइ स्पष्ट पारीदिने, विद्यार्थीहरुको शिक्षणक्रियाकलाप प्रति अभिभावकहरुलाई सचेत गराइ आर्थिक अवस्था कमजोर विद्यार्थीलाई सचेत गराइ आर्थिक अवस्था कमजोर विद्यार्थीहरुलाई विशेष सुविधा प्रदान गरी शिक्षणमा सहभागिता गराउने जस्ता उपायहरुको अवलम्बन गरी समस्याहरुको समाधान गर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

विद्यालय तहमा शिक्षकहरुले प्रयोग गरेका उत्प्रेरणाहरु पत्ता लगाउन गरिएको अध्ययनमा जलजला माध्यमिक विद्यालय विहिवारेवाट सुचनाहरु संकलन गरी सुचनाहरुको ब्याख्या र विश्लेषण गरी प्राप्तिको आधारमा यो निष्कर्षमा पुग्न सकिन्छ ।

विद्यालय तहमा उत्प्रेरणाको प्रयोगमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउन विभिन्न क्रियाकलापहरु संचालनमा ल्याई शिक्षण गर्ने गरेको पाइयो । उत्प्रेरणाको रुपमा शैक्षिक सामाग्रीहरुको प्रयोगमा कक्षा र विषयबस्तु अनुसार कहिलेकाही शैक्षिक सामाग्रीहरुको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो । उत्प्रेरणाको रुपमा शिक्षण विधिहरुको प्रयोगमा कक्षा र पाठअनुसार विभिन्न शिक्षण विधिहरु प्रयोग गर्ने गरेको भएपनि बढी मात्रामा शिक्षक केन्द्रित विधिहरु प्रयोग गर्ने त्यसमा पनि ब्याख्यान र प्रश्नोत्तर विधिहरुको प्रयोग भएको पाइयो । नवीन विषयवस्तुहरुको प्रयोग गरी शिक्षण गर्ने क्रममा विद्याथीहरुलाई समय समयमा प्राप्त भएका नवीन विषयवस्तुहरुको प्रयोग गर्ने गरेको पाइयो । तर नवीन विषयवस्तुहरुको प्रयोगको मात्रा आवश्यकताअनुसार उक्त विद्यालयमा न्युन नै रहेको देखिन्छ । अतिरिक्त क्रियाकलापहरु संचालनमा उक्त विद्यालयले समय तालीकाको निर्माण गरेर नै नियमित रुपमा अतिरिक्त क्रियाकलापहरु संचालन गरी विद्यार्थीहरुलाई सिकाइमा उत्प्रेरित गराएको पाइयो । उत्प्रेरणाको रुपमा पुरस्कार र दण्ड दुवैलाई प्रयोग गरी शिक्षण गर्ने गरेको जसमा पुरस्कारको तुलनामा दण्ड बढी प्रयोग गर्ने गरेको यस्तो अवस्था माथिल्लो स्तरका कक्षाहरुको तुलनामा तल्लो स्तरका विद्यार्थीहरुमा बढी हुने गरेको पाइयो ।

प्रतिस्पर्धा र सहयोग दुवैलाई उत्प्रेरणाको रुपमा प्रयोग गर्ने गरेको पाइयो । शिक्षकले कहिलेकाही मात्र यस्तो क्रियाकलापहरु संचालन गर्ने जसमा विद्यार्थीहरुविचमा प्रतिस्पर्धाको भावना हुने गरेको तर सहयोगी वातावरण चै कम हुने गरेको पाइयो । समयसमयमा मनोरञ्जनात्मक क्रियाकलापहरु संचालन गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराउने गरेको पाइयो । मनोरञ्जनात्मक क्रियाकलापहरु विशेषगरी साना कक्षाका विद्यार्थीहरुमा बढी मात्रामा गराउने तर ठुला कक्षाका विद्यार्थीहरुमाभ्m कमै मात्रामा संचालन गरेको पाइयो । विद्यार्थीहरुको विभिन्न शिक्षण क्रियाकलापहरुको मापन गरी त्यसको परिणाम प्रकाशित गरेर पनि विद्यार्थीहरुलाई उत्प्रेरित गराउने गरेको पाइयो । परिणाम प्रकाशितमा कहिलेकाही मात्र ध्यान दिने निरन्तर रुपमा भने परिणामहरुको जानकारी नगराउने गरेको पाइयो ।

विद्यार्थीहरुको रुची, क्षमता र स्तर अनुसारको शिक्षण गरी विद्यार्थीहरुलाई उत्प्रेरित गराउनका लागी शिक्षकहरुले विद्यार्थीहरुको रुची अनुसारको शिक्षण कमै मात्रामा गर्ने गरेको पाइयो । क्षमताअनुसारको शिक्षणमा पनि बढी मात्रामा विद्यार्थीहरुको क्षमतालाई भन्दा शिक्षकहरुले कोर्ष पुरा गर्ने उद्देश्यले शिक्षण गराउने गरेको पाइयो । त्यस्तै स्तर अनुसारको शिक्षण मा भने विद्यार्थीहरुको स्तर अनुसारकै शिक्षण गराउने गरेको पाइयो । उत्प्रेरणाको लागी विद्यार्थीहरुलाई सहभागी गराइ शिक्षण गराउने क्रममा उक्त विद्यालयमा कक्षा, विषय र पाठअनुसार प्रायजसो कुनै न कुनै रुपमा विद्यार्थीहरुलाई सहभागी गराएर नै शिक्षण गराउने गरेको पाइयो । उक्त विद्यालयमा विद्यार्थीहरुलाइ उत्प्रेरीत गराउनको लागी विभिन्न क्रियाकलापहरु गर्दा विभिन्न समस्याहरु सिर्जना हुने गरेको पाईयो जसमा भौतिक, आर्थिक, शैक्षिक र व्यवस्थापकिय समस्याहरु भएको पाईयो शिक्षकहरुवाट देखिने समस्याहरुमा शिक्षकहरु विद्यार्थी केन्द्रित भन्दा पनि शिक्षक केन्द्रित नै हुनु रहेको पाइयो त्यस्तै विद्यार्थीहरुले पनि सिकाइमा ध्यान नदिनु समस्याको रुपमा रहेको पाइयो । अभिभावकहरुले विद्यार्थीहरुको विद्यालयमा पढाइ प्रतिको जानकारी लिनमा चासो नराख्नु मुख्य समस्याको रुपमा रहेको पाइयो । उक्त विद्यालयले उत्प्रेरणको प्रयोग गर्दा देखापरेका समस्याहरुलाई समाधान गर्नको लागी विभिन्न उपायहरुको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो जसमा विद्यालयको भौतिक सामग्रीहरुको , शैक्षिक सामग्रीहरुको व्यावस्थापनमा ध्यान दीइ हीफाजत गर्ने गरेको पाइयो त्यस्तै आर्थीक समस्यालाई कम गर्न विद्यालय र समुदायले विशेष ध्यान दिने गरेको पाईयो । विद्यार्थीकेन्द्रीत शिक्षण क्रियाकलाप संचालनमा विशेष पहल गरी शिक्षण गर्ने, विद्यार्थीहरुको सहभागीता र अभिभावकहरुको शिक्षण प्रतिको धाराणालाई सकरात्मक पार्नमा विशेष पहल गरी समस्याहरुलाई समाधान गर्ने गरेको पाईयो ।

## ५.३ सुभ्mावहरु

विद्यालय तहमा शिक्षकहरुले प्रयोग गरेका उत्प्रेरणाहरु पत्ता लगाउन गरिएको यस अध्ययनमा सामुदायीक विद्यालय श्री जलजला माध्यमिक विद्यालय संखुवासभामा अध्ययन गरी प्राप्त भएका प्राप्ति र निष्कर्षहरु तथा देखिएका शैक्षिक समस्याहरु र गुणस्तरलाई सुधार गरी प्रभावकारी ढंगले उत्प्रेरणाको प्रयोग गर्नका लागी निम्न सुभ्mावहरु प्रस्तुत गरिएको छ ।

- उक्त विद्यालयमा विद्यार्थीहरुलाई उत्प्रेरित गराउनको लागी शैक्षिक सामाग्रीहरुको प्रयोग र व्यवस्थापनमा ध्यान दिनुपर्ने ।
- विद्यार्थीसंख्या अनुसार उपयुक्त मात्रामा डेक्स बेन्चहरु उपलब्ध गराउनु पर्ने ।
- शिक्षक केन्द्रित विधिहरुको प्रयोगमा भन्दा Learning by doing विधि अन्तर्गत पुर्ण रुपमा विद्यार्थी केन्द्रित विधिहरुको प्रयोगबाट शिक्षण गरीनुपर्ने ।
- विद्यालयमा विभिन्न नवीन विषयवस्तुहरु उपलब्ध गराइ उत्साहित वातावरणमा शिक्षण सिकाइ क्रियाकलापहरु संचालन गरीनुपर्ने ।
- अतिरिक्त क्रियाकलापहरुमा धेरै विद्यार्थीहरुलाई सहभागी गराउन विशेष पहल गरीनुपर्ने ।
- विद्याथीहरुलाई सिकाइ कार्यमा उत्सही बनाउन शिक्षण क्रियाकलापहरु प्रतिको परिणाममा उचित पुरस्कारको प्रयोग गर्नुपर्ने । दण्डको प्रयोग भन्दा पनि पुरस्कारको प्रयोगलाई विशेष ध्यान दिनुपर्ने ।
- शिक्षण सिकाइमा प्रत्येक विद्यार्थीहरुमा प्रतिस्पर्धाको भावना जगाउन सो अनुसारको क्रियाकलापहरु संचालन गरिनुपर्ने ।
- विद्यार्थीहरु र शिक्षकहरु विच एक आपसमा सुमधुर सम्वन्ध भइ सहयोगी वातावरणमा शिक्षण क्रियाकलाप संचालन गरीनुपर्ने ।
- समयसमयमा कक्षा, विषयवस्तु र पाठअनुसार मनोरञ्जनात्मक क्रियाकलापहरु संचालन गरीनुपर्ने ।
- विद्यालयमा विद्यार्थीहरुलाई शिक्षण क्रियाकलापहरुको निरन्तर रुपमा पृष्ठपोषण प्रदान गराउनुपर्ने ।
- विषयवस्तुको प्रकृति र गहिराई हेरी विद्यार्थीहरुको रुची, क्षमता र स्तरलाई मध्यनजर गरी प्रत्येक पाठ अनुसार शिक्षण विधि, शैक्षिक सामाग्री र मुल्याङ्कन प्रविधिको प्रयोग गरीनुपर्ने ।
- शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको सहभागीता गराइ विद्यार्थीहरुलाई सिकइका लागी उत्साहित बनाउनु पर्ने ।
- विद्यालयलाई सबल बनाउन शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिले आ-आफ्नो दयित्व वोध गरी नियमित रुपमा वैठक बसी, समुदायलाई परीचालन गरी स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी पुर्वाधार विकास र शिक्षक विद्यार्थी व्यवस्थापन उचित ढंगले गर्नुपर्ने ।
- शिक्षकको लागी आवश्यक शैक्षिक सामाग्रीहरु र विद्यार्थीहरुका लागी पाठ्यपुस्तक शैक्षिक सत्र शुरु हुनु अगाडी नै सरोकार वालाको हातमा नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभगको समन्वयमा जि.सि.का. मार्फत उपलब्ध गराउनु पर्ने ।
- कमजोर आर्थीक अवस्था भएका विद्यार्थीहरुलाई पहिचान गरी विशेष सहयोगका साथ शिक्षणमा सहभागी गराउनुपर्ने ।

## सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद (२०६९), *निम्न माध्यमकि शिक्षक दिग्दर्शन,* काठमाडौंः आषिश बुक्स हाउस प्रा.लि. ।

गौतम, प्रदिपचन्द्र (२०५३), *बालविकास र सिकाइ,* काठमाडौं : एम के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

गौतम, सुर्यप्रसाद, अन्य (२०६९), *शिक्षक अध्यापन अनुमति पत्र दिगदर्शन,* काठमाडौंः मकालु प्रकाशन गृह ।

नेपाल सरकार (२०६७), *शिक्षक शिक्षा,* शैक्षिक जनशत्ति विकास केन्द्र, भक्तपुर ।

पाठ्यक्रम तथा मूल्याङ्कन विद्यार्थी समाज (२०६५), *पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण,* त्रि.वि., कीर्तिपुर ।

पाठ्यक्रम तथा मूल्याङ्कन विद्यार्थी समाज (२०६६), *पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण,* त्रि.वि., कीर्तिपुर ।

पोखेल, मोहनमणि, (२०६४), *बालविकास र सिकाइ,* काठमाडौंः ए.वि. प्रिन्टिङ प्रेस, बागबजार ।

रेग्मी, मुरारीप्रसाद, (२०६३), *शैक्षिक मनोविज्ञान,* काठमाडौंः क्वेष्ट पब्लिकेशन, कीर्तिपुर ।

रेग्मी, मुरारीप्रसाद, अन्य (२०६७), *शैक्षिक मनोविज्ञान,* काठमाडौंः सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०५९), *शैक्षिक मनोविज्ञान,* काठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहीटी ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०६१), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहीटी ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०६५), *शैक्षिक मनोविज्ञान,* काठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहीटी ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०६६), *बालविकास र सिकाइ,* काठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहीटी ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०६७), *शैक्षिक मनोविज्ञान,* काठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहीटी ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०६७), *शिक्षाका आधारहरु,* काठमाडौंः एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहीटी ।

श्रेष्ठ, चन्द्रबहादुर, अन्य (२०६८), *बालविकास र सिकाइ,* काठमाडौंः भुँडीपुराण प्रकाशन, काठमाडौं ।

श्रेष्ठ, चन्द्रबहादुर, अन्य (२०६७), ***शैक्षिक मनोविज्ञान,*** काठमाडौंः भुँडीपुराण प्रकाशन, काठमाडौं ।

Andrew, Littlejohn (2001). *Motivation: Where does it come from ? Where does it go ?* www.aiuhs.org.

Frandson, A.N, (1967) *Educational Psychology,* MCGRAW HILL Book Company: ING. New York.

Bernard, Harold W. (1997). *Psychology of Learning and Taching*, MCGRAW-Hill Book Company, Nework.

Bhattarai, Radha, Kumari (2009). *Teachers' Dractices of Motivation in Teaching English.* An Unpublished Thesis, M.Ed. T.U., Kirtipur.

Chaudhan, S.S. (2007), *Advanced Educational Psychology*, Vikas Publishing House Pvt. Ltd. Delhi.

Gyanwali, A. (2007). *English Teachers' Motivational Techniques: A Case for Selected School in Dang, Deukhuri,* An Unpublished Thesis, M.Ed. T.U., Kirtipur.

Khaleeq, Abdur, Rahman (2008). *A Study of Motivation Techniques Used by Heads of Secondary Schools and Their Impact on the Performance of Teachers.* An Unpublished Ph.D. Thesis submitted to Arid Agriculture University, Rawalpindi, Pakistan.

Kocher, S.K ( 2001 ). *Methods and Technique of Teaching,* Sterling publicers Private Limited.

Mangal, S.K. (2010). *Advanced Educational Psychology.* PHL Learning Private Limited, New Delhi.

Maslow, Abrahm, H. (2003). *Motivation and Personality,* Pearsson Education Pte. Ltd. Indian Branch.

Neupane, Santosh (2011). *Teachers' Attitude Towards Motivation in Teching Mathmatics at Secondary Level.* An Unpublished Thesis, M.Ed. T.U., Kirtipur.

Petri, Herbert L. (1986). *Motivation theory and Research,* Wadsworth Publishing Company, Belmont, California.

Ready. M. (2006). *Educational Psychology,* Maxford Books, Delhi.

Regmi, Murari Prasad (1997). *The Psychology of Learning*, Shrivana Printers, Kathmandu.

Teacher's top ten: Top 10 ways to motivate your students, Retrived on (7/26/2013) from Http:// busyteacher.org/ 3644-how-to-motivate-est-students.html.

## अनुसूचि १
## विद्यार्थी लक्षित समूह छलफल निर्देशिका

१.	शिक्षक कुन समयमा कक्षामा प्रवेश गर्नुहुन्छ ..............................................
.................................................................................................................

२.	पाठको शुरुवात गर्नुभन्दा अगाडी के के गर्नुहुन्छ ..........................................
.................................................................................................................

३.	पाठको शुरुवात के कसरी गर्नुहुन्छ ........................................................
.................................................................................................................

४.	शिक्षकले विषयवस्तुअनुसार नयाँ नयाँ विधिहरुको प्रयोग कत्तिको मात्रामा गराउनु हुन्छ
.................................................................................................................

५	कुन कुन शिक्षण विधिहरुको प्रयोग गर्नुहुन्छ..............................................
.................................................................................................................

६.	सबैभन्दा बढी मात्रामा प्रयोग गर्ने विधि........................................................
.................................................................................................................

७.	सबैभन्दा कम मात्रामा प्रयोग गर्ने विधि........................................................
.................................................................................................................

८.	शैक्षिक सामग्रीहरुको प्रयोग के कती मात्रामा गराउनु हुन्छ...................................
.................................................................................................................

९.	प्रयोग गरिने शैक्षिक सामग्रीहरु के के हुन........................................................
.................................................................................................................

१०.	नवीन विषयवस्तुहरुको प्रयोग के कति मात्रामा गराउनु हुन्छ ................................
.................................................................................................................

११.	के कस्ता नवीन विषयवस्तुहरुवाट शिक्षण गराउनु हुन्छ .....................................
.................................................................................................................

१२.	के कस्ता अतिरिक्त क्रियाकलापहरुको प्रयोग गराउनु हुन्छ .....................................
.................................................................................................................

१३.	पुरस्कार र दण्डको प्रयोग के कति मात्रामा गराउनु हुन्छ .....................................
.................................................................................................................

१४.	प्रदान गरिने पुरस्कारहरु के के छन् ..........................................................
.................................................................................................................

१५.	के कस्ता खालका दण्डहरु प्रयोग गर्नुहुन्छ ...................................................
.................................................................................................................

१६. विभिन्न शिक्षण क्रियाकलापहरुमा प्रतिस्पर्धा र सहयोग के कसरी गराउनुहुन्छ ..............

....................................................................................................................

१७. के कस्ता शिक्षण क्रियाकलापहरुमा प्रतिस्पर्धा र सहयोग निर्माण गर्ने गरिन्छ ................

....................................................................................................................

१८. कक्षाकोठामा शिक्षण सिकाइको क्रममा प्रयोग गरिने मनोरञ्जनात्मक क्रियाकलापहरु के के हुन्.........................................................................................................................

१९. विभिन्न शिक्षण क्रियाकलापहरुप्रति विद्यार्थीहरुको उपलब्धीको मापन गरी परीणामको प्रकाशीत के कति मात्रामा गराउनु हुन्छ.........................................................................................

....................................................................................................................

२०. शिक्षकले विद्यार्थीहरुको रुची, क्षमता र स्तर अनुसारको शिक्षण के कति मात्रामा गराउनुहुन्छ....

....................................................................................................................

२१. शिक्षण सिकाइमा विद्यार्थीहरुको सहभागीता बढाउन के कस्ता क्रियाकलापहरु गराउनु हुन्छ..

....................................................................................................................

२२. विद्यार्थीहरुको सहभागीता के कस्ता क्रियाकलापहरुमा हुने गर्दछ................................

....................................................................................................................

२३. मुल्याङ्कन कार्य के कसरी गराउनु हुन्छ...........................................................

....................................................................................................................

२४. विभिन्न शिक्षण क्रियाकलापहरु गर्दा देखापर्ने समस्याहरु के कस्ता समस्याहरु देखा पर्दछ...

....................................................................................................................

२५. देखा पर्ने समस्याहरुलाई समाधान गर्नका लागी अपनाएका उपायहरु के के छन्............

....................................................................................................................

२६. शिक्षक कक्षाबाट कुन समयमा बाहिर जानुहुन्छ..................................................

....................................................................................................................

## अनुसूचि २

## शिक्षक अर्न्तावार्ता निर्देशिका

शिक्षकको नामः शिक्षकको तालिमः

योग्यताः विषय विशिष्टिकरणः

स्थायी/अस्थायीः उमेरः

अनुभवः लिङ्गः

१. उत्प्रेरणा सम्बन्धी तपाइको धारणा.............................................................
.................................................................................................................

२. उत्प्रेरणाले शिक्षण सिकाइमा कसरी प्रभाव पार्दछ.........................................
.................................................................................................................

३. शिक्षण सिकाइमा उत्प्रेरणाको प्रयोग गर्नुहुन्छ .............................................
.................................................................................................................

४. विद्यार्थीहरुलाई कक्षाकोठमा नियमित रुपमा उत्प्रेरणाको प्रयोग गर्नुहुन्छ................
.................................................................................................................

५. शिक्षण सिकाइमा के कस्ता उत्प्रेरणाहरु प्रयोग गरी शिक्षण गराउनु हुन्छ..............
.................................................................................................................

६. कक्षाकोठामा उत्प्रेरणा बढाउन के कस्ता उपायहरु अवलम्वन गराउनु हुन्छ
.................................................................................................................

७. उत्प्रेरणाका लागी के कस्ता शैक्षिक सामग्रीहरुको उपयोग गराउनु हुन्छ................
.................................................................................................................

८. तपाइको विषयमा प्रयोग गरिने शिक्षण विधिहरु के के हुन्..............................
.................................................................................................................

९. सबैभन्दा बढी प्रयोग हुने विधिहरु कुन कुन हुन्.......................................
.................................................................................................................

१०. सबैभन्दा कम प्रयोग गरिने शिक्षण विधिहरु कुन कुन हुन् ..........................
.................................................................................................................

११. उत्प्रेरणाको लागी के कस्ता नवीन विषयवस्तुहरुको प्रयोग गर्नुहुन्छ ................
.................................................................................................................

१२. शिक्षण सिकाइमा के कस्ता अतिरिक्त क्रियाकलापहरु प्रयोग गर्ने गरिन्छ............
.................................................................................................................

१३. शिक्षण सिकाइमा पुरस्कार र दण्डको प्रयोग के कति मात्रामा गराउनुहुन्छ ..........

..........................................................................................................

१४. प्रदान गरिने पुरस्कारहरु के के हुन ........................................................

..........................................................................................................

१५. के कस्ता खालका दण्डहरुको प्रयोग गरेर शिक्षण गराउनु हुन्छ ........................

..........................................................................................................

१६. शिक्षण सिकाइ क्रियाकलापमा प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण गराउनु हुन्छ

..........................................................................................................

१७. के कस्ता शिक्षण क्रियाकलापहरुमा प्रतिस्पर्धा र सहयोगको वातावरण निर्माण गराउनु हुन्छ

..........................................................................................................

१८. उत्प्रेरणाको लागी शिक्षण सिकाइमा के कस्ता मनोरञ्जनात्मक क्रियाकलापहरु संचालन गराउनु हुन्छ ..........................................................................................

..........................................................................................................

१९. शिक्षण सिकाइमा विद्यार्थीहरुको उपलब्धीको मापन गरी परीणामको प्रकाशीत के कति मात्रामा गराउनु हुन्छ ...................................................................................

..........................................................................................................

२०. विद्यार्थीको रुची, क्षमता र स्तरअनुसारको शिक्षण के कसरी गराउनु हुन्छ ..........

..........................................................................................................

२१. विद्यार्थीहरुको सहभागीता बढाउन के कस्ता क्रियाकलापहरु संचालन गराउनु हुन्छ....

..........................................................................................................

२२. के कस्ता शिक्षण क्रियाकलापहरुमा विद्यार्थीहरु सहभागी हुने गर्दछन ..................

..........................................................................................................

२३. तपाइको विषयमा उत्प्रेरणाको उपयोग गर्दा देखा पर्ने सामस्याहरु के के हुन् ........

..........................................................................................................

२४. विद्यालयवाट देखिने समस्याहरु.............................................................

..........................................................................................................

२५. विद्यार्थीहरुबाट देखिने समस्याहरु..........................................................

..........................................................................................................

२६. शिक्षकवाट देखिने समस्याहरु ............................................................

..........................................................................................................

२७. अन्य समस्याहरु ........................................................................

..........................................................................................................

२८. उक्त समस्याहरुलाई समाधान गर्दा के कस्ता उपायहरु अपनाउनु हुन्छ .............

..........................................................................................................

## अनुसूचि ३

## कक्षा अवलोकन फारम

१. शिक्षक प्रवेश गरेको समय :

.............................................................................................................

२. पाठको शुरुवात गर्नु अगाडि गरेको क्रियाकलाप :

.............................................................................................................

३. पाठको शुरुवात गराइएको तरिका :

.............................................................................................................

४. विषयवस्तुमा विद्यार्थीहरुलाई उत्प्रेरित गारउन प्रयोग गरेको उत्प्रेरणाहरु :

.............................................................................................................

५. के कस्ता शिक्षण सामग्रीहरुबाट विद्यार्थीहरुलाई उत्प्रेरित गराइएको थियो :

.............................................................................................................

६. कुन कुन शिक्षण विधिको प्रयोग गरेर शिक्षण गराइएको थियोः

.............................................................................................................

७. शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता के कसरी गराइएको थियो :

.............................................................................................................

८. व्यक्तिगत कार्य, समूहगत कार्यबाट विद्यार्थीहरुलाई उत्प्रेरित गराइएको अवस्थाः

.............................................................................................................

९. के कस्ता शिक्षण क्रियाकलापहरुमा प्रतिस्पर्धात्मक र सहयोगी वातावरण निर्माण गरी शिक्षण सिकाइ गराइएको थियो :

.............................................................................................................

१०.	पुरस्कार र दण्डको प्रयोग के कति मात्रामा गरीएको थियो :

..................................................................................................................

११.	विद्यार्थीहरुको रुची, क्षमता, स्तर र इच्छा अनुसारको शिक्षण सिकाइ क्रियाकलाप के कस्तो रह्यो :

..................................................................................................................

१२.	के कस्ता अतिरिक्त क्रियाकलापहरुको प्रयोग गरिएको थियो :

..................................................................................................................

१३.	मनोरञ्जनात्मक वातावरणको सिर्जना गराइको स्थिति :

..................................................................................................................

१५.	नवीन विषयवस्तुहरको प्रयोगको अवस्था :

..................................................................................................................

१६.	कक्षा शिक्षणमा विविधता कस्तो रह्यो :

..................................................................................................................

१७.	विद्यार्थीका प्रतिक्रियाप्रतिको पृष्ठपोषण कस्तो थियो :

..................................................................................................................

१७.	शिक्षण सम्बन्धी नयाँ नयाँ तरिकाहरु (Techniques) प्रयोग गरी शिक्षण गरेको अवस्था :

..................................................................................................................

१८.	कक्षाकोठामा विद्यार्थी संख्याअनुसार डेक्स, बेन्चहरुको प्रयाप्तता के कस्तो थियो :

..................................................................................................................

१९.	कक्षा कोठाको व्यवस्थापन के कस्तो थियो :

..................................................................................................................

२०.	मूल्याङ्कन गराइएको अवस्था :

..................................................................................................................

२१.	गृहकार्य दिएको वा नदिएको :

..................................................................................................................

२२.	शिक्षक बाहिरीएको समय :

..................................................................................................................

## अनुसुची ४

## विद्यालयमा अध्यापनरत शिक्षकहरुको पृष्ठभुमि

| क्र. सं. | शिक्षकको नाम | योग्यता | उमेर | लिंग | स्थायी/ अस्थायी | अनुभव | विशिष्टिकरण | तालिम |
|---|---|---|---|---|---|---|---|---|
| १ | राम ब. श्रेष्ठ | S.L.C | ५६ | पु. | स्थायी | ३२ वर्ष | | प्राप्त |
| २ | रेनुका श्रेष्ठ | S.L.C | ४७ | म. | स्थायी | २४ वर्ष | | प्राप्त |
| ३ | इन्द्र प्रसाद श्रेष्ठ | M.A,B. Ed | ३६ | पु. | अस्थायी | १० वर्ष | अर्थशास्त्र, सामाजिक | प्राप्त |
| ४ | शेर ब. कटुवाल | S.L.C | ४५ | पु. | स्थायी | २२ वर्ष | | प्राप्त |
| ५ | रामानन्द गुप्ता | I.Sc | ४० | पु. | अस्थायी | १५ वर्ष | विज्ञान | प्राप्त |
| ६ | प्रेम कु. तामाङ्ग | एम.एड | ३० | पु. | अस्थायी | ५ वर्ष | अंग्रेजी | नभएको |
| ७ | सुमुना श्रेष्ठ | बि.एड | ५४ | म. | स्थायी | २७ वर्ष | जनसंख्या | प्राप्त |
| ८ | दिपक कु. घिमिरे | आइ.एड | ४६ | पु. | स्थायी | २३ वर्ष | नेपाली | प्राप्त |
| ९ | सन्देश मास्के | बि.ए.सी | २३ | पु. | निजी स्रोत | ३ वर्ष | विज्ञान,गणित | नभएको |
| १० | कमल अधीकारी | बि.एड | ४८ | पु. | स्थायी | २४ वर्ष | सामाजिक | प्राप्त |
| ११ | हस्त ब. तामाङ्ग | बि.एड | ३३ | पु. | अस्थायी | ९ वर्ष | गणित | प्राप्त |
| १२ | सपना श्रेष्ठ | बि.एड | २८ | म. | निजी स्रोत | ६ वर्ष | सामाजिक | नभएको |
| १३ | शंखर बस्नेत | S.L.C | ४१ | पु. | निजी स्रोत | १६ वर्ष | | नभएको |
| १४ | इन्दीरा भट्टराई | बि.एड | २९ | म. | अस्थायी | ६ वर्ष | नेपाली | नभएको |
| १५ | बाल कु. खड्का | आइ. एड | २८ | म. | निजी स्रोत | ५ वर्ष | स्वस्थ्य | नभएको |

(स्रोत : स्थलगत अध्ययन, २०७०)